
# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

| वर्ष २५, अङ्क १५ | २०७३, मङ्सिर १–१५ | पूर्णाङ्क ५८५ |
|---|---|---|



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**प्रकाशन, सञ्चार तथा सम्पादन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्बबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोदकुमार यादव
सि.क.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सहायक डिजायनर श्री रसना बज्राचार्य
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | ४ | इजलास नं. ७ | २ |
| संयुक्त इजलास | ५ | इजलास नं. ९ | २ |
| इजलास नं. १ | १९ | इजलास नं. १२ | १ |
| इजलास नं. २ | ५ | इजलास नं. १३ | १ |
| इजलास नं. ३ | ६ | इजलास नं. १७ | १ |
| इजलास नं. ४ | १ | पूर्ण इजलासमा पेस हुने | १ |
| इजलास नं. ५ | ३ | जम्मा | ८ |
| इजलास नं. ६ | ३ | | |
| जम्मा | ४६ | कूल जम्मा | ४६ + ८ = ५४ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७३, मङ्सिर – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०–०१–३३३–५५

वा

**इमेल ठेगाना**

## cjs@supremecourt.gov.np

मा सम्पर्क गर्न सकिने छ।

---

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१ - ५** |
| १. | उत्प्रेषण / परमादेश | शोभनदेव पन्त वि. संगीता त्रिपाठी | |
| २. | अंश चलन | हेरामाया भन्ने माया महर्जनसमेत वि. उत्तमदेवी महर्जनसमेत | |
| **संयुक्त इजलास** | | | **५ - ९** |
| ३. | उत्प्रेषण / परमादेश | प्रेरणा राज्यलक्ष्मी सिंह वि. नेपाल सरकार मन्त्रिपरिषद्समेत | |
| ४. | उत्प्रेषण / परमादेश | प्रेमबहादुर सिंह वि. समियान यादवनीसमेत | |
| ५. | निषेधाज्ञा | अ.वा. सुजित धौबन्जार वि. पुरूषोत्तम घिमिरे | |
| ६. | उत्प्रेषण | अधिवक्ता श्रीप्रसाद पण्डितसमेत वि. सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |

| **इजलास नं.१** | | | **९ - २५** |
|---|---|---|---|
| ७. | उत्प्रेषण / परमादेश | कुन्जीलाल कुर्मी वि. अनुष्का श्रीवास्तवसमेत | |
| ८. | हक हिस्सा छुट्याई पाउँ (दर्ता फारी) | पुष्प खड्गी वि. कुलनारायण खड्गी | |
| ९. | उत्प्रेषण / परमादेश | अच्युतप्रसाद पौडेलसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौंसमेत | |
| १०. | निषेधाज्ञा / परमादेश | शंकर साहसमेत वि. रामजी दाश वैरागी | |
| ११. | बैंकिङ कसुर | दीपकबहादुर श्रेष्ठ वि. नेपाल सरकार | |
| १२. | कर्तव्य ज्यान | धनमाया तामाङ वि. नेपाल सरकार | |
| १३. | वैदेशिक रोजगार ठगी | श्रीप्रसाद गुरूङ वि. नेपाल सरकार | |

| | | |
|---|---|---|
| १४. | नामसारी निर्णय बदर र हक कायम | कमलकृष्ण प्रजापती वि. कृष्ण प्रजापती |
| १५. | अबण्डा जग्गा बण्डा गरिपाउँ | ज्ञानुप्रसाद उपाध्याय वि. कमलकुमार उपाध्यायसमेत |
| १६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. किशनकुमार चौधरीसमेत |
| १७. | किर्ते जालसाज | दिगम्बर यादव वि. मुनिया यादव |
| १८. | परमादेश / प्रतिषेध | मुनिशंकर चौधरी वि. विणा चौधरीसमेत |
| १९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामबहादुर (नाम परिवर्तित) |
| २०. | कर्तव्य ज्यान | छलिमाया परियार वि. नेपाल सरकार |
| २१. | लागु औषध हेरोइन | शिवशंकर लामा वि. नेपाल सरकार |
| २२. | परमादेश | राकेश साह वि. इलाका प्रहरी कार्यालय, गौशाला महोत्तरीसमेत |

| | | |
|---|---|---|
| २३. | अंश चलन | सुमनकुमार प्रधान वि. सुरेन्द्रकुमार प्रधानसमेत |
| **इजलास नं. २** | | **२५ - २९** |
| २४. | बन्दी प्रत्यक्षीकरण | नवराज शर्मा वि. कारागार कार्यालय, रूकुमसमेत |
| २५. | उत्प्रेषण / परमादेश | रामलता ठाकुर वि. मालपोत कार्यालय, धनुषासमेत |
| २६. | कर्तव्य ज्यान | रामबहादुर चौधरी वि. नेपाल सरकार |
| २७. | कर्तव्य ज्यान | खड्कमान रानामगर वि. नेपाल सरकार |
| २८. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | गंगा खनाल वि. नेपाल सरकार |
| **इजलास नं. ३** | | **२९ - ३८** |
| २९. | उत्प्रेषण / परमादेश | मैया रञ्जितकार वि. पुनरावेदन अदालत, पाटनसमेत |

| | | |
|---|---|---|
| ३०. | कर्तव्य ज्यान | बाबु भन्ने राजकुमार दमाई वि. नेपाल सरकार |
| ३१. | उत्प्रेषण / परमादेश | राजकरण मुखिया वीन वि. पुनरावेदन अदालत, हेटौंडासमेत |
| ३२. | मानव बेचविखन | शोभा चन्द वि. नेपाल सरकार |
| ३३. | परमादेश | अधिवक्ता राजु थापासमेत वि. नेपाल सरकार |
| ३४. | अदालतको अवहेलना | अधिवक्ता प्रकाशमणी शर्मासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| **इजलास नं. ४** | | **३८ - ३९** |
| ३५. | कर्तव्य ज्यान | प्रेमबहादुर सुनार वि. नेपाल सरकार |
| **इजलास नं. ५** | | **३९ - ४२** |
| ३६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शर्मिला राई |
| ३७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कनैया चौधरी |
| ३८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. थोक्चम शोवा |
| **इजलास नं. ६** | | **४२ - ४४** |
| ३९. | मापदण्ड विपरीत निर्माण कार्य गरेको | राधाकृष्ण श्रेष्ठ वि. काठमाडौं उपत्यका नगर विकास योजना |
| ४०. | गैंडा मारी खाग बिक्री व्यवसाय | नेपाल सरकार वि. सूर्यबहादुर सुनारीमगर |
| ४१. | उत्प्रेषण / परमादेश | राजेन्द्र महर्जन वि. कान्छा महर्जनसमेत |
| **इजलास नं.७** | | **४४ - ४६** |
| ४२. | उत्प्रेषण | गगन ठकुरी वि. काठमाडौं महानगरपालिका, बागदरबार सुन्धारा, काठमाडौंसमेत |
| ४३. | कर्तव्य ज्यान | प्रेम ढकाल कामी वि. नेपाल सरकार |
| **इजलास नं.९** | | **४६ - ४७** |
| ४४. | मानव बेचबिखन तथा ओसारपसार | निर्मला खवास वि. नेपाल सरकार |

| | | | |
|---|---|---|---|
| ४५. | उत्प्रेषण | दीपज्योती एजुकेसन फाउन्डेसन प्रा.लि.समेत वि. श्रम अदालत, अनामनगर काठमाडौंसमेत | |
| **इजलास नं.१२** | | | **४७ - ४८** |
| ४६. | उत्प्रेषण / परमादेश | गोमा के.सी. वि. सामान्य प्रशासन मन्त्रालयसमेत | |
| **इजलास नं.१३** | | | **४८ - ४९** |
| ४७. | रकम दिलाइ पाउँ | अशोककुमार तोदी वि. उदयश्री चिया उद्योग प्रा.लि. समेत | |

| | | | |
|---|---|---|---|
| **इजलास नं.१७** | | | **४९ - ५०** |
| ४८. | किर्ते ठगी | नेपाल सरकार वि. पदमबहादुर गुरूङ | |
| **पूर्ण इजलासमा पेस हुने** | | | **५० - ५२** |
| ४९. | सवारी ज्यान | नेपाल सरकार वि. परमेश्वर राउत भन्ने कुलेश्वर राउत | |

## पूर्ण इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-NF-०००१, उत्प्रेषण / परमादेश, *काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका, वडा नं. १ दरबारमार्गस्थित कर्पोरेट कार्यालय रहेको लुम्बिनी बैंक लिमिटेडको अख्तियारप्राप्त प्रमुख कार्यकारी अधिकृत शोभनदेव पन्त वि. संगीता त्रिपाठी*

बैंकबाट लिएको ऋणको साँवा ब्याज भुक्तानी गर्ने प्रथम दायित्व सम्बन्धित ऋणीमा रहने हुन्छ । ऋणीबाट ऋण असुलउपर हुन नसकेमा जमानतको लिखतमा उल्लिखित रकमको हकमा जमानत गरीदिने व्यक्तिमा दायित्व सर्ने हुन्छ । प्रस्तुत विवादमा ऋणी हारती वायर इण्डष्ट्रिज प्रा.लि.ले कर्जाको साँवा ब्याज चुक्ता नगरेपछि जमानतको अङ्क बराबरको रकम तिर्ने दायित्व निवेदिकामा सर्न आउने हुँदा जमानतअनुसार आफूले कबुल गरेको रकम तिर्न आउनु भनी निवेदिकालाई उचित मौका तथा सूचना दिनुपर्नेमा कुनै सूचना दिएको देखिँदैन । हारती वायर इण्डष्ट्रिज प्रा. लि.लाई कर्जा चुक्ता गर्न आउनु भनी दैनिक पत्रिकामा प्रकाशित गरेको सूचनाले यी निवेदिकालाई समेत समेट्छ भन्न नमिल्ने ।

जमानीको सिद्धान्तअनुसार मुख्य कारणीले तिर्नुपर्ने ऋण निजबाट असुलउपर नभएमा वा वहन गर्नुपर्ने दायित्व निजले पूरा गर्न नसकेमा जमानतकर्ताले कबुल गरेको रकम निजले लेखिदिएको सुरक्षणबाट असुलउपर गरी दायित्व वहन गराइन्छ । यसरी जमानतकर्ताको दायित्व असीमित हुने नभई जमानी बसेको अङ्कसम्म सीमित हुने हुन्छ । जमानीको दायित्व निजले कबुल गरेको रकमको हदसम्म मात्र सीमित हुने हुँदा जमानीकर्ताले आफूले कबुल गरेको रकम तिरे बुझाएमा सोबापत निजले सुरक्षणको रूपमा दिएको धितो फरफारक हुन सक्दैन भन्न मिल्दैन । जमानतसम्बन्धी करारअनुसार जमानीकर्ताको दायित्व पालना गराउने सन्दर्भमा जमानतको दायित्व पूरा गर्ने जानकारीको सूचनासहितको उचित मौका जमानत कर्तालाई प्रदान गर्नुपर्ने हुन आउने ।

कुनै व्यक्तिले आफ्नो हकभोगको सम्पत्ति धितो जमानत लेखी दिएको भन्दैमा उक्त सम्पत्तिमाथि कुनै अधिकारै राख्दैन भनी अर्थ गर्नु मनासिब हुँदैन । जमानतकर्ताले कबुल गरेको रकम बराबरको ऋण तिर्नु भनी जमानत दिनेलाई सूचना नदिनुका साथै जमानीको दायित्व पूरा गर्ने अवसरसमेत नदिई आफैंले लिलाम सकार गरेको विपक्षी बैंकको काम कारवाही कानूनसम्मत नदेखिने ।

बैंकले कानूनको अख्तियारी प्रयोग गरी लिलाम गर्दछ भने त्यो न्यायोचित रूपमा भएको देखिनु पर्छ । आफूले लिएको धितो अवमूल्यन गर्ने अनि आफैँ सकार गर्ने बैंक सञ्चालक समितिको कार्य स्वच्छ बैंकिङ अभ्यासभित्र पर्छ भन्न मिलेन । बैंकले धितो लिलाम सकार गरेपछि पनि आफूले सकारेको मूल्य तिरी जमानतकर्ताले तत्कालै आफ्नो सम्पत्ति फिर्ता लैजान चाहेमा सम्बन्धित धितोवालालाई सो अवसर दिनु न्यायोचित हुन्छ । धितो अवमूल्यन गर्ने अनि आफैँले छिटोछिटो सकार गर्ने प्रवृतिले ऋण असुल गर्नेभन्दा पनि धितोमा रहेको सम्पत्तिमा हस्तक्षेप गर्न खोजेको देखिन जान्छ । जसबाट बैंकले ऋणीप्रति गरेको व्यवहार न्यायोचित र स्वच्छ नभई शोषणजन्य हुन जाने हुन्छ । तसर्थ इजाजत प्राप्त संस्थाले प्रवाह गर्ने ऋण, लगानीकर्ता (investors) र निक्षेपकर्ता (Depositors) को रकममध्येबाटै हुने भएकाले त्यस्तो

ऋणलाई डुब्न पनि दिनु हुँदैन र अनावश्यकरूपमा ऋणीलाई शोषणसमेत गर्न नहुने।

बैंकले घाटाको व्यापार गर्नुपर्छ भन्ने होइन। तर बैंक र यसका ग्राहक ऋणीबीचको सम्बन्ध आ-आफ्नो हितको प्रतिस्पर्धा गर्ने नभई दुबैको हित र एकआपसको पारस्परिक र परिपूरक सहयोग गर्ने प्रकृतिको हुनुपर्छ । यस्तो सिद्धान्तबाट बैंकिङ कारोबारहरू निर्देशित हुनु जरूरी हुन्छ। अन्यथा बैंकलाई लाभैलाभ हुने र ऋण लिनपर्ने बाध्यताको फाइदा उठाई ऋणीलाई आर्थिक र कानूनी हिसाबले बोझपूर्ण सर्तहरू समावेश गरी लगानीकर्ताको अधिनस्थ पर्ने, पार्ने नियत राखेमा बैंक र यसका ग्राहकबीच सन्तुलित सम्बन्ध विकसित हुन सक्दैन्। जसले अर्थतन्त्रमा सकारात्मक योगदान दिनुको सट्टा नकारात्मक प्रभाव पार्न सक्छ । बैंकले ऋणी वा जमानत दिनेको सम्पत्ति लिलाम गराउनेतर्फ भन्दा ऋणको उद्देश्य कार्यान्वयन गरी लाभदायक स्थिति खडा गर्न सहयोग गर्नु पर्दछ। ऋणीको सम्पत्ति नै लिलाम गर्नुपर्ने अवस्था आइपर्छ भने या त ऋण लगानीको निर्णय नै गलत थियो वा ऋणीले ऋण दुरूपयोग गरेको हुनुपर्दछ । प्रस्तुत विवादमा बैंकको ऋण दुरूपयोग भएको छ भन्ने मिसिलबाट देखिन आएको देखिँदैन। बैंकको उद्देश्य यस्तो विषम स्थिति खडा गर्ने हुन सक्दैन । बैंकको उद्देश्य उत्पादनशील उद्यम गर्न सहयोग गर्ने हुनुपर्दछ र सोहीअनुकुलको व्यवहार पनि देखिनु पर्छ । बैंकले ऋणीलाई समाप्त गर्ने र ऋणीको सम्पत्तिबाट अनुचित लाभ हासिल गर्ने दृष्टिकोण राखी व्यवहार गरेमा सो ग्राह्य वा न्याय सङ्गत हुन नसक्ने।

जमानत गरिदिने व्यक्तिले आफूले मन्जुर गरेको जमानतको रकम दाखिला गरेको खण्डमा निजले सुरक्षणको रूपमा दिएको सम्पत्ति पूर्ववत् जमानत सुरक्षणको रूपमा रोक्का राखिरहनु औचित्यपूर्ण नहुने।

जमानतको कागज गर्दा ऋण साधन नभएसम्म जमानीले दायित्व व्यहोर्नु पर्ने गरी अथवा जमानी दिनेको सम्पत्ति फुकुवा नहुने प्रकृतिको विवरण समावेश गरिएको छ भन्ने पनि तर्क गर्न सकिएला तर जमानीलाई ऋणीकै स्थानमा राख्ने गरी लिखत गर्ने गराउने अनावश्यक सर्त घुसाउनेजस्ता कार्य तथा व्यवहारहरू स्वच्छ र उचित मान्न सकिँदैन । यथार्थमा बैंकहरूले असल लगानीकर्ताको व्यवहार देखाउनु पर्छ । जमानीको सान्दर्भिक र वाञ्छित हदभन्दा बढी विस्तार गरी कागज गर्ने गराउने प्रवृत्ति सिद्धान्ततः उचित हुँदैन। त्यसैले त्यस्तो प्रयासहरू ठीक देखिँदैन। तसर्थ बैंकहरूले लिखत गराउँदाको ढाँचामा र शैलीमा परिवर्तन गर्नसमेत जरूरी देखिने।

प्रस्तुत विवादमा बैंक र ऋणीबीच हुने ऋणसम्बन्धी कारोबारमा निश्चित रकमको सीमा तोकी सो बराबरको रकमको जमानत बसी त्यसबापत आफ्नो नामको सम्पत्ति धितो स्वरूप सुरक्षणमा राखेकोमा बैंक र जमानतकर्ताबीच गरिने जमानतसम्बन्धी कागजको व्यहोरा, जमानतकर्ताको दायित्वको सीमा, जमानतकर्ताको दायित्व सिर्जना हुने अवस्था आदिका सम्बन्धमा स्पष्ट व्यवस्था हुनु आवश्यक देखिएको छ । त्यसैले बैंक तथा वित्तीय संस्थाहरूले लिने जेथा जमानत एवं लिलाम सम्बन्धमा सबै बैंक तथा वित्तीय संस्थाहरूका नाममा निम्नानुसारको निर्देशन जारी गरी दिएको छ।

(१) धितो सुरक्षणबापत जमानतकर्ता (जमानी दिने व्यक्ति) ले ऋणीले लिने कति ऋण रकमको हकमा जमानतको कागज गरेको हो सो जमानतको अङ्कको सीमा तोकी सोही सीमा हदमा सीमित रही जमानतकर्ताको दायित्व

स्पष्ट हुने गरी जमानतकर्ताको छुट्टै कागज गराउने।

(२) ऋणी तथा बैंकबीच वा जमानीकर्ता र बैंकबीच ऋण तथा जमानी सम्बन्धमा गरिएका लिखतहरूमा लेखिएका व्यहोरा र सर्तहरू सहजरूपमा पढ्न नसक्ने ढाँचामा लेखिने गरेको सन्दर्भमा त्यस्ता लिखतमा लेखिएका व्यहोरा एवं सर्तहरू सहजरूपमा पढ्न सकिने ढाँचामा तयार गर्ने गराउने।

(३) जमानतकर्ताले कबुल गरेकोभन्दा बढी अङ्कको दायित्व व्यहोर्नु पर्ने गरी प्रत्यक्ष वा परोक्षरूपमा कागज नगराउने।

(४) जमानतकर्ताले कबुल गरेको दायित्वबमोजिमको रकम सर्वप्रथम सम्बन्धित ऋणीबाट नै असूलउपर गर्ने, सम्बन्धित ऋणीबाट असुलउपर हुन नसकेमा जमानतकर्ताले कबुल गरेको सीमा हदसम्मको रकम निज जमानतकर्ताले दिएको सुरक्षण धितोबाट कानूनबमोजिम लिलाम गरी असुल गर्न सकिने भनी जमानतको सर्तनामामा उल्लेख गर्ने।

(५) जमानतकर्ताले देखाएको सम्पत्ति धितो सुरक्षणको रूपमा स्वीकार गर्नुपूर्व कानूनी प्रक्रिया पुरा गरी कच्चा सम्पत्ति हो वा पक्का हो, त्यसको मूल्य के कति पर्ने हो, यथार्थ मूल्य खुल्ने गरी मूल्याङ्कन गर्नुपर्ने।

(६) जमानतकर्ताले कबुल गरेको रकमबाहेक ऋणीको अन्य दायित्व सम्बन्धमा जमानतकर्ताको सम्पत्तिबाट असुलउपर नगर्ने।

(७) जमानतकर्ताले कबुल गरेको दायित्वको रकम सम्बन्धित ऋणीबाट असुलउपर हुन नसकेमा मात्र जमानतकर्ताले दिएको सुरक्षणबाट असुलीको प्रक्रिया अगाडि बढाउने।

(८) जमानतकर्ताले कबुल गरेको जमानतको रकम जुनसुकै समयमा दाखिला गर्न ल्याएमा बुझिलिई जमानत सुरक्षणको रूपमा राखेको सम्पत्ति फुकुवा गरिदिने।

(९) ऋणीले लिएको ऋणबापत जमानतको अङ्कको रकम जमानतकर्ताले दिएको धितो सुरक्षणबाट असुलउपर गर्नुपर्ने भएमा त्यस्तो सम्पत्तिको मूल्य निर्धारण गर्दा स्थानीय व्यक्तिहरूबाट गराएको पञ्चकीर्ते मूल्याङ्कन, प्राविधिकको मूल्याङ्कन, प्रचलित बजार मूल्य मालपोत कार्यालयबाट निर्धारित मूल्य, धितो सुरक्षण स्वीकार गर्दा निर्धारित मूल्यसमेतलाई मध्यनजर गरी मूल्य निर्धारण गर्ने गराउने गरी मापदण्ड बनाई लागू गर्ने।

(१०) वास्तविक र स्पष्ट आधार तथा कारणबेगर धितोको अवमूल्याङ्कित गरी मूल्य कायम नगर्ने।

(११) जमानतकर्ताले धितो सुरक्षणमा दिएको सम्पत्ति लिलाम गर्नुपर्ने भएमा सो लिलाम गर्नुपूर्व जमानतकर्तालाई निजले स्वीकार गरेको अङ्कहदको रकम दाखिला गर्नको लागि समय किटान गरी सूचना दिने।

(१२) जमानतकर्ताले तोकिएको सूचनाको समय सीमाभित्र जमानतपत्रमा आफूले मन्जुर गरेको रकम दाखिला गर्न नल्याएमा धितो सुरक्षणको सम्पत्ति लिलामको सूचना प्रकाशित गरी सोको सूचना जमानतकर्तालाई समेत प्रदान गर्ने।

(१३) बैंकले जमानत सुरक्षणमा रहेको सम्पत्ति लिलाम गर्दा अपनाउनु पर्ने प्रक्रिया तथा कार्यविधिका सम्बन्धमा छुट्टै नियमावली वा कार्यविधि वा निर्देशिका तयार गरी अनिवार्यरूपमा लागू गर्ने।

(१४) जमानत सुरक्षणको सम्पत्ति लिलाम मितिभन्दा

अगाडि वा लिलामपश्चात निश्चित समय सीमाभित्र जमानतकर्ताले जमानतपत्रको दायित्वबमोजिमको रकम दाखिला गर्न ल्याएमा बुझिलिई धितो फुकुवा गरी दिने।

इजलास अधिकृत : सुरेशराज खनाल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७२ साल पुस १६ मा रोज ५ शुभम्।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-DF-००१९, अंश चलन, *हेरामाया भन्ने माया महर्जनसमेत वि. उत्तमदेवी महर्जनसमेत*

वस्तुतः वादीका पति पिता नरराम महर्जनले प्राप्त गरेको कि.नं. ३०२ को हकको स्रोत भनेको मिति २०४९।९।७ को निजको जेठी सासू जमुना महर्जनबाट प्राप्त हालैदेखिको बकसपत्र रहेको कुरामा विवाद छैन। यसरी कि.नं. ३०२ को जग्गा वादी उत्तमदेवीका पति नररामले आफ्नो जेठी सासूबाट बकसपत्रबाट प्राप्त गरेको देखिएको हुँदा उक्त सम्पत्ति वादीहरूका पति पिताको निजी आर्जनको सम्पत्ति रहेको देखियो। नरराम महर्जनको मृत्युपश्चात निजकी पत्नी वादी उत्तमदेवीले आफ्नो नाममा उक्त जग्गा नामसारी गराई लिएको देखिँदा सो जग्गा पैतृक सम्पत्ति वा सगोलको सम्पत्तिबाट आर्जन वा खरिद गरी लिएको भन्न मिलेन। उक्त कि.नं. ३०२ को जग्गा अंशबण्डाको १८ नं. समेतले यी वादीको निजी हकको भई अन्य अंशियारको अंश हक नलाग्ने हुँदा सो जग्गाबाट प्रतिवादीहरूको अंश भाग नलाग्ने देखिने।

कि.नं. ३४७ र ३७९ को जग्गा वादीले राहुल विल्डवेललाई एक्काइस लाखमा बिक्री गरेकोले सो रकममा अंश दिलाई पाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर रहेको हुँदा सो सम्बन्धमा विचार गर्दा कि.नं. ३४७ र ३७९ को जग्गा मिति २०६०।०७।२७ मा वादीहरूले राहुल विल्डवेल प्रा.लि.लाई बिक्री गरेको देखिन्छ। वादीहरूले गरेको सो जग्गा बिक्री गरेउपर यी प्रतिवादीहरूले राजिनामा लिखत बदर गरिपाउँ भनी २०६२ सालको दे.नं. ३९८/७९० को लिखत बदर मुद्दा दायर गरेकोमा हदम्याद नाघी फिराद परेको भन्ने आधारमा ललितपुर जिल्ला अदालतबाट मिति २०६३।१२।२५ मा फिराद खारेज हुने ठहरी भएको फैसला अन्तिम भएर रहेको देखिएको छ। उक्त तथ्यलाई प्रतिवादीहरूले अन्यथा भन्न सकेको नदेखिने।

लिखत बदर मुद्दाको रोहमा दाबी खारेज भई प्रतिवादीले गरेको बिक्री व्यवहार सदर ठहर भइसकेपछि सो सम्पत्तिको मूल्यबाट आएको नगद रकमबाट अंश दिलाई पाउँ भन्ने दाबी आफैँमा विरोधाभाषपूर्ण देखिई कानूनसङ्गत देखिन आएन। जुन जग्गाको विषयमा प्रतिवादीहरूबाट पूर्वदाबी गरिएको हो सो दाबी नै खारेज भएको अवस्थामा सो जग्गा बिक्री गरी प्राप्त भएको रकमसमेत बण्डा हुनुपर्छ भनी पुनःअंश मुद्दाको रोहबाट प्रतिवादीहरूले लिएको दाबी पनि मनासिब देखिन नआउने।

तसर्थ उल्लिखित आधार कारणसमेत बाट कि.नं. ३०२ को जग्गा र सोमा बनेको घर, कि.नं. ३७९ र ३४७ को जग्गा बिक्री गरी प्राप्त गरेको रू. २१ लाख सगोलको ठहर गरी वादी प्रतिवादीमा अंश भाग लाग्ने भन्ने माननीय न्यायाधीश श्री भरतराज उप्रेतीबाट व्यक्त भएको राय मनासिब नहुँदा उक्त रायसँग सहमत हुन सकिएन। कि.नं. ३०२ को क्षेत्रफल ०-३-२-० जग्गा वादीको पति नररामले बकसपत्रबाट प्राप्त गरेको निजी आर्जनको जग्गा भएको देखिएको र सो जग्गामा बनेको घर सगोलको आर्जनबाट बनेको देखिने आधारभूत प्रमाण प्रतिवादीहरूले प्रस्तुत गर्न नसकेको

हुँदा अन्य अंशियारको अंश हक लाग्ने नभएको, कि.नं. ३७९ र ३४७ को जग्गा बिक्रीका सम्बन्धमा परेको लिखत बदर मुद्दा खारेज हुने ठहरेकोले सो जग्गा बिक्रीबाट प्राप्त रकममा प्रतिवादीले दाबी गर्न मिल्ने नदेखिएको तथा मोटरसाइकल र वादीले सञ्चालन गरेको चार लाख बराबरको खुद्रा पसलसमेतको सम्पत्ति सगोल सम्पत्ति नदेखिँदा सो सम्पत्तिबाहेक अन्य सम्पत्तिमा वादी दाबीबमोजिम चार भागको एक भाग अंश पुनरावेदक प्रतिवादीहरूबाट वादीले पाउने ठहऱ्याएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०६२।०२।२७ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६४।०२।१५ को फैसला सदर हुने गरी माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाहबाट व्यक्त भएको राय मनासिब हुँदा उक्त राय सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : सुरेशराज खनाल

इति संवत् २०७२ साल फागुन १३ गते रोज ५ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-CF-००१५, जालसाजी, *हेरामाया भन्ने माया महर्जनसमेत वि. उत्तमदेवी महर्जनसमेत*
- ०६८-DF-००२०, लिखत बदर, *हेरामाया भन्ने माया महर्जनसमेत वि. उत्तमदेवी महर्जनसमेत*

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७१-WO-०६२८, उत्प्रेषण / परमादेश, *प्रेरणा राज्यलक्ष्मी सिंह वि. नेपाल सरकार मन्त्रिपरिषद्समेत*

तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूको जेठा छोरा दीपेन्द्र शाह र कान्छा छोरा निराजन शाहको मिति २०५८।२।१९ मा देहावसान भएको तथ्यमा विवाद छैन । निजहरूको देहावसान भएपश्चात मात्र कि.नं. २५ को जग्गा मिति २०६२।२।६ मा रैकरमा परिणत भएको र सो मितिमा मात्र श्री ५ महाराजाधिराजको नाममा दर्ता भएको देखिन्छ । श्री ५ महाराजाधिराज भन्नाले नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २ बमोजिम राजगद्दीमा आसीन श्री ५ महाराजाधिराजलाई जनाउँछ । मिति २०६२।२।६ मा रैकरमा परिणत भई दर्ता भएको जग्गा मिति २०५८।२।१९ मा नै देहावसान भएका राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूको जेठा छोरा दीपेन्द्र शाह र कान्छा छोरा निराजन शाहको नाममा थियो भन्न तथ्यगतरूपमा मिल्ने नदेखिने।

नेपाल ट्रष्ट अध्यादेश र ऐन लागू हुनुभन्दा अगावै नै मिति २०६२।२।१० मा तत्कालीन "श्री ५ महाराजाधिराज" ज्ञानेन्द्र वीर विक्रम शाहदेवले दाईजो बकस दिएपछि निवेदिकाले प्राप्त गरेको देखिन्छ । तर राजा वीरेन्द्र, रानी ऐश्वर्यसमेतको नाममा रहेको सम्पत्ति मात्र नेपाल ट्रष्टमा ल्याउन बनेको कानूनको आधारमा तत्कालीन श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट आफ्नी छोरी यी निवेदिकालाई दाईजोमार्फत बकस दिई सकेको सम्पत्तिलाई पछि बनेको कानून देखाएर नेपाल ट्रष्टको स्वामित्वमा ल्याउन र निवेदिकाको हकको सम्पत्ति हरण गर्न नमिल्ने।

सम्पत्तिसम्बन्धी हक कानूनी हक हो । प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार

गर्ने हक प्रत्येक नागरिकलाई छ । दर्तावाला श्री ५ महाराजाधिराजबाट बक्स प्राप्त गर्दाको अवस्थामा बहाल रहेको नेपाल अधिराज्यको संविधान, २०४७ र हाल बहाल रहेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ ले पनि निवेदिकाको सम्पत्तिको हकलाई संरक्षण नै गरेको देखिन आउने ।

निवेदिकाले विपक्षीहरूले आफ्नो सम्पत्ति नेपाल ट्रष्टको स्वामित्वमा ल्याउने निर्णय गर्नुपूर्व आफूलाई नबुझी निर्णय गरेको कारण पनि नेपाल सरकारको निर्णय एवं काम कारवाही प्राकृतिक न्यायको सिद्धान्तविपरीत छ भन्ने जिकिर लिएको देखिन्छ । विपक्षीहरूको लिखित जवाफमा सो खण्डन हुने कुनै कुरा उल्लेख भएको देखिँदैन । कुनै सम्पत्तिको धारक वा भोगवालालाई नबुझी आफ्नो कुरा भन्ने मौका नदिई सो सम्पत्तिको सम्बन्धमा धारक वा भोगवालाको हकप्रतिकूल हुने गरी कुनै निर्णय गर्न मिल्ने हुँदैन । सम्पत्तिसम्बन्धी हक वा अन्य कुनै हकमा आघात पुग्ने कुनै निर्णय वा काम कारवाही गर्दा सम्बन्धित हकवालालाई सुनुवाइको मौका दिइनु पर्ने ।

स्वच्छ सुनुवाईको मौका नदिई गरेको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुन्छ । प्राकृतिक न्यायको सिद्धान्त (Principle of Natural justice) लाई नेपालको न्याय प्रणालीले प्राथमिक र मूलभूत सिद्धान्तको रूपमा अङ्गीकार गरेको छ र न्याय निरूपणको सन्दर्भमा सर्वाधिक महत्त्व दिई आएको छ । प्राकृतिक न्यायको सिद्धान्तबमोजिम जसको विरूद्धमा निर्णय गरिन्छ सो व्यक्तिलाई बुझ्दै नुबझी एकपक्षीय रूपमा गरेको निर्णय दुषित र त्रुटिपूर्ण हुन जाने हुँदा प्रशासनिक वा न्यायिक निर्णय गर्दा सम्बन्धित सरोकारवाला सबैलाई बुझी निर्णय गरेको हुनु पर्दछ । प्राकृतिक न्यायको सिद्धान्त सुनुवाईको मौका दिनुपर्ने कुरासँग सम्बन्धित भई कुनै व्यक्ति विशेषको हकमा आघात पर्ने निर्णय गर्नुपूर्व सो व्यक्तिलाई सुनुवाईको मौका दिनुपर्ने । विपक्षी नेपाल सरकार, मन्त्रिपरिषद्ले निवेदिकाको कि.नं. २५ को जग्गा र सोमा बनेको घरसमेत नेपाल ट्रष्टको स्वामित्वमा रहने गरी निर्णय गर्नुअगाडि सो सम्पत्तिको धारक यी निवेदिकालाई बुझेको, सूचना वा जानकारी दिएको र आफ्नो कुरा राख्ने वा प्रतिवाद गर्ने उचित मौका दिएको लिखित जवाफबाट वा मिसिल संलग्न कुनै कागजातबाट देखिँदैन । उक्त जग्गा पाउने व्यक्ति निवेदिकालाई सुनुवाईको मौका नदिई निजको हक भोगको जग्गा र घरसमेतको स्वामित्व परिवर्तन गर्ने गरी विपक्षी मन्त्रिपरिषद्बाट निर्णय भएको देखिन्छ । अरू कसैको हक, भोग र स्वामित्वको जग्गा तथा सम्पत्ति अन्य कुनै निकाय वा संस्थाले आफैँले निर्णय गरी हक र स्वामित्व परिवर्तन गर्ने गरेको निर्णय तथा पत्राचार एवं सोसँग सम्बन्धित काम कारवाही प्राकृतिक न्यायको सिद्धान्तको समेत प्रतिकूल (Contrary to the Principle of Natural justice) हुँदा त्रुटिपूर्ण देखिन आउने ।

अतः माथि विवेचना गरिएबमोजिम मिति २०६४।७।२० र २०६४।९।२२ मा लागू भएको नेपाल ट्रष्ट अध्यादेश, २०६४ र नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ३ र सो को स्पष्टीकरण तथा दफा ४ बमोजिम राजा वीरेन्द्र, रानी ऐश्वर्य, निजका छोराहरू दीपेन्द्र शाह र निराजन शाहको नामको सम्पत्तिसम्म नेपाल ट्रष्टमा जाने कानूनी व्यवस्था भएको र सोबाहेक राजपरिवारका अन्य सदस्यको नामको सम्पत्तिसमेत सो ट्रष्टमा जाने कानूनी व्यवस्था नभएकोमा राजा वीरेन्द्र र निजका परिवारको मिति २०५८।२।१९ मा देहावसानपश्चात मिति २०६२।२।६ मा रैकर परिणत भई "श्री ५ महाराजाधिराज" को नाममा दर्ता हुन आएको दाबीको कि.नं. २५ को १५-१-०-० अर्थात्

०,७६६४.६० वर्गमीटरको छाउनीस्थित घर जग्गा तत्कालीन श्री ५ महाराजाधिराज ज्ञानेन्द्रबाट आफ्नी छोरी पूर्व अधिराजकुमारी प्रेरणा राज्यलक्ष्मी सिंह (शाह) लाई मिति २०६२।२।१० मा दाइजोस्वरूप बकस दिएको निज निवेदिकाको हक भोगको उक्त घरजग्गा निजलाई बुझ्दै नबुझी सूचना वा जानकारीसमेत नदिई निजको हक समाप्त हुने गरी २०६४ सालमा बनी लागू भएको नेपाल ट्रष्टको कार्यालयको नाममा ऐनको दफा ३ समेतको आधार भनी उक्त ट्रष्टको नाममा नामसारी भएको भन्ने भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६४।९।१ को पत्र, मालपोत कार्यालय, कलंकीको मिति २०६४।९।३। को पत्र र नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६७।७।८ को निर्णयसमेत नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ३ र ४ विपरीत हुनुको साथै यस अदालतबाट प्रतिपादित ने.का.प. २०६८, मङ्सिर, निर्णय नं. ८६६३, पृष्ठ १२७६ तथा प्राकृतिक न्यायको सिद्धान्तसमेत प्रतिकूल रहेको र विपक्षीहरूको सो निर्णय र कार्यहरूबाट निवेदिकाको सम्पत्तिसम्बन्धी हकमा आघात पुगेको देखिएकोले निवेदन दाबीको जग्गा नेपाल ट्रष्टअन्तर्गत ल्याउने गरी भएको विपक्षी मन्त्रिपरिषद्को निर्णय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, मालपोत कार्यालय कंलकीको तत् तत् मितिको पत्र र तत्पश्चातको सबै काम कारवाही एवं पत्र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर हुने।

अब तत्कालीन श्री ५ महाराजाधिराजका प्रमुख राजदरबार पदाधिकारी कार्यालयले मिति २०६२।२।१० मा राजकीय सम्पत्ति कोष विभाग, ढुकुटी विभाग राजदरबार र मिति २०६३।३।१९ मा मालपोत कार्यालय, कलङ्कीलाई लेखेको पत्रबमोजिम उक्त कि.नं. २५ को जग्गा दाईजो पाउने निज निवेदिकाको नाममा तत्काल प्रचलनमा रहेको पद्धतिबमोजिम जे जो गर्नुपर्ने हो गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : भीमबहादुर निरौला
कम्प्युटर : गीता घिमिरे (गिरी)
इति संवत् २०७२ साल असार ६ गते रोज १ शुभम्।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६६-WO-०५२४, उत्प्रेषण / परमादेश, *प्रेमबहादुर सिंह वि. समियान यादवनीसमेत*

बिगो भरी पाउनेले फैसलाले निरूपण गरेको विषयको आधार र कानूनको आधारमा बिगो भराई लिन पाउने हुन्छ। कानूनबमोजिम सक्षम अदालतबाट भएको फैसला कार्यान्वयन हुन विरोध हुनु न्यायिक र विवेकसम्मत कार्य हुँदैन । फैसला अन्तिमताको सिद्धान्तले पनि सक्षम अदालतबाट भएको फैसला अन्तिम भएर बसेको अवस्थामा त्यो फैसला कार्यान्वयनयोग्य हुने।

मिति २०६४।४।३१ को म्याद रितपूर्वकको हुँदा धनुषा जिल्ला अदालतको मिति २०६५।५।५ को फैसला कार्यान्वयन गर्दा निवेदकको संवैधानिक र कानूनी हकमा आघात नपुग्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : भीमबहादुर निरौला
कम्प्युटर : गीता घिमिरे (गिरी)
इति संवत् २०७१ साल चैत २४ गते रोज ३ शुभम्।

३

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CI-१२३३, १२३४, निषेधाज्ञा, *अ.वा. सुजित धौबन्जार वि. पुरूषोत्तम घिमिरे, अ.वा. सम्झना गुरूङ वि. पुरूषोत्तम घिमिरे*

निषेधाज्ञा जारी हुनको लागि निवेदकको निर्विवाद हक भएको हुनुपर्दछ भन्ने पुनरावेदकहरूको

जिकिर छ, सो सम्बन्धमा विचार गर्दा स्पष्ट हक अधिकार भएको कुरामा मात्र निषेधाज्ञाको आदेश माग गर्ने र निषेधाज्ञा जारी हुने सर्वमान्य सिद्धान्त हो । तर यसको अपवादको अवस्था पर्दैन भन्न सकिँदैन । प्रस्तुत विवादमा पुनरावेदकले बैना कागजमा प्रत्यर्थीलाई जग्गा पारित गर्ने सर्तमा बैना रकम बुझी सोही मितिदेखि हक भोग गर्न पाउने कुरा उल्लेख भएको आधारमा प्रत्यर्थी निवेदकले सो विवादित जग्गामा घर, टहरा र पर्खाल निर्माण गरी बसोबास गरेको देखिन्छ । उक्त बैना कागजलाई पुनरावेदकहरूले अन्यथा भन्न सकेको देखिँदैन । पुनरावेदक हरिबहादुरले बैना कागज गर्दा जग्गाको स्वामित्वपछि हस्तान्तरण गरिदिने सर्त राखे तापनि उक्त विवादित जग्गामा प्रत्यर्थीलाई तत्कालै घर टहरा निर्माण गरी बसोबास गर्न स्वीकृति प्रदान गरेको आधारबाट प्रत्यर्थीले घर टहरा निर्माण गरी बसोबास गरी रहेको देखिँदा तथ्यगतरूपमा अपवादको रूपमा विशेष अवस्था परेको देखिने ।

परिस्थिति र कार्यको परिणामस्वरूप उत्पन्न विशेष अवस्थालाई केन्द्रबिन्दुमा राखेर हेर्नुपर्दछ । त्यसप्रकार हेर्दा बैना कागजद्वारा सिर्जित हकअनुरूप घर टहरा बनाई बसोबास गरी रहेका निवेदक / प्रत्यर्थीलाई घर टहरा भत्काई हठातरूपमा बसोबासबाट उठाउँदा निजको नागरिक अधिकार ऐन, २०१२ र अन्य प्रचलित विधायिकी कानून प्रदत्त अधिकारमा आघात पुगी प्रत्यर्थीलाई अनावश्यक हैरानी पनि हुने हुँदा निषेधाज्ञाको आदेश जारी गर्न इन्कार गर्न नमिल्ने ।

प्रस्तुत मुद्दामा माथि विवेचना गरिएअनुसार जग्गामा निवेदक / प्रत्यर्थीको स्वामित्व नभए तापनि बैना कागजद्वारा भोगसम्मको हक सिर्जित भएकोले त्यसको विद्यमानता रहेसम्म निवेदकले निवेदन दिन नपाउने भन्दा निजले कानूनी उपचार पाउने मार्ग नै बन्द हुने हुँदा उक्त आदेशसँग सहमत हुन सकिएन । अतः पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।१०।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : भीमबहादुर निरौला

कम्प्युटर : गीता घिमिरे (गिरी)

इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम् ।

४

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-WO-०५१३, उत्प्रेषण, *अधिवक्ता श्रीप्रसाद पण्डितसमेत वि. सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

प्रस्तुत रिट निवेदनमा निवेदकले मुख्यरूपमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ विपरीत हुने गरी जन्मका आधारमा नेपालको नागरिकता लिएका बाबु आमाबाट निजहरूले नागरिकता लिनुभन्दा अगाडि जन्मिएका सन्तानलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गर्न मिल्दैन भनी दाबी लिएकोमा यस अदालतबाट त्यस्ता व्यक्तिहरूलाई समेत वंशजको आधारमा नागरिकता दिने गरी विपक्षी गृह मन्त्रालयले मिति २०६८।९।२४ मा गरेको निर्णय र सोको आधारमा सबै जिल्ला प्रशासन कार्यालयहरूलाई गरेको मिति २०६८।९।२६ को परिपत्रसमेत उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्थाविपरीत र अधिकारक्षेत्रविहीन भएको भन्ने आधारमा उक्त निर्णय तथा परिपत्र कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी भएको देखिने ।

वस्तुतः रिट निवेदकले नेपालको प्रचलित संवैधानिक र कानूनी व्यवस्थाविपरीत वंशजको आधारमा नेपाली नागरिकता प्रदान गर्न लागेको नेपाल सरकार गृह मन्त्रालयको निर्णयलाई चुनौति

दिई प्रस्तुत निवेदन दायर गरेकोमा संविधान सभाबाट मिति २०७२।६।३ मा जारी भई लागू भएको नेपालको संविधानले नेपालको अन्तरिम संविधान, २०६३ लाई खारेज गरेको र उक्त नयाँ संविधानले वंशजको आधारमा नागरिकता प्राप्त गर्ने सम्बन्धमा अन्तरिम संविधानले तोकेका आधारका अतिरिक्त थप आधारहरू तोकी उक्त संविधानको भाग २ धारा ११(३) मा यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुबै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ भन्ने व्यवस्था गरेको देखियो। यसरी निवेदकले चुनौति दिएको विषयमा यस अदालतबाट अन्तरिम आदेश जारी भई उक्त निर्णय कार्यान्वयन नभएको अवस्थामा संविधान सभाबाट जारी भएको नयाँ संविधानले सो सम्बन्धमा छुट्टै व्यवस्था गरेको यस परिवर्तित सन्दर्भमा रिट निवेदकले उठाएको विषयवस्तुको प्रयोजन नै समाप्त भइसकेको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्यमा प्रवेश गरी थप विवेचना गरी रहनु नपर्ने।

नयाँ संविधान जारी भएको परिवर्तित सन्दर्भमा रिट निवेदकले उठाएको विषयवस्तुको प्रयोजन नै समाप्त भई सकेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। यस अदालतबाट मिति २०६८।११।४ मा जारी भएको अन्तरिम आदेश निष्क्रिय हुने।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७२ साल असोज १३ गते रोज ४ शुभम्।

- ०६८-WO-०७२९, उत्प्रेषण, *अधिवक्ता प्रवीणता वस्तीसमेत वि. प्रधानमन्त्री बाबुराम भट्टराई, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. १

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-WO-००२७, उत्प्रेषण / परमादेश, *कुन्जीलाल कुर्मी वि. अनुष्का श्रीवास्तवसमेत*

मुलुकी ऐन, दण्ड सजायको २६ नं. को कानूनी व्यवस्था हेर्दा दुनियाँको बिगोबापत जायजात गर्दा त्यो धन खाने बाह्र वर्षदेखि माथिका ऐनबमोजिम मानो नछुट्टी सँग बसेकाको अंशसमेत जायजात गर्नुपर्छ भन्ने व्यवस्था रहेको पाइन्छ। यसका अतिरिक्त विवाह नभएका छोराछोरीको विवाह खर्च परसारी अरू जायजात गरी पुगेसम्म असुल गर्नुपर्ने देखिन्छ। उक्त कानूनी व्यवस्थाको विश्लेषण गर्दा १२ वर्षमुनिका नाबालकले उक्त धन प्रयोग गर्ने वा निजहरूको लागि उक्त धन उपयोग गर्नुपर्ने अवस्था भएमा पनि निजहरूको अंश जायजात गर्न मिल्ने देखिँदैन। कानूनबमोजिम जायजात गर्दा १२ वर्षमुनिका नाबालकको अंश भाग अनिवार्यरूपले परसारी विवाह नभएका छोराछोरीसमेतको विवाह खर्च छुट्याउनुपर्ने भन्ने देखिन्छ। दण्ड सजायको २६ नं. र लेनदेन व्यवहारको ८ र ९ नं. लाई सामञ्जस्यपूर्ण रूपले हेर्ने हो भने घरको मुख्य व्यक्तिले लिएको ऋणको दायित्व लेनदेन व्यवहारको १० नं. समेतको सामिप्यमा रही अन्य अंशियारले व्यहोर्नु पर्ने भन्ने देखिन्छ। अंश नभएका अंशियारले सगोलको अचल

सम्पत्ति बेचबिखन वा अन्य कुनै किसिमले हक छाडी दिँदा एकाघरसँगका अंशियारको मन्जुरी लिनुपर्ने भन्ने लेनदेन व्यवहारको १० नं. को कानूनी व्यवस्थाबाट देखिन्छ । ऋण लिएपछि जन्मेका १२ वर्ष मुनिका सन्तानले समेत ऋण तिनुपर्ने दायित्व व्यहोर्नु पर्ने भन्ने अर्थ गर्न मिल्दैन। अंश मुद्दा पर्नुअघि निवेदकबाट लिएको ऋण दण्ड सजायको २६ नं. को कानूनी व्यवस्थाअनुसार सगोलमा रहेका १२ वर्षमाथिका अंशियारले तिर्नुपर्ने दायित्व सिर्जना हुन्छ। जायजात गर्दासमेत उक्त कानूनी व्यवस्था मुताविक नै गर्नुपर्ने।

प्रस्तुत मुद्दामा निवेदकले देखाएको विपक्षीका नाउँको जेथा जायजात गर्दा दण्ड सजायको २६ नं. बमोजिमको प्रक्रिया पुगेको भन्ने रिट निवेदनबाट खुल्न आउँदैन । विपक्षी अजयकुमार श्रीवास्तवका छोरीहरू १२ वर्षमुनिका नाबालक भन्ने देखिएको अवस्थामा निज छोरीहरूको पिताले लिएको ऋणबापत साहुको बिगो भराउँदा मुलुकी ऐन, दण्ड सजायको २६ नं. बमोजिमको प्रक्रिया अवलम्बन नगरी जायजात, तायदात एवं सम्पत्ति लिलाम बिक्री गर्दा त्यस्ता नाबालक बच्चाहरूको कानूनी हकमा नै आघात पर्न जाने र साहुको बिगो विपक्षीको हिस्सामा रहेको सम्पत्तिबाट नै असुलउपर हुनसक्ने अवस्थाको विद्यमानता रहेको स्थितिमा एकासगोलको अंशियार ठानी सबै सम्पत्ति लिलाम बढाबढबाट सकार गर्नसमेत कानूनतः मिल्ने नदेखिने।

अतः माथि विवेचित तथ्य र कानूनी व्यवस्थाबाट १२ वर्षमुनिका नाबालकको सम्पत्तिसम्बन्धी हकमा असर पर्ने गरी भएको जायजात मुचुल्का र सोही जायजात मुचुल्काबमोजिम भएको लिलामी प्रक्रिया नै मुलुकी ऐन, दण्ड सजायको २६ नं. को कानूनी व्यवस्थाविपरीत हुने देखिएकोले निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : दिलीपराज पन्त

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७२ साल माघ ७ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली**, ०६७-CI-०७८०, हक हिस्सा छुट्ट्याई पाउँ (दर्ता फारी), *पुष्प खड्गी वि. कुलनारायण खड्गी*

कि.नं. २६८ को क्षेत्रफल ०-०-०-३ जगामध्ये पश्चिमतर्फबाट क्षेत्रफल ०-०-०-$1^1/_2$ म पुनरावेदक वादीको नाममा दर्ता फारी गरिपाउँ भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा विवादित कि.नं. २६८ को ०-०-०-३ जग्गा ललितपुर जिल्ला अदालतको मिति २०४६।०२।२५ को बण्डा मुचुल्काअनुसार वादी प्रतिवादीको नाममा संयुक्त दर्ता रहेको देखिन्छ। यसमा मिति २०४६।०२।२५ को बण्डा मुचुल्कामा सो भऱ्याङ बण्डा गर्न नमिलेको कारणबाट दुवै पक्षले प्रयोग गर्न पाउने गरी बण्डा भएको मिसिल संलग्न प्रमाणबाट देखिएको छ । प्रमाण ऐन, २०३१ को दफा ६ख बमोजिम दुई व्यक्तिहरूको संयुक्त भोग चलनमा रहेको सम्पत्तिमा निजहरूको बराबर हक लाग्ने भए पनि बण्डा मुचुल्कामा उल्लेख गरेबमोजिमको साझा भऱ्याङ यथावत् रहेसम्म साझारूपले दुवै पक्षले एक अर्काको सहमतिबिना स्वरूप परिवर्तन गर्न पाउने देखिन आएन । एकपटक बण्डा मुचुल्कामा भऱ्याङ साझारूपमा प्रयोग गर्ने सहमति गरी सही गरिसकेपछि पुनः बण्डा गर्ने कुरा कानूनसम्मत देखिन आएन। वादी प्रतिवादीबीच भएको बण्डा मुचुल्काअनुसार फिराद दाबीबमोजिम वादीले आफ्नो हक हिस्सा छुट्याई लिन पाउने देखिन नआएकोले पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: यी पुनरावेदक वादी र प्रत्यर्थी

प्रतिवादीबीच भएको बण्डा मुचुल्कामा उल्लेख गरेबमोजिमको साझा भर्‍याङ यथावत् रहेसम्म साझारूपले दुवै पक्षले एक अर्काको सहमतिबिना स्वरूप परिवर्तन गर्न नपाउने देखिएकाले सुरू जिल्ला अदालतको फैसला केही उल्टी हुने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट मिति ०६७।०१।०७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: गीता घिमिरे (गिरी)

इति संवत् २०७२ साल असोज ११ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली**, ०६६-WO-०४६६, उत्प्रेषण / परमादेश, *अच्युतप्रसाद पौडेलसमेत वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौंसमेत*

अदालतसमक्ष आएका विवादहरूमा सो अदालतको क्षेत्राधिकार छ वा छैन भन्ने कुराको निर्क्योल गर्ने अधिकार पनि सम्बन्धित अदालतमा मात्र निहित रहेको हुन्छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई प्रस्तुत सन्दर्भमा जिल्ला अदालतबाट भएको फैसलालाई क्षेत्राधिकार बाहिर रहेको भनी प्रश्न उठाउन कानूनत: मिल्ने नदेखिने।

अदालतको फैसला क्षेत्राधिकार बाहिर भएको भन्दैमा त्यस्तो फैसलाको औचित्यतामा प्रवेश गरी सच्याउने अधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई कुनै कानूनले प्रदान गरेको देखिँदैन। स्वतन्त्र न्यायपालिकाको मूल्य र मान्यताअनुसार प्रचलित संविधानले नै अदालत वा न्यायिक निकायको फैसलाउपर पुनरावेदन सुन्ने अदालतको व्यवस्था गरेको देखिन्छ। सोहीअनुसार जिल्ला अदालतबाट भएको फैसलाउपर पुनरावेदन सुन्ने प्रयोजनको लागि पुनरावेदन अदालतको स्थापना भएको हो। अदालतबाट भएका काम कारवाहीहरू आयोगको क्षेत्राधिकार बाहिर पर्ने भएकोले त्यस्तो फैसलाबाट कुनै दुष्परिणाम नै निस्किन्छ भनेसमेत त्यसलाई सच्याउन सम्बन्धित पुनरावेदन अदालत मात्र कानूनीरूपमा सक्षम रहेको पाइने।

जहाँसम्म आयोगको मिति २०६६।७।२५ को निर्णयउपर विशेष अदालतमा पुनरावेदन गर्नुपर्नेमा सो नगरी यस अदालतको असाधारण क्षेत्राधिकार गुहारेको भन्ने जिकिर छ, त्यसतर्फ विचार गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ग ले निश्चित निर्णयमा विशेष अदालतमा पुनरावेदन गर्ने अधिकार प्रदान गरेको भए तापनि आयोगको सबै निर्णयमा विशेष अदालतमा पुनरावेदन नलाग्ने भई आयोगले कारवाही गरी जरीवाना वा कुनै रकम असुलउपर गर्न दिएको आदेश वा अन्य कुनै आदेशउपर पुनरावेदन लाग्ने गरी पुनरावेदनको मार्ग सीमित गरेको अवस्थामा निवेदकहरूले रिट क्षेत्रबाट उपचार माग गर्न न्यायको रोहमा अनुचित नहुने।

जिल्ला अदालतको फैसलाउपर पुनरावेदन सुन्न पुनरावेदन अदालतको स्थापना भएको र पुनरावेदन अदालतले मात्र जिल्ला अदालतको फैसला न्यायको रोहमा परीक्षण गर्न सक्दछ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई यस्तो अधिकार रहेको देखिँदैन। अख्तियार दुरूपयोग अनुसन्धान आयोगको स्थापना नै भष्ट्राचारसम्बन्धी मुद्दा मामिलामा अनुसन्धान गरी मुद्दा अभियोजन गर्न र अन्य प्रक्रिया अवलम्बन गर्नको लागि सिफारिस गर्न भएको देखिन्छ। उक्त दफा १२ख को प्रतिबन्धात्मक वाक्यांशसमेतले सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको निर्णयउपर प्रचलित कानूनबमोजिम पुनरावेदन लाग्ने रहेछ भने आयोगले त्यस्तो निर्णयको दुष्परिणाम सच्याउन सम्बन्धित अधिकारी वा निकायलाई लेखी

पठाउने छैन भन्ने व्यवस्था गरेको पाइन्छ । न्यायिक निकायबाट भएको फैसला वा प्रशासनिक निकायले अर्धन्यायिक क्षेत्राधिकार प्रयोग गरेर गरेको निर्णयउपर पुनरावेदन लाग्ने व्यवस्था कानूनमा नै उल्लेख भएको छ । त्यस्ता निकायहरूको फैसला वा निर्णयमा भएको त्रुटि सच्याउन वा सो को परीक्षण कानूनबमोजिम पुनरावेदन लाग्ने निकायबाट मात्र हुने देखिन्छ । यदी त्यस्तो निर्णयउपर पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोग जस्तो एउटा विशेष उद्देश्यमा केन्द्रित भएर गठन भएको संवैधानिक निकायको क्षेत्राधिकार आकर्षित हुने अर्थ लगाइयो भने यो कानूनको शासनको मूल्य मान्यताविपरीत भई न्यायिक स्वतन्त्रता नै कुन्ठित हुन जाने अवस्था सिर्जना हुन जाने ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग र अदालत दुवैका क्षेत्राधिकार र सीमा संविधान एवं कानूनमा नै स्पष्ट उल्लेख भएको छ । यी दुवै निकायहरू संविधान र कानूनले तोकेको सीमाभित्र रही आफ्नो अधिकार प्रयोग गर्नुपर्ने कुरामा दुई मत हुन सक्दैन । यसबाट मात्र कानूनको शासनको प्रत्याभूति हुन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग कानूनको ब्याख्याता नभई अक्षरसः पालना गर्ने निकाय हो । जिल्ला अदालतबाट भएको फैसला अन्तिम भएर रहेको अवस्थामा सो फैसलालाई प्रतिकूल असर गर्ने गरी निर्णय गर्न नपाउने कुरा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) बाट प्रष्ट हुन्छ । अदालतबाट एक पटक फैसला भई अन्तिम भएर बसेको फैसला निर्णय अन्तिमताको सिद्धान्तअनुसार अन्तिम नै हुन्छ । तत्कालिन नेपालको अन्तरिम संविधानको धारा ११६ ले मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय सबैले मान्नुपर्ने दायित्व निर्धारण गरेको र सोही व्यवस्थालाई वर्तमान नेपालको संविधानको धारा १२६ ले पनि निरन्तरता दिएको देखिन्छ । उक्त संवैधानिक दायित्वबाट विपक्षी आयोगलाई उन्मुक्ति प्रदान नगरेको अवस्थामा अदालतबाट भएको फैसलाको विषयवस्तुभित्र प्रवेश गरी त्यसलाई क्षेत्राधिकारबिहिन रहेकोले कायम रहन नसक्ने भनी आयोगबाट भएको उक्त निर्णय विधिको शासन, संविधानवाद एवं स्वतन्त्र न्यायपालिकाको सिद्धान्तअनुकुल रहेको भन्न नमिल्ने ।

रिट निवेदनको सन्दर्भमा हेर्दा काठमाडौं जिल्ला बालुवा गा.वि.स. वडा नं. ९(ख) को साबिक कि.नं. १७० र ऐ. वडा नं. ९(घ) को साबिक कि.नं. ११ को जग्गाहरू कित्ताकाट भई कायम भएका सम्पूर्ण कि.नं.का जग्गाहरूमा ३ (तीन) महिनाभित्रमा साबिकको जोताहा मोही काले दमाईको नाम कायम गरी सोको जानकारी आयोगलाई गराउने भनी निर्णय भएको कुरा मिसिल संलग्न आयोगको मिति २०६६।७।२५ को बैठकको निर्णय उतारबाट देखिन्छ । विपक्षी आयोगले यस रिट निवेदनमा लिखित जवाफ फिराउँदा पनि काठमाडौं जिल्ला अदालतबाट मिति २०५४।५।२३ मा भएको डिसमिस फैसला क्षेत्राधिकार बाहिर भएकोले कायम रहन नसक्ने भनी उल्लिखित जग्गाहरूमा काले दमाईलाई मोही कायम गर्न भूमि सुधार कार्यालय, काठमाडौंलाई निर्देशन दिने गरी निर्णय गरेको देखिएको छ । माथिका प्रकरणहरूमा गरिएको विवेचनाका आधारमा विपक्षी आयोगको उक्त काम कारवाही अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) र दफा १२ख को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित व्यवस्थासमेतको आधारमा कानूनसम्मत नदेखिने ।

उल्लिखित तथ्य, कानून एवं विवेचनासमेतको आधारमा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान

आयोगले मिति २०६६।७।२५ मा निवेदकहरूको नामको जग्गा विपक्षी बच्चु दमाईको नाममा मोही कायम गर्न लेखी पठाउने गरी भएको निर्णय अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) र दफा १२ख को प्रतिबन्धात्मक वाक्यांशको विपरीत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदक र विपक्षी बच्चु दमाईका बीचमा मोहीसम्बन्धी विवाद रहिरहेको र विवादको जग्गा गुठीको भएकोले उक्त जग्गाको मोहीको सम्बन्धमा निर्णय गर्ने साधिकार निकाय गुठी संस्थान रहेको देखिँदा विवादित जग्गाको फिल्डबुक र साबिकको स्रेस्ता तथा निवेदक र विपक्षीहरूको मोहीको प्रमाण पत्रसमेतका आधारमा कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षी गुठी संस्थान केन्द्रीय कार्यालय काठमाडौं एवं भूमि सुधार कार्यालय, काठमाडौंसमेतको नाममा परमादेश जारी हुने।

शाखा अधिकृतः रामु शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल फागुन १० गते रोज २ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली**, ०६९-CI-०००३, निषेधाज्ञा परमादेश, *शंकर साहसमेत वि. रामजी दाश वैरागी*

विवादमा रहेको रामजानकी मठ र सोको जग्गा निजी गुठीको रहेको र सो मठ गुरु र गुरुपछि निजले छनौट गरेको चेला नै महन्थ भई सञ्चालन गर्नुपर्ने परम्पराबाट चलिआएको, मठ सञ्चालनको कार्य कसैले संस्था बनाई सञ्चालन गर्न पाउने अधिकार कुनै पनि कानूनले प्रदान नगरेको अवस्थामा रिट निवेदन मागबमोजिम रिट जारी गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको फैसला मनासिबै देखिने।

अतः माथि उल्लिखित तथ्य, व्यवस्था एवं विवेचनासमेतको आधारमा निवेदकले मिति २०५९।८।१८ मा प्राप्त गरेको अधिकारपत्रबमोजिम राम जानकी मठको महन्थ भई रामजानकी मठको महन्थ पूजाआजा, रेखदेख, स्याहार, सम्भार गरिरहेको हुँदा सो कार्य गर्नमा बाधा विरोध नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा निषेधाज्ञायुक्त परमादेशको आदेश जारी हुने ठहरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।१।५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः शकुन्तला कार्की

इति संवत् २०७२ साल चैत २४ गते ३ शुभम्।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी**, ०६९-RB-००१५, ००४८, ०७०-RB-०००९, ०७०-RB-००२६, ०७०-RB-००५१, बैंकिङ कसुर, *दीपकबहादुर श्रेष्ठ वि. नेपाल सरकार, नेपाल सरकार वि. रविन भट्टराईसमेत, विकेश आचार्य वि. नेपाल सरकार, युवराज दवाडी वि. नेपाल सरकार, महेन्द्र पाण्डे वि. नेपाल सरकार*

प्रतिवादीमध्येका युवराज दवाडी, विकेश आचार्य, महेन्द्र पाण्डेसमेतबाट चेकको भुक्तानी लिएको भन्नेसमेत जाहेरवाला, सोलाई समर्थन हुने गरी निजले अदालतमा बकपत्र गरेको, जाहेरवालाले प्रतिवादीहरूमध्ये सि.सि.टि.भि. फुटेजमा देखिएका व्यक्तिहरू विकेश आचार्य र रविन भट्टराई हुन् भनी सनाखत गरिदिएको, बुझिएका मानिस रामकृष्ण खड्काको बकपत्र एवं मिसिल संलग्न आधार प्रमाणसमेतबाट प्रतिवादीहरूले मिति २०६६।७।२५ र २०६६।७।२९ को चेक नं. २३७८९६८ र चेक नं. २३७८९६९ बाट रू.९५,८००।– र रू.९०,८००।– गरी जम्मा रकम रू.१,८६,६००।– को बिगोको चेक अनधिकृतरूपमा चोरी गरी चेकबाट रकम निकाली

लिएको देखिन आएको हुँदा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ५(क)(ख) अनुसार कसुर गरेको पुष्टि भएको हुँदा ऐ.ऐनको दफा १५(२)क अनुसार उल्लिखित बिगो रू.१,८६,६००।– प्रतिवादीहरूबाट जाहेरवाला थापाथली क्याम्पस प्रमुख न्हुछेशोभा तुलाधरले भरी पाउने भई प्रतिवादीहरू रबिन भट्टराई, विकेश आचार्य, महेन्द्र पाण्डे, युवराज दवाडीलाई उक्त बिगोबमोजिम जरीवाना र कैद सजायसमेत हुने देखिन आउने।

प्रतिवादीमध्येका दीपकबहादुर श्रेष्ठका हकमा विचार गर्दा यी प्रतिवादीले को कसले उक्त चेकमा किर्ते हस्ताक्षर गरी चेक साटेको हो मलाई थाहा छैन, उक्त कार्यमा मेरो संलग्नता छैन, मैले बैंकिङ कसुर नगरेको हुँदा अभियोग पत्रको व्यहोरा झुठ्ठा हो । मैले कुनै लापरवाही तवरले कार्य नगरेको अवस्थामा मलाई अभियोग लगाइएकोले अभियोग माग दाबीबाट सफाइ पाउनु पर्छ भनी कसुरमा इन्कार रही बयान गरेको देखिए पनि यी प्रतिवादी क्याम्पसको जिम्मेवारी लेखामा काम गर्ने व्यक्ति र निजकै जिम्मा चेकहरू रहनेमा निजकै लापरवाहीबाट चेकहरू अनधिकृत व्यक्तिले प्राप्त गरेको चेकबाट अनधिकृतरूपले लिनु खानु गरी चेक सटही गरेको प्रमाणसमेतबाट पुष्टि हुन आएको हुँदा निजले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ४(२) को कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादी दीपक श्रेष्ठलाई आरोपित कसुर कायम भई ऐजन ऐनको दफा १५(१) अनुसार सजाय हुने।

अतः विवेचित आधार र कारणहरूबाट प्रतिवादीहरू युवराज दवाडी, विकेश आचार्य, महेन्द्र पाण्डे, रबिन भट्टराईसमेतको संलग्नतामा २३७८९६८ नम्बरको चेक पेस गरी मिति २०६६।७।२५ गते रकम रू. १,८६,६००।– र २३७८९६९ नम्बरको चेक पेस गरी मिति २०६६।७।२९ गते रकम रू. ९०,८००।– गरी जम्मा रू. १,८६,६००।– थापाथली क्याम्पसको नबिल बैंक, पुल्चोक शाखामा रहेको ०८१००१५०१६००१ नम्बरको खाताबाट चेकहरूबाट भुक्तानी लिएको देखिएकोले निजहरूको सो कार्य बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ५(क)(ख) अनुसार कसुर गरेको देखिएकोले निजहरूलाई ऐजन ऐनको दफा १५(२)क अनुसार बिगो रू. १,८६,६००।– भरी पाउने गरी निजहरूलाई जनही ६ महिना कैद सजाय भई बिगोबमोजिम जरीवानासमेत हुने र प्रतिवादीमध्येका दीपकबहादुर श्रेष्ठले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ४(२) को कसुर गरेको हुँदा निजलाई ऐजन ऐनको दफा १५(१) अनुसार तजविज रू.१०,०००।– जरीवाना हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।१२।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको र पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल कात्तिक १६ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी**, ०७०-CR-०७०१, कर्तव्य ज्यान, *धनमाया तामाङ वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले अदालतमा गरेको बयानमा आफूले मृतक कान्छीमाया तामाङलाई कुटपिट गरेको नभई मृतकले तातो भाँडो तान्दा हातमा पोलेको र मृतक आफैँ लडेर लागेको चोटको कारण तथा दमको रोगले मरेको हो भनी कसुरमा इन्कार रहे तापनि मृतकको शव परिक्षण प्रतिवेदनमा मृतकको शरीरमा रहेको घाउ चोटहरू धार नभएको बस्तुले

हिर्काएकोले भएको भनी उल्लेख गरिएबाट निजको भनाईलाई मृतकको शव परीक्षण प्रतिवेदनबाट समर्थित भएको देखिँदैन । तसर्थ पुनरावेदक प्रतिवादीको अदालतमा कसुरमा इन्कार रही गरेको बयान तथ्ययुक्त प्रमाणबाट पुष्टि हुन नआएको, मृतकले मृत्यु हुनुअघि लामो समयदेखि खाना नखाएको भनी शव परीक्षण प्रतिवेदनबाट देखाएकोमा यस्तो अशक्त ७५ वर्षकी बृद्ध मृतकलाई लाठीसमेतले प्रहार गर्दा मर्न सक्ने परिणामको पुनरावेदक प्रतिवादीले स्वभाविक रूपमा पूर्व अनुमान गर्नुपर्नेमा मार्ने मनसायले मृतकलाई पुनरावेदक प्रतिवादीले कुटपिट गरेको र सोही कुटपिटको कारण मृतक कान्छीमाया तामाङको मृत्यु भएको पुष्टि हुन आएको हुँदा पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मनासिबै देखिन आउने।

उल्लिखित तथ्य, प्रमाण एवं विवेचनाको आधारमा पुनरावेदक प्रतिवादी धनमाया तामाङले मृतक कान्छीमाया तामाङलाई कुटपिट गरी कर्तव्य गरी मारेकोले निज पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।१।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादिको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: गीता घिमिरे (गिरी)

इति संवत् २०७२ साल कात्तिक १० गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी**, ०६८-CR-००१८, वैदेशिक रोजगार ठगी, *श्रीप्रसाद गुरूङ वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीउपर सुरूमा ठगीमा जाहेरी परी सोहीअनुसार अनुसन्धान हुँदै जाँदा प्रस्तुत मुद्दा वैदेशिक रोजगार ठगीअन्तर्गतको भएकोले सोहीअनुसार कारवाही प्रारम्भ भई अभियोग पत्र वैदेशिक रोजगार न्यायाधिकरणमा पेस भएको देखियो । पुनरावेदक प्रतिवादी श्रीप्रसाद गुरूङउपर नगद रकम, पासपोर्ट र नागरिकताको प्रतिलिपि लिएको भनी किटानी जाहेरी परेको देखिन्छ। मौकामा सो कुरालाई यी प्रतिवादीहरू प्रभु उपाध्याय र श्रीप्रसाद गुरूङ दुवैजनाले स्वीकार गरी बयान गरेको अवस्था छ। प्रतिवादी श्रीप्रसाद गुरूङको डेरा कोठामा खानतलासी गर्दा जाहेरवालाको पासपोर्ट र निजको ६ थान फोटोहरू बरामद हुनु र घटना विवरणमा कागज गर्ने व्यक्तिहरू बुद्धप्रसाद गौतम, मन्सा गुरूङ र पूर्ण कुमारी गुरूङसमेतले सोही कुरालाई समर्थन गरी कागज गरिदिएको अवस्था छ । उल्लिखित मिसिल संलग्न कागजातहरूबाट मुद्दाको अनुसन्धान पनि वैदेशिक रोजगार ठगीअन्तर्गतको भएको र यी पुनरावेदक प्रतिवादीसमेतले जाहेरवाला राजधन गुरूङबाट लिएको रकम बाँडी लिई खाई मासेको पुष्टि हुने।

प्रतिवादी श्रीप्रसाद गुरूङले जाहेरवाला राजधन गुरूङलाई विदेश पठाई नसकेको देखिँदा उक्त कानूनी व्यवस्थाबमोजिम हुने सजायको आधा सजाय प्रतिवादी श्रीप्रसाद गुरूङलाई प्रस्तुत मुद्दामा एक वर्ष छ महिना कैद र एकलाख पचास हजार रूपैयाँ जरीवाना गरी जाहेरवालाबाट लिएको बिगो एक लाखमध्ये दुईजना प्रतिवादी भएकोले जनही सोको आधा पचास हजार रूपैयाँ बिगो र सोको आधा हर्जनाबापत पच्चीस हजार रूपैयाँसमेत गरी जम्मा पचहत्तर हजार रूपैयाँ यी प्रतिवादीबाट भराउने गरी भएको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेको नै देखिन आउने।

उल्लिखित व्यवस्था र आधार कारणहरूबाट

प्रतिवादी श्रीप्रसाद गुरूङलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम एक वर्ष छ महिना कैद र रू.१,५०,०००।– (एकलाख पचास हजार रूपैयाँ) जरीवाना हुने र जाहेरवालाले यी प्रतिवादीबाट बिगो र हर्जानासमेत गरी जम्मा रू.७५,०००।– (पचहत्तर हजार रूपैयाँ) भरी पाउने ठहर्‍याएको सुरू वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०६७।३।२७ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादी श्रीप्रसाद गुरूङको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : प्रेम खड्का

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन २८ गते रोज ५ शुभम्।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी**, ०६८-CI-०७७८, नामसारी निर्णय बदर र हक कायम, *कमलकृष्ण प्रजापती वि. कृष्ण प्रजापती*

न्याय प्रशासन ऐन, २०४८ को दफा १४ को खण्ड (ख) मा पुनरावेदन सुन्ने अदालतले तल्लो अदालत, निकाय वा अधिकारीले गर्न पाउने फैसला वा अन्तिम आदेश गर्नसक्ने व्यवस्था छ। त्यसैगरी ऐ. को खण्ड (ग) मा मुद्दामा इन्साफ गर्नुपर्ने प्रश्नहरूसँग सम्बद्ध प्रमाण तल्लो अदालत वा निकाय वा अधिकारीले बुझ्न छुटाएको रहेछ भने पुनरावेदन सुन्ने अदालतले आफैँ बुझ्नसक्ने कानूनी व्यवस्था रहेको देखिन्छ। यो कानूनी व्यवस्थालाई पुनरावेदन अदालत, पाटनले अवलम्बन गरेको नदेखिने।

एउटै जग्गामा दोहोरो दाबी परी मालपोत ऐन, २०३४ को दफा ७(२) बमोजिम हक बेहकको प्रश्न समावेश भई सबुद प्रमाणको मूल्याङ्कन गर्नुपर्ने अवस्था हुँदा सोबमोजिम हुनको लागि अदालतबाट हक कायम गराई ल्याउनु भनी सुनाउनको लागि मालपोत कार्यालय, भक्तपुरमा पठाउनु भनी दुवै पक्षलाई तारेख तोकी प्रस्तुत मुद्दा भक्तपुर जिल्ला अदालतमा पठाई दिने ठहर गरी पुनरावेदन अदालत, पाटनले मिति २०६८।३।२२ मा गरेको फैसला न्याय प्रशासन ऐन, २०४८ को दफा १४ को व्यवस्थासमेतको आधारमा मिलेको देखिन नआउँदा उक्त फैसला मुलुकी ऐन, अ.बं. १८४क नं. समेतको आधारमा बदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल साउन २८ गते रोज ५ शुभम्।

- यसै लगाउको ०६८-CI-०७२२, जालसाजी, कमलकृष्ण प्रजापती वि. कृष्ण प्रजापती भएको मुद्दा पनि यसै अनुसार फैसला भएको छ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०६९-CI-०१९९, अबण्डा जग्गा बण्डा गरिपाउँ, *ज्ञानुप्रसाद उपाध्याय वि. कमलकुमार उपाध्यायसमेत*

विवादको कि.नं. ६ को जग्गा प्रतिवादी कमलकुमार उपाध्यायको निजी आर्जनको हो की भन्ने सम्बन्धमा हेर्दा सो अचल सम्पत्ति निज प्रतिवादीले आफ्नो निजी आर्जनको हो भनी नभनेको साथै निजी आर्जनको हो भन्ने तथ्ययुक्त प्रमाण पेस गरी प्रमाणित गराउन सकेको पनि देखिँदैन। यसबाट विवादको कि.नं. ६ को जग्गा प्रतिवादीको निजी आर्जनको नभई एकासगोलको रहेको तथ्य पुष्टि हुन आउने।

उल्लिखित व्यवस्था, सिद्धान्त, तथ्य एवं विवेचनासमेतको आधारमा वादी दाबीबमोजिम जिल्ला पर्सा, गा.वि.स. मसिहानी वडा नं. ७ग कि.नं. ६ को ज.वि. ०-१-१० को पूर्व तर्फबाट नरमगरम मिलाई ०-०-१० जग्गा वादीले छुट्याई लिन पाउने र वादी

दाबी नपुग्ने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६६।१०।११ भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल साउन २७ गते रोज २ शुभम् ।

१०

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय**, ०६८-CR-१३६७, ०६९-CR-००१९, ०६९-CR-०४०४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. किशनकुमार चौधरीसमेत, जलेवा रानासमेत वि. नेपाल सरकार, राहुल भन्ने किशनकुमार चौधरी वि. नेपाल सरकार*

मृतक रामस्वरूप रानाको मृत्यु स्वाभाविकरूपमा भएको हो वा कर्तव्यबाट भएको हो भन्ने सम्बन्धमा हेर्दा, मृतक रामस्वरूप राना मिति २०६६।८।१७ गते बिहान मोटरसाइकल किन्छु भनी रू. २४,०००।- र निजको साथमा रू. १२,०००।- मा खरिद गरेको मोबाइल बोकी घरबाट हिँडेकोमा घर फर्कि नआएकोले निजको खोजतलास गर्दा मिति २०६६।८।२१ गते निजले लगाएको खैरो रङको ज्याकेट काटिएको अवस्थामा दोदा नदीमा भेटिएको अवस्था देखिन्छ । निज मृतकलाई खोजतलास गर्दा दोदा नदीमा उत्तानो अवस्थामा लास भेटिएको र उक्त लासको विभिन्न भागमा छिया छिया हुने गरी काटेको अवस्थामा भेटिएको देखियो । मृतक रामस्वरूप रानाको शव परीक्षण प्रतिवेदनमा मृतकको मृत शरीरमा गहिरो काटिएको घाउबाट अत्यधिक रक्तश्राव भई मृत्यु भएको हो भनी उल्लेख गरेको देखियो । मृत शरीरको पिठ्युँमा २ इन्च घाउ भएको, घाँटी सुनिएको, धारिलो हतियारले काटी घाउ भएको, शरीरको छाला खुइलिन लागेको, टाउकोमा धारिलो हतियारले काटेको घाउ भएको भन्ने व्यहोराको घटनास्थल तथा लास प्रकृति मुचुल्कासमेतबाट देखिन आएकोले मृतक रामस्वरूप रानाको मृत्यु स्वाभाविकरूपमा भएको नभई कर्तव्यबाट भएको पुष्टि हुन आउने ।

प्रतिवादीहरूले मृतकको साथमा भएको रू.२४,०००।– र रू.१२,०००।– को मोबाइल सेट जबर्जस्ती चोरी गरेकोले चोरीको १४(२) नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, उक्त रकम र मोबाइल मृतकसँग रहे भएको भन्ने स्पष्टरूपमा खुल्न नआएको र प्रतिवादीहरूबाट उक्त रकम र मोबाइल सेट बरामद नभएको अवस्थामा वस्तुनिष्ठ प्रमाणको अभावमा चोरीको अभियोगमा प्रतिवादीहरूलाई सजाय गर्न मिल्ने देखिएन । जाहेरवालाले किटानी जाहेरी दिएको र सो जाहेरी व्यहोरालाई समर्थन हुने गरी अदालतमा बकपत्र गर्दैमा फौज्दारी मुद्दामा अभियोग दाबी प्रमाणित हुने होइन । जाहेरवालाको केवल जाहेरी व्यहोरा र सोलाई समर्थन गरी अदालतमा बकपत्र गरेकै आधारमा मात्र प्रतिवादीहरूलाई सजाय गर्न न्यायको रोहमा मिल्ने हुँदैन । अनुमान, अड्कल र अन्दाजको भरमा प्रतिवादीहरूलाई सजाय गर्न नमिल्ने हुँदा वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसक्ने ठहराई गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसलालाई अन्यथा भन्न मिलेन ।

अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा एक प्रतिवादीले अर्को प्रतिवादीलाई पोल गरी आफू कसुरमा साबित भई बयान गरेको देखिन्छ । त्यसैगरी भारतीय मानिसहरूको आफूहरूले चोरी गरेको मोटरसाइकलबारे निज मृतकले प्रहरीलाई सुराक दिई हामीहरूलाई पक्राउ गराएकोले आफूहरूले निजलाई खुकुरी प्रहार गरी मारेका हौँ भनी साबित भई बयान गरेको देखिन्छ । निज प्रतिवादीहरूको उक्त बयान डर

धाक र कुटपिटबाट गराएको भनी पुनरावेदनपत्रमा उल्लेख गरे तापनि प्रहरीले प्रतिवादीहरूलाई अदालतमा उपस्थित गराउँदा मौकामा सो कुरा भन्न र मेडिकल जाँच गराई प्रमाणित गराउन सकेको छैन। त्यसैगरी सो कुराको ठोस सबुद प्रमाण प्रतिवादी पक्षबाट पेस दाखिल गर्न सकेको देखिँदैन। प्रतिवादीहरूको उक्त साबिती बयान, अनुसन्धानको सिलसिलामा भएका लास प्रकृति मुचुल्का र मृतकको शव परीक्षण प्रतिवेदनसमेतबाट रामस्वरूप रानाको मृत्युमा यी प्रतिवादीहरूको संलग्नता रहेको पुष्टि हुन्छ। मृतक रामस्वरूप रानालाई खुकुरी प्रहार गरी कर्तव्य गरी मारी मृतकको लास दबाउने छिपाउने कार्यमा यी प्रतिवादीहरू सबै सरिक रहे भएकोसमेत देखिन आउँछ। फौजदारी कसुरमा अपराध गर्नुपूर्व योजना वा तयारी सोअनुसार आपराधिक कार्य र अपराधको परिणाम निस्कनु पर्दछ। प्रस्तुत मुद्दामा मृतक रामस्वरूप रानाले प्रतिवादीहरूले चोरी गरेको मोटरसाइकलबारे प्रहरीलाई बताएको र यी प्रतिवादीहरूलाई पक्राउ गराएकोले सोही कार्यको रिसइवीको कारण मृतकलाई मार्ने पूर्वयोजना बनाई प्रतिवादीहरूले मृतकलाई हत्या गरेको देखिन आयो। यसर्थ प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय गरी मृत लासलाई दबाएतर्फ ऐ.को ४ नं. बमोजिम जनही थप ६ महिना कैद सजाय गर्ने गरी भएको फैसला मानसिब नै देखियो। यस्तो अवस्थामा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

सुरू कञ्चनपुर जिल्ला अदालतबाट प्रतिवादीहरू राहुल भन्ने किसनकुमार चौधरी, पप्पु भन्ने प्रेमसिंह राना र जलेवा रानाले मृतक रामस्वरूप रानालाई कर्तव्य गरी मारेकोले निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र ऐ.का ४ नं. ले जनही ६ महिना थप कैदसमेत हुने र चोरीतर्फको अभियोग दाबी पुग्न नसक्ने ठहर्‍याई सुरू कञ्चनपुर जिल्ला अदालतबाट मिति २०६८।२।५ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।१०।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकार र प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : प्रेम खड्का

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७२ साल मङ्सिर २० गते रोज १ शुभम्।

११

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०६९-CR-०५४१, किर्ते जालसाज, *दिगम्बर यादव वि. मुनिया यादव*

जहाँसम्म उक्त कपाली तमसुक वादीको पतिले नगरेको भए कसले गर्‍यो, अरू कसैले ऋणीको ठाउँमा किर्ते सहिछाप गरी कपाली तमसुक खडा गरेको भए सोको औचित्य वादीले नै पुष्टि गर्नुपर्छ भन्ने पुनरावेदन जिकिर रहेको छ सोसमेतको सन्दर्भमा हेर्दा किर्ते सहिछाप के कुन व्यहोराको र कसको हो भन्ने सवाल सिर्जना भई सो विषय विवादमा प्रवेश गरेपछि मात्र निरूपण गर्नुपर्ने विषय हुनसक्छ। यहाँ मिति २०४९।४।११ को कपाली तमसुकमा रूसन यादवले सहिछाप गरेको हो होइन भन्ने विषय समावेश भएको देखिन आउँछ। उक्त कपाली तमसुकमा भएको सहिछाप रूसन यादवको नभई कुनै अन्य व्यक्तिको हो भनी पुष्टि गर्ने दायित्व वादीमा रहन्छ भन्न मिल्दैन। एकछिनलाई त्यस्तो कागजमा भएको सहिछाप कुनै अमुक व्यक्तिको हो भनी प्रत्यर्थी वादीले भन्छ भने पनि

त्यसको प्रमाणिक परीक्षण बिना निजले भनेकै कुरा विश्वासप्रद छ भनी भन्न नमिल्ने ।

कुनै कागजमा भएको ल्याप्चे सहिछाप ल्याप्चे गर्ने व्यक्तिको नै हो भन्ने कुरा प्रमाणबाट पुष्टि हुन अनिवार्य हुन्छ । सो कुरा पुष्टि गर्ने भार स्वयम् त्यस्तो जिकिर लिने व्यक्तिमा नै निहित रहन जान्छ । प्रस्तुत मुद्दामा उठान गरिएको विषयवस्तु स्व. रूसन यादवको ल्याप्चे सहिछाप किर्ते बनाई कपाली तमसुक खडा गरी सोबाट वादीको सम्पत्तिसम्बन्धी हकमा प्रतिकूल असर पार्ने र तथ्य लोप हुने जालसाजीयुक्त कार्य भएको भन्ने रहेकोमा सो कुरा प्रत्यर्थी वादीका नाउँमा जारी भएको लेनदेन मुद्दा र सो मुद्दाको बिगो भरी भराउ हुँदाका बखतको म्यादका सम्बन्धमा प्रत्यर्थी वादीलाई जानकारी नहुनुबाट पुष्टि हुन आएकोले कसैले ऋणीको ठाउँमा किर्ते सहिछाप गरी कपाली तमसुक खडा गरेको भए सोको औचित्य वादीले नै पुष्टि गर्नुपर्छ भन्ने पुनरावेदन जिकिर मनासिब नदेखिने ।

प्रतिवादीको नाउँको म्याद प्रत्यर्थी वादी मुनिया यादवको छुट्टी भिन्न भएको छोरा दोरिक यादवले बुझी उक्त म्यादमा प्रतिवाद नै नगरी लेनदेन मुद्दाको फैसला भएको र बिगो भरिभराउको प्रयोजनार्थ निवेदन परी सोको म्यादसमेत निज छुट्टी भिन्न भएको छोराले नै बुझी योजनाबद्ध तरिकाले म्याद गुजारी प्रत्यर्थी वादीले थाहा जानकारी नै नपाउने हिसाबले षड्यन्त्र गरी गुपचुप राखेको देखिएबाट वास्तविक तथ्य थाहा जानकारी हुन नपाउने गरी लोप राखी सम्पन्न गरिएको कार्यबाट सृजित दायित्व वहन गराउने सिलसिलामा कानूनको प्रक्रिया पुर्‍याई भएको भन्ने आधारमा त्यस्तो कार्यलाई कानूनसम्मतको श्रेणीमा राख्न मिल्ने अर्थ गर्नु त्रुटिपूर्ण हुन जान्छ । जुन व्यवहार र कार्य आफैँमा कानून प्रतिकूल रहन्छ त्यस्तो कार्य वा व्यवहारलाई कार्यान्वयनको सिलसिलामा कानूनसम्मत एवं प्रक्रियागत बनाई कसैलाई नोक्सान र आफूलाई फाइदा हुने गरी सम्पन्न भएको कार्यलाई जतिसुकै कार्यविधिगत बनाए पनि त्यसले कानूनी मान्यता प्राप्त गर्छ भन्न मिल्दैन । झुक्यान वा जालसाजीपूर्ण तरिकाबाट खडा भएको मूल लिखतको कानूनी अस्तित्व नरहने अवस्थामा सो लिखत कार्यान्वयन गर्ने सिलसिलामा पुर्‍याइएको प्रक्रिया कानूनसम्मत रहनुको कुनै औचित्य रहँदैन । स्वार्थपरक छलकपट र जालझेलबाट गरिएको कार्य अन्तत निस्प्रयोजन हुने निश्चित हुने ।

पुनरावेदक प्रतिवादी र दोरिक यादव भिनाजु साला नाताको व्यक्ति भएको देखिएको, मिति २०४९।४।११ मा खडा गरिएको कपाली तमसुकमा प्रत्यर्थी वादीलाई साक्षी नराखी दोरिक यादवलाई साक्षी राखी निजलाई समेत प्रतिवादी बनाई मुनिया यादवका नाउँमा जारी भएको सूचना म्याद निज छुट्टिभिन्न भएको छोरा दोरिक यादवले नै बुझी कुनै प्रतिवाद नै नगरी म्याद गुजारी बसेको जस्ता क्रियाबाट कपाली तमसुक पुनरावेदक प्रतिवादी र दोरिक यादवको छलकपट र जालझेलबाट रूसन यादवको किर्ते सहिछाप खडा गरी भएको सहज अर्थ गर्न मिल्ने देखिन आएबाट पुनरावेदन अदालत, राजविराजको फैसला अन्यथा नभई मिलेकै देखिन आउने ।

अत: उल्लिखित तथ्य, विवेचना र आधार प्रमाणबाट सुरू सिराहा जिल्ला अदालतको फैसला उल्टी गरी पुनरावेदक प्रतिवादी दिगम्बर यादवले फिराद दाबीबमोजिम मुलुकी ऐन, किर्ते कागजको १ र ३ नं. बमोजिम किर्ते जालसाजी गरेको ठहर्‍याई ऐ. ७ नं. बमोजिम लेनदेन मुद्दामा डाँक लिलामबाट बिगो भराई लिए खाएको लिखत अनुसारको बिगो रू.२,५५,७५०।– जरीवानासमेत हुने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६८।८।१३

मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : दिलीपराज पन्त

कम्प्युटर: रामशरण तिमिल्सीना

इति संवत् २०७२ साल माघ ३ गते रोज १ शुभम्।

यसै लगाउ / प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- ०६९-CI-०६९१, फैसला बदर, डाक लिलाम बदर दर्ता बदर दर्ता, दिगम्बर यादव वि. मुनिया यादव

१२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६८-WO-०६९८, परमादेश / प्रतिषेध, *मुनिशंकर चौधरी वि. विणा चौधरीसमेत*

निवेदकले निवेदन व्यहोरामा विपक्षीहरूले निवेदकको जिउधनको शान्ति सुरक्षा प्रदान गर्न नसकेकोले सो कायम गराई पाउँ भनी जिकिर लिएको देखिन्छ । शान्ति सुरक्षाको सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ ले निवेदन मागबमोजिम शान्ति सुरक्षासम्बन्धी कुनै व्यवस्था गरेको छैन। तसर्थ प्रस्तुत निवेदन आधारहीन रहेको देखिँदा निवेदकले जिकिर लिएअनुसार निजको जिउ ज्यान लिन सक्ने र गाउँ निकाला गर्ने आशङ्का भएको र निवेदकको मौलिक हनन् भएको भन्ने पुष्टि हुन आएको देखिँदैन। निवेदनमा मौलिक हक हनन् हुनसक्ने आशङ्का मात्र व्यक्त गरिएको छ । आशङ्काको आधारमा परमादेशसमेतको आदेश जारी हुने अवस्था नदेखिने।

शान्ति सुरक्षा गरिपाउँ भन्ने निवेदकले दिएको निवेदन आवश्यक कारवाहीको लागि क्रमशः मिति २०६७।११।८ र मिति २०६८।७।२९ मातहत प्रहरी चौकी, बथनाहामा पठाएको भन्ने ब्यहोराको जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय, महोत्तरी जलेश्वरको लिखित जवाफबाट देखिँदा निवेदकको निवेदनमाथि कारवाही अगाडि बढाएको देखिन आयो । मातहतको प्रहरी चौकी, बथनाहाले जिल्ला प्रहरी कार्यालयको आदेशबमोजिम शान्ति सुरक्षाको कार्यसमेत गर्ने अधिकार प्राप्त कार्यलयले सो कार्यालयमा दर्ता हुन आएको निवेदन आवश्यक कारवाहीको लागि सम्बन्धित कार्यालयमा पठाएको कार्यलाई अन्यथा भन्न मिल्दैन । तसर्थ निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था नदेखिने।

अत: उल्लिखित तथ्य, व्यवस्था एवं विवेचनासमेतको आधारमा प्रस्तुत निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको नदेखिँदा निवेदकको मागबमोजिम आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : शकुन्तला कार्की

कम्प्युटर : गीता घिमिरे

इति संवत् २०७२ साल असार १७ गते रोज ५ शुभम्।

१३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७२-RC-००५१, कर्तव्य ज्यान, नेपाल सरकार वि. रामबहादुर (नाम परिवर्तित)

वारदात हुँदाको परिस्थितिलाई विश्लेषण गर्दा यौन सम्बन्धलाई साह्रै सङ्कुचितरूपमा हेरिएको हाम्रो समाजमा हुर्केको एउटा १४ वर्षको बालकले बुबा विदेश गएको अवस्थामा आफूलाई जन्म दिने आमा पर पुरूषसँग यौन सम्बन्ध राखेको देख्दा उसको मानसिक अवस्थामा उथलपुथल हुनु स्वाभाविक नै देखिन्छ। सो कुराको जानकारी आफ्नो दिदी भिनाजु र विदेशमा भएको बुबालाई दिएपछि घर फर्कँदा आमाले

निज नाबालकलाई खाना पकाएर नदिने झैझगडा गर्नेजस्ता निजसँग गरेको व्यवहार पनि प्रतिवादी र मृतकको सम्बन्ध सुधार्नभन्दा कटुता बढाउनेतर्फ भूमिका खेलेको देखिन्छ । आमासँग केही दिनदेखि झैझगडा भइरहेको र वारदातको दिन निज आमाले आफ्नो नाबालक छोरालाई ज्यान मार्नेसम्मको धम्की दिएको प्रतिवादीको बयानबाट देखिँदा यस्तो अवस्थामा जो सुकै व्यक्तिको मनभित्र डर उत्पन्न हुनु स्वाभाविक नै हुन्छ । मृतकको उल्लिखित व्यवहारले राति आफ्नै ज्यान जानसक्ने देखी दिउँसो आमा निदाएको बेला घरमा भएको बञ्चरोले घाटीमा प्रहार गरी कर्तव्य गरी मारेको देखिए पनि निज प्रतिवादीले सो वारदात घटाउनुमा मृतकको क्रियाकलाप नै कारकतत्त्वको रूपमा रहेको देखिन्छ । वारदात हुँदाको परिस्थितिसमेतलाई मध्यनजर गर्दा वारदात घटनुमा मृतकको क्रियाकलाप नै कारकतत्त्वको रूपमा देखिँदा प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा न्यायोचित हुने नदेखिने ।

प्रतिवादी नाबालक देखिएको अवस्थामा निजलाई कसुरदार कायम गरी सजाय गर्दा बालबालिकासम्बन्धी ऐन, २०४८ दफा ११(३) बमोजिम जन्म कैदको आधा गरी १० वर्ष कैद सजाय गरेपश्चात वारदात घटनुमा मृतकको क्रियाकलाप नै कारकतत्त्व देखिएकोले सो सजाय निजलाई चर्को हुन जाने हुँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ३ वर्ष कैद सजाय हुने ठहर गरेको सुरू अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

अतः उल्लिखित तथ्य, विवेचना एवं प्रमाणहरूको आधारमा कञ्चनपुर जिल्ला अदालतले अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. को कसुर कायम गरी प्रतिवादी रामबहादुरलाई बालबालिकासम्बन्धी ऐन, २०४८ दफा ११(३) बमोजिम १० वर्ष कैद सजाय ठहर गरी अ.ब. १८८ नं. बमोजिम ३ वर्ष कैद सजाय गर्ने भनी व्यक्त गरेको रायलाई सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०७१।७।१६ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

शाखा अधिकृत : रामु शर्मा

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७२ साल फागुन १४ गते रोज ६ शुभम् ।

१४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६९-CR-०३४३, ०३८०, ०१२०, कर्तव्य ज्यान, *छलिमाया परियार वि. नेपाल सरकार, प्रेमबहादुर परियार वि. नेपाल सरकार, नेपाल सरकार वि. सुवास महरा*

पुनरावेदक प्रतिवादी छलिमाया परियार वारदातमा उपस्थित रहेको भन्ने देखिएन । वारदात मितिमा निज आफ्नै घरमा रहेको भन्ने निजको बयान व्यहोरामा उल्लेख भएको देखियो।निज प्रतिवादीले मृतक गोरे परियारलाई मार्ने मतसल्लाह गरेको, वारदातस्थलमा उपस्थित भएको वा मृतकको शरीरमा हात हाल्ने पक्रिने, मार्न बचन दिने वा मार्ना निमित्त संयोग पारिदिनेजस्ता कार्य गरेको भनी पुष्टि हुने किसिमको कागज प्रमाणसमेत देखिन नआउने ।

आफ्नो छोरालाई कुटपिट गरेको कारण मृतकसँग रिस उठ्नु नै अपराध हो र वारदातमा निजको संलग्नता रहेछ भनी अन्दाज गर्न मिल्दैन । त्यस्तो पूर्वरिसइवीका जरियाबाट योजना, तयारीका साथसाथै मनसायपूर्वक अपराध घटनाउनेसम्मको कार्य भए गरेको पुष्टि हुन आवश्यक हुन्छ । मृतकसँग रिस उठी सोही कारणबाट अपराधजन्य कार्यमा सहयोग गरेको भन्ने कुरा अन्य स्वतन्त्र प्रमाणबाट

पुष्टि नहुँदासम्म अपराध घोषित गर्न न्यायको रोहमा मिल्ने देखिँदैन । निज छलिमाया परियार पुनरावेदक प्रतिवादी प्रेमबहादुर परियारको आमा भएकै नाताबाट निजको समेत अपराधमा संलग्नता छ भनी अनुमान गर्न मिल्दैन। जहाँसम्म यी मृतकले प्रतिवादी छलिमाया परियारका छोरा प्रेमबहादुर परियारलाई कुटपिट गरेका कारण मृतकप्रति कुनै तिक्तता थियो कि भन्ने सन्दर्भमा विचार गर्दा स्वयम् वादी पक्षका गवाह मौकामा बुझिएका वसन्तबहादुर आले, मोहनबहादुर मल्ल र भानु रानासमेतले छलिमाया परियारले प्रतिवादी गगन परियार, तुलबहादुर परियारलाई भेटी गोरे परियारलाई मार्ने सल्लाह गरेको भन्ने कुरा केही थाहा छैन, सो दिन घटनास्थलमा निज उपस्थित नभई आफ्नै घरमा भएको भनी लेखाई दिएको व्यहोराबाट समेत उक्त तथ्य खण्डित हुन आएकोले प्रतिवादी छलिमाया परियारको वारदातमा संलग्नता रहेछ भनी भन्न नमिल्ने।

सहअभियुक्तको अनुसन्धान अधिकारीसमक्षको बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुनका अतिरिक्त यस्तो भनाइ वारदातसँग सिलसिलेवाररूपमा नमिलेसम्म केवल सहअभियुक्तले पोलेकै आधारमा कसुरदार ठहर गर्न मिल्दैन। अपराध हुँदाको अवस्थामा घटनास्थलमा यी पुनरावेदक प्रतिवादी छलिमाया परियार उपस्थित भएको देखिँदैन। अपराधजन्य कार्यमा निजको के कुन भूमिका रहेको भन्ने कुरा मिसिल संलग्न कागजबाट शङ्कारहित तवरले प्रमाणित नभएसम्म केवल शङ्का र अनुमानको भरमा मात्र पुनरावेदक प्रतिवादी छलिमाया परियारलाई कसुरदार हुन भनी ठहर गर्न सकिने अवस्था नदेखिने।

उल्लिखित तथ्य, आधार एवं विवेचनाबाट पुनरावेदक प्रतिवादी प्रेमबहादुर परियारलाई सुरू तनहुँ जिल्ला अदालतले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी भएको फैसला केही उल्टी गरी पुनरावेदक प्रतिवादी प्रेमबहादुर परियारलाई ऐ. १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने एवं प्रतिवादी रेशम भन्ने सुवास महराको हकमा ऐ. १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गरी पेस भएको साधकसमेत मिलेकै देखिँदा सदर हुने साथै पुनरावेदक प्रतिवादी छलिमाया परियारलाई ऐ. १७(३) नं. बमोजिम ३ वर्ष कैद सजाय हुने ठहर गरेको सुरू तनहुँ जिल्ला अदालतको मिति ०६७।११।१० को फैसलालाई सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत पोखराको मिति ०६९।४।२९ को फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक प्रतिवादी छलिमाया परियारले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ । पुनरावेदक प्रतिवादी प्रेमबहादुर परियारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटरः गीता घिमिरे (गिरी)

इति संवत् २०७२ साल माघ ४ गते रोज २ शुभम्।

१५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, ०६९-CR-०९५७, लागु औषध हेरोइन, *शिवशंकर लामा वि. नेपाल सरकार*

बरामद भएको ठाउँ, बरामद भएको लागु औषधको परिणाम र बरामद भएको तराजु, ढक र लागु औषध प्याक गर्ने प्लास्टिक व्यागहरूसमेतले प्रतिवादी रहने बस्ने गरेको कोठाबाट लागु औषधको ठूलै परिमाणमा कारोबार हुने गरेको देखिन आएको छ। निजको कोठाबाट ढक, तराजु बरामद भएको र ढकमा ५ ग्रामभन्दा सानो नदेखिएकोले यी प्रतिवादीहरूले व्यापार गर्ने गरेको देखियो । बरामद भएका वस्तुहरू कुनै लुकाई छिपाई राखेको ठाउँबाट बरामद भएको नभई कोठाको टेबुलबाट बरामद गरिएको छ र यस्तो अवस्थामा दाइले थाहै पाएको थिएन भनी सोमध्येको

शिवकुमार लामाले लिएको जिकिर आधारसम्मत देखिँदैन। अधिकारप्राप्त अधिकारीसमक्ष यी पुनरावेदक प्रतिवादीले आफू र भाइ मिली लागु औषध खैरो हेरोइनको कारोबार गर्ने गरेको तथ्यलाई स्वीकार गरेको र निजकै कोठाको टेबुल माथि रहेको झोलाबाट लागु औषध खैरो हेरोइन ७७ ग्राम, ढक, तराजु, लागु औषध प्याकिङ गर्ने प्लास्टिक ब्यागहरू र लागु औषध बिक्रीबाट आर्जित रकमसमेत बरामद भएको बरामदी मुचुल्काले समेत यी पुनरावेदक प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन आउने।

अतः विवेचित आधार र कारणहरूसमेतबाट यी पुनरावेदक प्रतिवादी शिवशंकर लामाको कोठाबाट बरामद भएको लागु औषध, ७७ ग्राम, बिक्री वितरण गर्न प्रयोग भएका ढक तराजु एवं प्लास्टिकसमेतको आधारबाट निज पुनरावेदक प्रतिवादी लागु औषधको बिक्री वितरणमा संलग्न रहे भएको सप्रमाण पुष्टि भएकोले निजले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४को घ र च को कसुर गरेको देखिँदा ऐजन ऐनको दफा १४(१) (छ)(२) बमोजिम सजाय हुने देखिन आएको हुँदा प्रतिवादी शिवशंकर लामालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३को दफा १४(१) (छ)(२) बमोजिम १२ वर्ष कैद र रू. एकलाख जरीवाना हुने ठहरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।६।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। यी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

इति संवत् २०७२ साल कात्तिक १९ गते रोज ५ शुभम्।

१६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, ०६९-CI-०४५९, परमादेश, *राकेश साह वि. इलाका प्रहरी कार्यालय, गौशाला महोत्तरीसमेत*

सनाखत नभएको जाहेरी दरखास्तको कुनै प्रामाणिक मूल्य हुँदैन, जसले कुनै कानूनी मूल्य राख्दैन। सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३(१) लाई हेर्दा, "अपराधको सूचना अनुसूची १ मा लेखिएको कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले तत्सम्बन्धी अपराधबारे आफूसँग भएको वा आफूले देखे जानेसम्मको सबुद प्रमाण खुलाई यथाशीघ्र सो कुराको लिखित दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनु पर्नेछ" भन्ने र उपदफा (३) मा "अपराधको सूचना गर्न आएको व्यक्तिले त्यस्तो सूचना मौखिक रूपमा दिएकोमा सम्बन्धित प्रहरी कर्मचारीले उसले भनेका सबै कुराहरू र उपदफा (२) बमोजिमका कुरासमेत खुलाई लेखी निजलाई पढी बाँची सुनाई निजको सहिछाप समेत गराई राख्नु पर्नेछ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्थाबमोजिम निवेदकले हुलाकबाट पठाएको जाहेरी दरखास्तको सनाखत हुनुपर्छ भन्ने प्रष्ट देखिएकाले उल्लिखित तथ्य एवं प्रमाणसमेतको आधारमा निवेदक राकेश साहलाई जाहेरी दरखास्त सनाखतको लागि पत्राचार भएकोमा निज जाहेरी दरखास्त सनाखत गर्न गएको नदेखिएको; निवेदक जाहेरी दरखास्त सनाखत गर्न गएको अवस्थामा कानूनबमोजिम विपक्षी कार्यालयले अनुसन्धान कार्य गर्नुपर्ने नै हुँदा निवेदक मागबमोजिम परमादेशको आदेश जारी नगरी रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।१।५।३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : शकुन्तला कार्की

कम्प्युटर : गीता घिमिरे

इति संवत् २०७२ साल असार १५ गते रोज ३ शुभम्।

१७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९–CI–०३९४, ०३९३, ०३९२, अंश चलन, *सुमनकुमार प्रधान वि. सुरेन्द्रकुमार प्रधानसमेत, सुवर्णकेशरी प्रधानसमेत वि. सुमनकुमार प्रधान, सुरेन्द्रकुमार प्रधान वि. सुमनकुमार प्रधान*

सगोलमा छँदा कुन मितिमा के कति मूल्यमा टेम्पोहरू खरिद गरिएको हो ति टेम्पोहरूबाट दैनिक के कति आम्दानी हुने गरेको थियो भन्ने आधार प्रमाण मिसिल कागजबाट देखिँदैन । यसका साथै पुनरावेदक वादीले ट्याक्सी सञ्चालनबाट हुने दैनिक आम्दानीको विवरण आफ्नो पुनरावेदन जिकिरमा उल्लेख गरेबाहेक सो कुरा पुष्टि हुने किसिमका अन्य तथ्य प्रमाण पेस गरेकोसमेत देखिँदैन । यसरी सगोलमा छँदा प्राप्त आम्दानीको स्पष्ट विवरण र सो कुरा प्रमाणित हुने खालका प्रमाणको अभावमा ट्याक्सी टेम्पोको दैनिक आम्दानी यति नै हो भनी अनुमान गर्नु न्यायसङ्गत हुँदैन । यसका अतिरिक्त मोहनबहादुर श्रेष्ठले अदालतमा उपस्थित भई गरेको कागजमा रीता देवीको नामबाट आफ्नो नाममा नामसारी गरेका बा. १ ज ५४३१, ५४१३ र ४४०२ नं. का ट्याक्सीहरू सुनिता श्रेष्ठसमेतको नाममा जम्मा रू. ८,५०,०००।- मा नामसारी बिक्री गरेको हुँ भनी कागज गरेको देखिन्छ । सोबाहेक ट्याक्सी बिक्रीबापत प्राप्त रकम यति नै हो भनी यकिन हुने आधार खुलेको पाइँदैन । यसरी विवादित ट्याक्सीहरू पुनरावेदक प्रतिवादी सुरेन्द्रकुमारबाट तहतह हुँदै निजको श्रीमती र ससुराको नाउँमा हक हस्तान्तरण भएको र निजले मुद्दा पर्दापर्दैको अवस्थामा रू.८,५०,०००।- मा बिक्री गरेको भनी कागज गरेको देखिँदा अन्तत सगोलका ट्याक्सी बिक्रीबापतको रकम रू.८,५०,०००।- भएको र उक्त सम्पत्ति सगोलकै रहेको मान्नुपर्ने देखिन आउने ।

वादी प्रतिवादीहरूका नाउँमा रहेको सेयर बैंक ब्यालेन्स सबै विवरणहरू निजहरूले तायदाती फाँटवारी पेस गर्दा खुलाउन सकेको देखिँदैन । तायदाती विवरण सुनी पाएपछि एक अर्को पक्षको नाउँमा रहेको भनिएका सेयर र बैंक ब्यालेन्स उल्लेख भए पनि उक्त सम्पत्ति सगोलको बण्डा गर्नुपर्ने सम्पत्ति भएको तथ्य मिसिल प्रमाणबाट पुष्टि हुन सकेको देखिन आउँदैन । वस्तुतः बण्डा लाग्ने सम्पत्ति हो भनी जिकिर लिने व्यक्तिले त्यस्तो सम्पत्ति के कसरी प्राप्त गरेको हो, सो सम्पत्ति सगोलकै आय आर्जनबाट खरिद गरेको वा एकासगोलको खति उपतिबाट जोडेको हो भनी तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि हुनु आवश्यक हुन्छ । आफ्नो सिप र प्रयासबाट निजी तवरमा प्राप्त गरेको कुनै सम्पत्ति प्राप्त गर्नेको निजी नै मान्नुपर्ने हुँदा सोतर्फको वादी प्रतिवादीहरूको पुनरावेदन जिकिर मनासिब भएको भन्न मिल्ने नदेखिने ।

अतः उल्लिखित तथ्य, विवेचना र आधार प्रमाणबाट सुरूको फैसला केही उल्टी गरी कि.नं. १७२७ को घरजग्गाबाट अविवाहित २ जना अंशियारको विवाह खर्च परसारी बाँकी रहन जाने घरजग्गाबाट पुनरावेदक वादी सुमनकुमार प्रधानले प्रतिवादीहरूबाट ५ भागको १ भाग अंश पाउने र पुनरावेदक प्रतिवादी सुरेन्द्रकुमार प्रधानको जिम्मामा रहेको ट्याक्सी बिक्री गरी आएको रू.८,५०,०००।– मध्ये सुरेन्द्र प्रधानबाट वादी सुमनकुमार प्रधानले ५ भागको १ भाग अंशबापत भराई पाउने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।८।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी प्रतिवादीहरूको पुनरावेदन निवेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : दिलीपराज पन्त

इति संवत् २०७२ साल पुस २२ गते रोज ४ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७२-WH-००३७, बन्दीप्रत्यक्षीकरण, *नवराज शर्मा वि. कारागार कार्यालय, रूकुमसमेत*

मुलुकी ऐन, अ.बं. २०५ नं. को व्यवस्थाले पुनरावेदन नगर्ने प्रतिवादीको हकमा पनि विचार गर्न सकिने कानूनी व्यवस्था देखिन्छ । उक्त अ.बं. २०५ नं. को प्रयोग केवल मुद्दाको पुनरावेदन हेरी फैसला जाँच गर्दा मात्र प्रयोग गर्न पाइने कानूनी उपकरण हो । पुनरावेदन तहबाट कुनै प्रतिवादीको हकमा फैसला जाँच गर्दा सुरू सजाय उल्टिने अवस्थामा अरू पुनरावेदन नगर्ने प्रतिवादीको हकमा पनि उल्टिने अवस्था देखियो भने पुनरावेदन नगरेको कारणले मात्र भएको सजायलाई सदर गरिदिनु हुन्न भनिएको हो । यो पुनरावेदन नगर्ने सजाय पाएका प्रतिवादीको लागि सजाय उल्टी सफाइ पाउनसक्ने एउटा मौका वा अवसर हो । यो प्रयोग हुन पुनरावेदन नगर्ने प्रतिवादीको हकमा भएको कसुर उल्टिने अवस्था हुनुपर्दछ । त्यस्तो सुरू तहबाट भएको सजाय उल्टिने अवस्था छ, छैन भन्ने कुरा त्यो पुनरावेदनको रोहबाट जाँच्ने अधिकारीले हेर्ने विषय हो । पुनरावेदन तहबाट फैसला भइसकेको हुँदा मुलुकी ऐन, अ.बं. २०५ नं. को प्रयोग हुनसक्ने स्थिति नरहने ।

मुलुकी ऐन, अ.बं. २०५ नं. को प्रयोग केवल पुनरावेदनको रोहबाट मात्र हुनसक्ने हो । रिट निवेदनको रोहबाट होइन । कानूनबमोजिम भए गरेको फैसलालाई पुनरावेदनको रोहबाट पुनरावेदन नगर्नेको हकमा पनि बोलिनु पर्थ्यो भनी सोलाई रिट निवेदनको क्षेत्रबाट पुनरावेदन हेरेको जस्तो गरी मुलुकी ऐन, अ.बं. २०५ नं. को प्रयोग गर्न मिल्ने देखिन नआउने ।

बन्दीप्रत्यक्षीकरणको निवेदनबाट गैरकानूनी थुनाबाट मुक्त गरिने हो । निवेदकलाई अदालतबाट भएको फैसलाबमोजिम कैद गरेको देखिन्छ । तसर्थ प्रथम दृष्टिमा नै भइरहेको कार्यलाई हठात् गैरकानूनी भन्न सकिने अवस्था देखिँदैन । अदालतबाट भइरहेको फैसलालाई गैरकानूनी वा त्रुटिपूर्ण भनी बदर गर्न पनि सामान्य अधिकारक्षेत्र ग्रहण गरी भएको फैसलाहरूमा त्रुटि भए सो फैसलाउपर जान पाउने प्रचलित कानूनबमोजिम नै सामान्य तवरबाट नै चुनौती दिनुपर्ने ।

उल्लिखित आधार र कारणबाट निवेदक अदालतको फैसलाअनुरूप कैदमा बसेको देखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: मीना गुरूङ

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल फागुन ४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६९-WO-०५४४, उत्प्रेषण / परमादेश, *रामलता ठाकुर वि. मालपोत कार्यालय, धनुषासमेत*

निवेदकले उल्लिखित तीनवटै स्थानमा रहेका जग्गामा एकैपटक बण्डा हुन सक्दैन भनी निवेदन जिकिर लिएको पाइन्छ । यससम्बन्धमा हेर्दा निवेदकले मिति २०६८।११।६ गते बिहान ७.०० बजे जनकपुर नगरपालिकामा, सोही दिनको बिहान १०.०० बजे देवडिहा गा.वि.स.मा र दिनको २.३० बजे बहुअर्वा गा.वि.स. मा रहेको बण्डा गर्नुपर्ने जग्गामा उपस्थित हुनेछु भनी तारेख लिएको तारेख भरपाईबाट देखिन्छ । उल्लिखित स्थानमा एकै दिनमा बण्डा मुचुल्का हुन नसक्ने भएमा तारेख लिँदाकै अवस्थामा सो कुरा बिचार गर्नुपर्ने थियो । तर निवेदकलाई

उल्लिखित स्थानको जानकारी भएर नै एकैदिनको तारेख लिएको देखिन्छ। तत्काल तीन ठाउँमा मुचल्का हुन सक्ने भनी देख्ने निवेदकले आफूलाई चित्त बुझेन भन्दैमा अब आई तीन ठाउँमा मुचुल्का हुन सक्दैन भनी जिकिर लिएकोलाई यथोचित मान्न नमिल्ने।

बण्डा हुने भनी तोकिएको दिन सम्बन्धित स्थानीय निकायबाट कुनै पनि प्रतिनिधि उपस्थित भएको बण्डा मुचुल्काबाट देखिँदैन । स्थानीय निकायका प्रतिनिधि उपस्थित नभएकै अवस्थामा भएका मुचुल्काहरूको बैधानिकताका सम्बन्धमा जिल्ला अदालत नियमावली, २०५२ को नियम ८८ मा "यस नियमावलीबमोजिमको काम कारवाहीको सिलसिलामा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा प्रतिनिधि राख्नु पर्नेमा निजको उपस्थितिका लागि लिखित सूचना दिँदा पनि सदस्य वा प्रतिनिधि उपस्थित हुन नआएमा वा नपठाएमा अरू कुराको रित पुगेको भए त्यस्तो सदस्य वा प्रतिनिधि उपस्थित नभएको भन्ने आधारमा मात्र सो काम कारवाही बदर हुनेछैन" भन्ने व्यवस्था भएको पाइन्छ । कानूनमा भएको यस प्रकारको व्यवस्थाले प्रतिनिधि उपस्थित नभएकै आधारमा मात्र त्यस्तो लिखतले मान्यता पाउँदैन भन्न मिल्ने नदेखिने।

प्रतिनिधि नभएको लिखतमा अन्य कानूनी रित र प्रक्रिया पुगेको छ छैन भनी जाँचिन सकिन्छ । सखुवा गा.वि.स.को बण्डा मुचुल्कामा निवेदकको वारेसले सहिछाप गरेको पाइन्छ भने जनकपुर नगरपालिका, देवडिहा गा.वि.स. र बहुअर्वा गा.वि.स. का जग्गाको बण्डा मुचुल्कामा निवेदक स्वयं उपस्थित भएर पनि सही गर्न नमानेको भनी उल्लेख भएको पाइन्छ। सबै बण्डा मुचुल्का तोकिएको तारेखमा भएका छन् । मुद्दाका दुवै पक्षहरूलाई डोरको तारेख दिइएको छ । स्थानीय निकायलाई प्रतिनिधि पठाई दिन भनी पत्र लेखी उक्त पत्र सम्बन्धित नगरपालिका र गाउँ विकास समितिलाई बुझाइएको मिसिलबाट देखिन्छ । अदालतको फैसलाबमोजिमको अंश भाग छुट्याउने काम भएको छ । साक्षी राखिएको छ । लिखतको शिर तथा पुच्छरमा सहिछाप लगाइएको छ। निवेदकले जिकिर लिएका सबै बण्डा मुचुल्कामा कुनै कानूनी त्रुटि भएको पनि देखिँदैन। रितपूर्वक भएका बण्डा मुचुल्कालाई केवल आफ्नो दस्तखत नभएको र स्थानीय निकायका प्रतिनिधि उपस्थित नभएको भन्ने आधारमा मात्रै गैरकानूनी भयो भनी मान्न नसकिने।

फैसला कार्यान्वयन न्यायको सर्वोपरि मान्यता हो । फैसला कार्यान्वयन नभई न्यायको अनुभूति कसैले गर्न सक्दैन् । तसर्थ फैसला कार्यान्वयनमा गम्भीरतम कानूनी त्रुटि नदेखिएसम्म त्यसलाई बदर गर्न अदालत तम्सिनु हुँदैन । अदालतबाट भएको फैसला कार्यान्वयनमा कुनै पक्ष प्रवेश गरिसकेपछि अड्डाले त्यसपछि अपनाउनु पर्ने कानूनी प्रक्रिया पूरा गरी सम्पूर्ण कार्य पूरा भइसकेपछिको अवस्थामा कुनै पक्षले त्यस्ता कामकारवाहीप्रति नै चुनौती दिने र त्यसलाई अदालतबाट गम्भीर कानूनी त्रुटि नदेखिए पनि बदर गर्दै जाने हो भने त्यसमा अदालतप्रतिको आस्था र विश्वासमा आघात पर्न जाने हुन्छ । यति मात्र होइन फैसला कार्यान्वयन नहुँदा न्याय प्रणालीमा नै वास्तविक न्याय वा कागजी न्याय भनी प्रश्न खडा हुनसक्छ। तसर्थ न्याय प्राप्ति सहज, सरल र यथोचित समयमा होस् भन्ने हेतु फैसला कार्यान्वयनको प्रश्नलाई गम्भीरताको साथ विचार र निरूपण गरिनु पर्ने।

अतः धनुषा जिल्ला अदालतको तहसिल शाखाबाट भई आएका बण्डा मुचुल्का बदर नगरेको धनुषा जिल्ला अदालतको मिति २०६९।२।२६ को आदेश र सो आदेशलाई अन्यथा नगरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।६।४ को आदेशमा

कुनै त्रुटि रहे भएको नदेखिएकोले मागबमोजिमको आदेश जारी गरी रहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : लोकनाथ पराजुली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल पुस २ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७०-CR-१०६०, कर्तव्य ज्यान, *रामबहादुर चौधरी वि. नेपाल सरकार*

प्रतिवादीको अदालतको बयानबाट मृतक कमल किशोर डगौरासँग पूर्व रिसइवी रहेको देखिएको छ । रातको १०:०० बजेको समयमा घरमा मृतक निदाई अचेत अवस्थामा रहेको देखिई कुटपिट गर्ने मनसाय जागी चिर्पट दाउराले मृतकको संवेदनशील अङ्ग टाउकोमा लगातार ३ पटक प्रहार गरेको र सोही प्रहारको फलस्वरूप तत्कालै मृतकको मृत्यु भएको अवस्था छ । चिर्पटको कडा दाउराले टाउकोमा पटकपटक हान्दा मानिस मर्ने सम्भावना अत्यधिक हुन्छ । यो साधारण समझबाट पनि पूर्वअनुमान गर्न सकिन्छ । प्रतिवादीको कार्यबाट मानिस मर्लाजस्तो देखिएको स्थितिमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. आकृष्ट हुन सक्दैन । आफूले गरेको कार्यबाट चोट खाने व्यक्तिको ज्यान जानसक्छ भन्ने पूर्वअनुमान (Fore see) हुने अवस्थामा Malice तत्त्व रहन्छ । मृतकलाई कुटपिट गर्दा मृतकको भलाई निम्ति वा रक्षा शिक्षा गर्दाको अवस्थामा भवितव्य हुनसक्छ । तर, प्रस्तुत मुद्दाको तथ्य रक्षा शिक्षाको लागि वा मृतककै भलो निम्ति कुटपिट गरेको नभई रिस उठी सुती निदाएको व्यक्तिमा प्रहार गरेको अवस्था छ। उक्त सम्पूर्ण तथ्यहरू मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. मा रहेको व्यवस्थासँग मेल खाँदैन । प्रतिवादी रामबहादुर चौधरीले जानीजानी सोचविचार गरेर गरेको कार्यबाट मृतक कमलकिशोर डगौराको मृत्यु भएको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३ नं. को देहायबमोजिम सर्वस्वसहित जन्मकैद गर्ने ठहर गरेको पुनरावेदन अदालतको फैसला मिलेको देखिने ।

प्रतिवादी रामबहादुर चौधरीलाई ऐनअनुरूप सजाय गर्दा चर्को पर्ने चित्तले देखी अ.बं. १८८ नं. अनुसार कैद वर्ष १३ हुन सुरू एवं पुनरावेदन अदालतले जाहेर गरेको रायतर्फ विचार गर्दा मृतकलाई मार्नुपर्नेसम्मको उद्देश्य प्रतिवादीले लिएको देखिँदैन । प्रतिवादी २५ वर्षको अल्लारे देखिएको छ । पढे लेखेको शिक्षित पनि छैन । अशिक्षित भएको कारण निजको बुबा र छोराको मृत्यु, मृतक कमलकिशोर डगौराले बोक्सी लगाई मारेको भन्ने भ्रमबाट मानसिक तनावमा रहेको स्थिति देखिन्छ । आफ्नो बाबु र छोरा मरेको पीडा रहेका प्रतिवादीले रक्सी सेवन गरेको अवस्थामा काका कमल किशोरलाई कुटपिट गर्नुपर्छ भन्ने सोची निजको घरमा गई सुतिरहेको अवस्था देखी निजको आँगनमा तत्काल देखेको काठको चिर्पट उठाई हिर्काएको छ । रातको समयमा रक्सी सेवन गरेको अवस्थामा हान्दा मृतकको टाउकोमा प्रहार हुन गएको छ । प्रतिवादीले भएको सत्य व्यहोरा अदालतसमेतमा बताई न्याय प्रदान गर्न अदालतलाई सघाउ पुर्‍याएकोसमेत हुँदा प्रतिवादीलाई लागेको सर्वस्वसहित जन्मकैदको सजाय चर्को पर्नजाने चित्तले ठानी अ.बं. १८८ नं. अनुरूप कैद वर्ष १३ मात्र हुन पुनरावेदन अदालतसमेतले लगाएको रायसमेत सदर हुने हुँदा प्रतिवादी रामबहादुर चौधरीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३ नं. को देहाय ३ अनुसार सर्वस्वसहित जन्मकैद गरी अ.बं. १८८ नं. अनुसार १३ वर्ष मात्र

कैदमा राख्न राय जाहेर गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, दिपायलबाट मिति २०७०।६।२ मा भएको फैसला र रायसमेत सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल चैत २४ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०६८-CR-१०५१, कर्तव्य ज्यान, *खड्कमान रानामगर वि. नेपाल सरकार*

कुनै कार्य भवितव्यअन्तर्गत पर्नको लागि त्यस्तो कार्य मनसायरहित हुनुपर्छ, लापरवाहीका साथ त्यस्तो कार्य गरेको हुनुहुँदैन, कुनै काम कुरा गर्दा त्यसैद्वारा मानिस मर्न गएमा त्यस्तो कार्य भवितव्य ज्यानअन्तर्गत पर्दछ । तर, प्रस्तुत वारदातकर्ताले गर्न लागेको कुनै कामबाट मानिस मर्ला जस्तो नदेखिएको अवस्था भएको होइन । प्रतिवादीले कुनै अन्य काम कुरा गर्दा प्रस्तुत वारदात घटित भएको होइन । अपितु प्रतिवादीले कुटपिट गरी आँखा फुटाली दिएको र ४।५ मुक्का हानेको कारण छट्पटाउँदै भिरबाट लडी मृत्यु भएको देखिन्छ । प्रतिवादी कसुरमा साबित भई मौकामा र अदालतमा समेत बयान गरेको पाइन्छ । प्रतिवादीले मृतकको आँखासमेत निकाली सकेपछि ४।५ मुक्का हानी क्रूरताका साथ मारेको पाइन्छ । अन्य व्यक्तिको बदला लिन निर्दोष र आफ्नो दैनिकीमा रहेकी महिलामाथि क्रूरतापूर्वक गरिएको कार्य भवितव्यअन्तर्गत पर्न आएन । प्रतिवादीले सालको पात टिपिरहेकी मृतकलाई कुटपिट गरी रगतपच्छे पारी मुक्कासमेतले हानी भिरबाट लडाइदिएको कुरामा साबित भएको र प्रतिवादीको उक्त कार्य प्रत्यक्षदर्शी विष्णु थापाको बकपत्रबाट समेत पुष्टि भएको पाइन्छ । मृतकका गाउँलेले आफूप्रति गरेको बदला लिन मृतकलाई हानी मारेको भनी प्रतिवादीले आफ्नो बयानमा उल्लेख गरेको अवस्थामा प्रतिवादीलाई सुरू अदालत तथा पुनरावेदन अदालतले गरेको सजाय अन्यथा भएको नदेखिने ।

पुनरावेदकले अ.बं. १८८ नं. अन्तर्गत सजाय घटाई पाउँ भन्ने पुनरावेदन जिकिर लिएको पाइन्छ । मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. मा "... अपराध गर्दाको अवस्था विचार गर्दा कसुरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहराई आफ्ना चित्तले देखेको कारणसहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्नुहुन्छ । अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजायमा घटाई तोक्न हुन्छ" भनी उल्लेख भएको पाइन्छ । यस नम्बरलाई न्यायकर्ताको विवेकमा छोडेको पाइन्छ । न्यायकर्ताले इन्साफको रोहमा हेर्दा सबुत प्रमाणबाट दोषी देखिएको व्यक्तिलाई कानूनबमोजिमको सजाय गर्दा सजाय चर्को पर्ने चित्तले देखेको अवस्थामा शुद्ध विवेक (Conscience) प्रयोग गर्न दिएको कानूनसम्मत् अवस्था हो । कानूनको यो सुविधा मुद्दाका पक्षले माग गरेको आधारमा दिने र माग नगरेको अवस्थामा नदिने भन्ने हुँदैन । कानूनले न्यायकर्तालाई गरेको यस प्रकारको विश्वासलाई सावधानीका साथ प्रयोग गर्नुपर्दछ । विवेक प्रयोग गर्ने प्रयाप्त आधार हुनुपर्छ । आधार बिना गरिएको विवेकले न्यायिक अराजकता ल्याउन सक्ने हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीले ६० वर्ष उमेर नाघेको बृद्ध महिलालाई आँखा फुटाल्ने, मुक्का प्रहार गर्ने अनि भिरबाट लडाएर मार्ने यी पुनरावेदक प्रतिवादीमाथि विवेक प्रयोग गर्ने आधार र अवस्था देखिन आएन । विवेक प्रयोग गर्ने अवस्था नै नभएको

प्रस्तुत वारदातमा पुनरावेदक प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम सजाय घटाउने मिल्ने अवस्था देखिन नआउने।

अत: पुनरावेदक प्रतिवादी खड्गमान रानामगरले मृतक कन्याकुमारी तुम्सिङ थापालाई क्रूर तथा अमानवीय तवरले कुटपिट गरी मारेको पुष्टि भएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू गोरखा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६८।९।३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७२ साल फागुन १२ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, ०६७-CR-०१२९, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *गंगा खनाल वि. नेपाल सरकार*

पुनरावेदकले पेस गरेका प्रमाणपत्रमा परीक्षा वर्ष १९९० र प्रमाणीकरणको व्यहोरामा पनि सोही साल उल्लेख गरी "वर्षकेअनुसार कोड गलत है" भनी जवाफ आएकोले यस अदालतबाट विपक्षी झिकाउँदा लिएको आधारसँग सहमत हुन सकिएन। तसर्थ, पुनरावेदकले अध्ययन गरेको भनिएको शैक्षिक संस्थाबाट नै पेस भएका प्रमाणपत्र गलत हुन् भनी लेखी आएको र पुनरावेदकले पनि आफ्ना प्रमाणपत्र सही सत्य हुन भनी कुनै प्रमाण पेस गर्न नसकेको अवस्थामा विवादित प्रमाणपत्र सही सत्य हुन् भन्न नसकिने।

पुनरावेदकले गलत शैक्षिक योग्यताको प्रमाणपत्र बनाई सोही प्रमाणपत्रका आधारमा समेत ओहदा पाउने अभिप्रायले पेस गरेको देखिन्छ। पेस भएको विवादित प्रमाणपत्रबाट कुनै ओहदा वा कुनै लाभ वा सुविधा प्राप्त नगरेको भए पनि पेस गर्न आवश्यक नै नभएको अवस्थामा नक्कली प्रमाणपत्र बनाई पेस गर्ने कार्यको पछाडि ओहदासम्बन्धी सम्भावित लाभ वा सुविधा प्राप्त गर्ने आपराधिक अभिप्राय वा उद्देश्य रहेको स्पष्ट हुन्छ। पुनरावेदकले सेवामा रहँदा सम्भावित लाभ लिने उद्देश्यले नै नक्कली प्रमाणपत्र बनाई कार्यरत बैंकमा पेस गरेको देखिएकोले त्यसबापत कुनै लाभ नलिएकै आधारमा हुन सक्ने सजायबाट पुनरावेदक प्रतिवादीले उन्मुक्ति पाउने अवस्था नदेखिने।

प्रतिवादी गंगा खनालबाट पेस भएका इन्टरमिडिएट तहको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली देखिएकोले प्रतिवादी गंगा खनाललाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुरमा सोही ऐनको दफा १२ र २९(२) बमोजिम रू. ५००।- जरीवाना हुने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०६७।२।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल फागुन ९ गते रोज १ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०७१-WO-०५६७, उत्प्रेषण / परमादेश, *मैया रञ्जितकार वि. पुनरावेदन अदालत, पाटनसमेत*

अ.बं. १७ नं को रोहमा पुनरावेदन अदालतले

गरेको आदेश परिवर्तन गर्ने अधिकारक्षेत्र माथिल्लो अदालतले सैद्धान्तिक विचलन वा कानूनको घोर उल्लङ्घन भएको अवस्थामा बाहेक प्रयोग गर्नु उपयुक्त हुँदैन। वस्तुत: मातहत अदालतमा परेका मुद्दाको काम कारवाहीमा म्याद नाघेको वा बेरीत भएको वा कार्यविधि कानूनको त्रुटि गरी आदेश गरेको स्पष्ट देखिएमा यस अदालतले बदर गर्नसक्ने हो। न्यायिक मनको प्रयोग गरी गरेको आदेश बदर गर्दा कार्यान्वयनयोग्य फैसलामा पर्ने प्रभावलाई पनि यस अदालतले सदैव ध्यान राख्नु पर्ने हुन्छ। अदालतको अन्तिम फैसला कुनै पनि हालतमा कार्यान्वित हुनुपर्दछ भन्ने कुरामा विवाद हुन नसक्ने।

कि.नं. २१२१ को जग्गा अमृतलाल रञ्जितकारको नाममा भएको तथ्यमा विवाद छैन। प्रस्तुत विवादमा निवेदिकाले मेरो एकलौटी हक भोगमा आउने जग्गा घरबाट छुट्टी भिन्न भएका छोराले बुझाउनु पर्ने बिगोमा लिलाम गर्न नमिल्ने जिकिर लिएको देखिन्छ। वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।८।२० को फैसलाउपर पुनरावेदन नपरी मुद्दा अन्तिम भएर बसेको देखिन्छ। वैदेशिक रोजगार ठगी मुद्दाका जाहेरवाला कृष्णप्रसाद र शोभा शिवाकोटीले निवेदिकाको पति अमृतलाल रञ्जितकारको नामको कि.नं. २१२१ को जग्गाबाहेक धादिङ जिल्ला गजुरी गा.वि.स. अन्तर्गतको कि.नं. १८५, १८८, १२४, १२५ का जग्गाहरू देखाई मिति २०६९।५।५ मा काठमाडौं जिल्ला अदालतमा बिगो भरी भराउको लागि दरखास्त दिएपछि प्रतिवादी मणिन्द्रलाल रञ्जितकारको नाममा जारी भएको म्याद घरदैलोमा टाँस भएकोमा मणिन्द्रलाल रञ्जितकार अदालतमा उपस्थित भएको देखिएन। फैसलाबमोजिम जाहेरवालाको बिगो भरी भराउको लागि निज विपक्षी मणिन्द्रलाल रञ्जितकार आफैँ सक्रिय हुनु पर्ने।

मिसिल संलग्न रहेको अंश छोडपत्रको कागजमा निजले मिति २०६०।३।२ मा अंश छोडपत्र गरेको देखिए तापनि मणिन्द्रलालले वैदेशिक रोजगार ठगी मुद्दाका जाहेरवालामध्ये शोभा शिवाकोटीबाट सो मितिभन्दा अगावैदेखि अर्थात मिति २०५७।६।१३ मा रू.५,००,०००।– (पाँच लाख रूपैयाँ), अर्का व्यक्ति सुनिल शिवाकोटीबाट मिति २०५७।१२।९ मा रू.५,००,०००।– (पाँच लाख रूपैयाँ) र जाहेरवाला कृष्णप्रसाद शिवाकोटीबाट मिति २०६०।१२।६ मा रू.२५,००,०००।– (पच्चीस लाख रूपैयाँ) समेत गरी रू.३५,००,०००।– (पैतीस लाख रूपैयाँ) लिएको देखिन्छ। यसरी अंश छोडपत्र गर्नुभन्दा पहिला पनि कागज गरी शोभा शिवाकोटी र सुनिल शिवाकोटीबाट रू.१०,००,०००।– (दश लाख रूपैयाँ) र सो भन्दा पछि लिएको रू.२५,००,०००।– (पच्चीस लाख रूपैयाँ) समेत बिगो वैदेशिक रोजगार ठगी मुद्दामा बिगो कायम भई वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला अन्तिम भई यथावत् कायम रहेको देखिन आयो। यसरी विपक्षी मणिन्द्रलाल रञ्जितकारले निजको बुवा अमृतलालको जीवनकालमा सगोलमा रहेको समयमा लेनदेन कारोबार गरेको देखिँदा अमृतलालको नाममा कायम रहेको कि.नं. २१२१ को जग्गा र घरलाई दुई भाग लगाई दुई भागमध्ये निवेदिका मैया रञ्जितकारको भाग पर सारी विपक्षी मणिन्द्रलाल रञ्जितकारको भागबाट मात्र वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।८।२० को फैसला कार्यान्वयन गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।९।३ मा भएको आदेश त्रुटिपूर्ण देखिन आएन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गुनाखर शर्मा

इति संवत् २०७२ साल माघ १४ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०६८-CR-०८४९, ०६८-RC-००७९, कर्तव्य ज्यान, *बाबु भन्ने राजकुमार दमाई वि. नेपाल सरकार, नेपाल सरकार वि. राजकुमार दमाई*

मृतकको मृत्यु टाउकोमा लागेको चोट (Head Injury) को कारणले भएको भन्ने शव परीक्षण प्रतिवेदन र मृतक बलबहादुर थापाको बायाँ आँखामाथि निधारमा ३ इन्च लम्बाई, २ इन्च चौडाईको चोट रहेको र नाक, मुख, कानसमेत रगतले लतपत्तिएको भन्ने लासजाँच प्रकृति मुचुल्का रहेको पाइन्छ । आफूले हानेको दाउराको चोटको कारण मृतक बलबहादुर थापाको मृत्यु भएको भन्ने प्रतिवादी बाबु भन्ने राजकुमार दमाईको मौका तथा अदालतको बयानलाई जाहेरवालीको मौका तथा अदालतको बकपत्र, मौकामा कागज गर्ने गौमती थापा तथा श्याम दर्जीको अदालतको बकपत्र, शव परीक्षण प्रतिवेदन र लास जाँच मुचुल्कासमेतका मिसिल संलग्न प्रमाण कागजातबाट मृतक बलबहादुर थापाको कर्तव्यबाट मृत्यु भएको देखिन आउने ।

कानूनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न लगाउन वा मार्नाको उद्योग गर्न हुँदैन भन्ने ज्यानसम्बन्धीको महलको १ नं. मा व्यवस्था रहेको पाइन्छ । प्रस्तुत वारदातमा पुनरावेदक प्रतिवादीले घोप्टो परी निदाएका व्यक्ति राजु भन्ने ठानी दाउराले हानेकोमा सो निदाएका व्यक्ति राजु नभई बलबहादुर थापा पर्न गई निज बलबहादुरको सोही चोटको कारणले मृत्यु भएको देखिएको छ । पुनरावेदक प्रतिवादीको मौका तथा अदालतको बयान व्यहोराबाट मृतक बलबहादुरलाई हानी मार्नेसम्मको मनसाय नभएको देखिए तापनि राजु भन्ने व्यक्तिले मिति २०६६।११।२९ मा राति ९.३० बजे झगडा हुँदा आफूलाई हानेको कारणबाट रिसइवी राखी निज राजुलाई हानी मार्नेसम्मको उद्देश्यले साथी खोज्न गई साथी नपाई फर्की आउँदा दाउराले हानी मार्ने उद्देश्यले अनिता मगरको घरबाट दाउरा टिपी ल्याई राजु भन्ने व्यक्तिलाई हान्छु भनी हानेकोमा मृतक बलबहादुर पर्न गएको तथ्य सिलसिलेवार रूपमा खुलाएको तथा मृतक सुती निदाएको अवस्थामा प्रतिवादीले दाउराले मृतकउपर चोट प्रहार गरेबाट तत्कालको रिस उठेकोले रिस थाम्न नसकी हानी मारेको भन्ने प्रतिवादीको जिकिर कानूनसम्मत नदेखिई प्रतिवादीले मनसायपूर्वक एकालाई हानी मार्न खोजेकोमा संयोगवश अर्को व्यक्ति पर्न गएको अर्थात् सरेको मनसाय (Transfer malice) अवस्था देखिन आएको छ । यी प्रतिवादीले मार्ने उद्देश्यले राजु वा बलबहादुर थापा जोसुकैलाई प्रहार गरेको भए तापनि निजको उक्त कार्य ज्यानसम्बन्धीको १ नं. को कानूनविपरीतको ज्यान मार्ने कार्य हुन गएको तथा मनसाय र कार्य दुवै तत्त्व मिसिल प्रमाणबाट स्थापित हुन आएकोले उक्त वारदात मनसायपूर्वकको हत्या (Intentional Homicide) भन्ने नै देखिन आउने ।

मृतकलाई मार्नु पर्ने प्रतिवादीको पूर्व इवीलाग वा मनसाय नभएको भन्ने देखिए तापनि राजु भन्ने व्यक्तिसँग इवीलाग भई निज राजुलाई मार्नेसम्मको मनसाय भई मार्नका लागी बाटोदेखि नै दाउरा लिई वारदातस्थलमा पुगेपछि निज राजु भन्ने ठानी दाउराले प्रहार गरेकोमा अर्को व्यक्ति बलबहादुर थापा परी सरेको मनसायको सिद्धान्त प्रस्तुत मुद्दामा आकर्षित हुने देखिँदा सुरू रूपन्देही जिल्ला अदालतले मिति २०६७।३।२१ मा यी पुनरावेदक प्रतिवादी बाबु भन्ने राजकुमार दमाईलाई ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिमको कसुरमा सोही महलको १३ (३)

नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।२।१६ को फैसला मिलेको देखिन आउने।

पुनरावेदक प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम कम सजाय हुने हो, होइन भन्नेतर्फ हेर्दा प्रतिवादीले आफ्नो सत्य कुरा भनी न्याय निरूपणमा अदालतलाई सहयोग नै गरेको पाइयो। राजुलाई मार्ने उद्देश्यले प्रहार गरेकोमा मृतक बलबहादुर थापालाई मारेको देखिएको मृतकलाई मार्न पर्ने पूर्व रिसइवी रहेको नदेखिएको, रक्सी सेवन गरेका प्रतिवादीले मार्नुपर्ने मानिस भनी राजुलाई लक्षित गरेकोमा निज जीवित नै रहे भएको अवस्थासमेतलाई विचार गर्दा ऐनबमोजिमको पूरा सजाय गर्दा चर्को पर्ने देखिएको र अ.वं. १८८ नं. बमोजिम कम सजाय गर्दा पनि न्यायको मकसद पूरा हुने देखिन आएकोले निज प्रतिवादी बाबु भन्ने राजकुमार दमाईलाई अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १५(पन्ध्र) हुन मनासिब देखिने।

पुनरावेदक प्रतिवादी बाबु भन्ने राजकुमार दमाईलाई ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहराएको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०६७।३।२१ को फैसला मिलेको देखिँदा सदर हुने ठहराएको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।२।१६ को फैसला मिलेकै देखिँदा सदर हुने र कैदको हकमा सम्म निज प्रतिवादी बाबु भन्ने राजकुमार दमाईलाई अ.वं. १८८ नं. बमोजिम कैद वर्ष १५ (पन्ध्र) हुने।

इजलास अधिकृत : हर्कबहादुर क्षेत्री

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल पुस २९गते रोज ४ शुभम्।

३

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०६९-WO-०६२५,** उत्प्रेषण / परमादेश, *राजकरण मुखिया वीन वि. पुनरावेदन अदालत हेटौंडासमेत*

निवेदकका बुबा र विपक्षी विपत मुखिया दुवैजना अंशियार भएको अवस्थामा विपत मुखियाले गरेको कर्जा कारोबारमा निज अंशियार बिल्टु मुखिया वा निजको छोरा यी निवेदकलाई लिखतमा साक्षी राख्नुपर्ने हुन्थ्यो। निवेदकका बुवा तथा निवेदकलाई मिति २०५७।११।१५ को लेनदेन लिखतमा ऋण लिएको व्यहोरा देखाउन साक्षी राखेको वा मञ्जुरी लिएको देखिँदैन। विपक्षी विपत मुखियाले लिएको कर्जाको दायित्व बहनका लागि सगोलको सम्पत्तिको उपयोग सगोलमा गरिएको भन्ने कुरा प्रस्तुत विवादको तथ्यबाट देखिँदैन। अंशियारको जानकारी र मञ्जुरी बिना गरिएका सबै व्यवहारलाई अन्य अंशियारको हकमा समेत मान्यता दिँदै जाने हो भने हाम्रो कानूनी र सामाजिक मान्यतासमेत भत्कन जाने।

रौतहट जिल्ला अदालतबाट मिति २०६९।१।८ मा भएको आदेश सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।६।२५ को आदेश मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं. समेतको विपरीत भएबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (२), नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब विपक्षी विपत मुखिया वीनको अंश भागबाट मात्र लेनदेन मुद्दाको बिगो भरी भराउको कारवाही अगाडि बढाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : भीमबहादुर निरौला

इति संवत् २०७२ साल माघ १४ गते रोज ५ शुभम्।

४

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०६८-CR-०८७२, ०८३५, मानव बेचविखन, *शोभा चन्द वि. नेपाल सरकार, नेपाल सरकार वि. शोभा चन्द*

जाहेरवालीलाई भारतको मुरादावादसम्म पुर्‍याएको र त्यहाँ पाण्डे थरका व्यक्तिको घरमा १२–१३ दिनसम्म बसेकोमा पछि नेपाल फर्किएको कुरामा प्रतिवादी शोभा चन्दको अन्यथा जिकिर देखिँदैन । प्रतिवादी शोभा चन्द र उमेश पाण्डेले जाहेरवालीलाई बेची गएको कुरा मुरादावादका बुढाबुढीले भनेकोले जाहेरी दिएको र सोहीबमोजिम अभियोग दाबी आएको देखिए तापनि विवेचित मिसिल संलग्न कथन एवं कागज प्रमाणबाट जाहेरवालीको आफू बेचिएको भन्ने कथन व्यहोरालाई मालाकाररूपमा समर्थित भएको नदेखिए तापनि निज पीडितलाई निजको हित हुने गरी सही सत्य व्यवहारबाट भारत पुर्‍याएको मान्न सकिने अवस्था पनि देखिँदैन । मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (२) को खण्ड (ख) मा शोषण गर्ने उद्देश्यले विदेशमा लैजाने व्यवस्थामा के के कार्य शोषणजन्य हुन सक्दछ भन्ने कुराको विस्तृत प्रावधान भएको देखिँदैन । प्रस्तुत मुद्दाको समग्र तथ्यलाई विचार गर्दा प्रतिवादीको कार्य पीडितको हित गर्ने बहानामा भारत पुर्‍याए तापनि परिणाम (Consequence) हेर्दा पीडितलाई अलपत्र पारेको र जाहेरवालीको स्वतन्त्रता विरूद्ध पीडितलाई बुढाबुढी रहेको घरमा राखेको काम कार्य कानूनसम्मत वा मनासिब नदेखिने ।

पीडितलाई विवाहको बहाना बनाई घरायासी काममा लगाउने वा पाण्डे थरका बुढाबुढीलाई सघाउने वा अन्य कुनै नियत मिसिलबाट खुलेको नदेखिए पनि कामको जानकारी वा मन्जुरी नै नगराई गुमराहमा पारी जबर्जस्ती मानिसलाई रोकिराख्ने वा राख्न लगाउने, व्यक्तिको जीवनलाई जबर्जस्ती परनिर्भरता बढाउने वा बनाउने वा बनाउन लगाउने, जीवन जोखिमपूर्ण बनाउने वा जीवन जिउन कष्टपूर्ण बनाउने वा बनाउन लगाउने कार्य वा यस प्रकारका जुनसुकै कार्य व्यवहारबाट व्यक्तिको स्वतन्त्रता विरूद्ध जबर्जस्ती कार्य व्यवहार वा स्वतन्त्रता हरणको कार्य व्यवहारहरू व्यक्त वा अव्यक्तरूपमा गरिएको भए पनि शोषण गर्ने उद्देश्यले भएको मान्नुपर्ने हुन्छ । अर्थात पीडितलाई विवाह गराउने बहनामा शोषण गर्ने उद्देश्यले नेपालको कञ्चनपुरबाट भारतको मुरादाबाद पुर्‍याई गुमराहपूर्ण तरिकाले बुढाबुढी भएको घरमा वैयक्तिक स्वतन्त्रतासमेत हरण गरी प्रतिवादी शोभा चन्दबाट भए गरेको कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) बमोजिम शोषण गर्ने उद्देश्य निहित रहेको प्रष्ट भई सोहीअनुसार ललाई फकाई गरी मानव ओसारपसार गरेको देखिन आउने ।

पीडितको मन्जुरी बेगरका कार्य गरी जीवन गुमराह वा जोखिमपूर्ण बनाउने, स्वतन्त्रता हरणको कार्य गरेको देखिएकोले उक्त कार्य प्रतिवादीले व्यक्त वा अव्यक्तरूपमा गरिएको भएपनि शोषण गर्ने अन्तरनिहित चाहना / व्यवहार प्रतिवादीको कार्यबाट नै पुष्टि हुन आएकोले उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(२)(ख) विरूद्ध शोषण गर्ने उद्देश्यले विदेशमा लैजाने कार्य भए गरेको देखिँदा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (१) (च) बमोजिम निज प्रतिवादी शोभा चन्दलाई ५ (पाँच) वर्ष कैद सजाय गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला मुनासिब देखिन आउने ।

माथि विवेचित आधार र कारणबाट प्रतिवादी शोभा चन्दले पीडितलाई किन्ने बेच्ने वा वेश्यावृत्तिमा लगाउनेसमेतको उद्देश्यले विदेश लगेको पुष्टि हुन नआई शोषण गर्ने उद्देश्यबाट विदेश लगेकोसम्म देखिँदा प्रतिवादी शोभा चन्दलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (१) को खण्ड (ङ) को उपखण्ड (१) बमोजिम १० वर्ष कैद र पचास हजार रूपैयाँ जरीवाना गरी क्षतिपूर्ति रकम भराई दिने ठहर्‍याएको सुरू कञ्चनपुर जिल्ला अदालतबाट मिति २०६७।३।३० मा भएको फैसला केही उल्टी हुने ठहराई निज प्रतिवादी शोभा चन्दलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (१) (च) बमोजिम पाँच वर्ष कैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।१।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल पुस २९ गते रोज ४ शुभम्।

५

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०७१-WO-०८६१, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम परमादेशलगायत जो चाहिने आदेश जारी गरिपाउँ, *अधिवक्ता राजु थापासमेत वि. नेपाल सरकार मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत*

जाहेरवालीलाई भारतको मुरादावादसम्म पुर्‍याएको र त्यहाँ पाण्डे थरका व्यक्तिको घरमा १२–१३ दिनसम्म बसेकोमा पछि नेपाल फर्किएको कुरामा प्रतिवादी शोभा चन्दको अन्यथा जिकिर देखिँदैन। प्रतिवादी शोभा चन्द र उमेश पाण्डेले जाहेरवालीलाई बेची गएको कुरा मुरादावादका बुढाबुढीले भनेकोले जाहेरी दिएको र सोहीबमोजिम अभियोग दाबी आएको देखिए तापनि विवेचित मिसिल संलग्न कथन एवं कागज प्रमाणबाट जाहेरवालीको आफू बेचिएको भन्ने कथन व्यहोरालाई मालाकाररूपमा समर्थित भएको नदेखिए तापनि निज पीडितलाई निजको हित हुने गरी सही सत्य व्यवहारबाट भारत पुर्‍याएको मान्न सकिने अवस्था पनि देखिँदैन। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (२) को खण्ड (ख) मा शोषण गर्ने उद्देश्यले विदेशमा लैजाने व्यवस्थामा के के कार्य शोषणजन्य हुन सक्दछ भन्ने कुराको विस्तृत प्रावधान भएको देखिँदैन। प्रस्तुत मुद्दाको समग्र तथ्यलाई विचार गर्दा प्रतिवादीको कार्य पीडितको हित गर्ने वहानामा भारत पुर्‍याए तापनि परिणाम (Consequence) हेर्दा पीडितलाई अलपत्र पारेको र जाहेरवालीको स्वतन्त्रता विरूद्ध पीडितलाई बुढाबुढी रहेको घरमा राखेको काम कार्य कानूनसम्मत वा मनासिब नदेखिने।

पीडितलाई विवाहको बहाना बनाई घरायासी काममा लगाउने वा पाण्डे थरका बुढाबुढीलाई सघाउने वा अन्य कुनै नियत मिसिलबाट खुलेको नदेखिए पनि कामको जानकारी वा मन्जुरी नै नगराई गुमराहमा पारी जवर्जस्ती मानिसलाई रोकिराख्ने वा राख्न लगाउने, व्यक्तिको जीवनलाई जबर्जस्ती परनिर्भरता बढाउने वा बनाउने वा बनाउन लगाउने, जीवन जोखिमपूर्ण बनाउने वा जीवन जिउन कष्टपूर्ण बनाउने वा बनाउन लगाउने कार्य वा यस प्रकारका जुनसुकै कार्य व्यवहारबाट व्यक्तिको स्वतन्त्रता विरूद्ध जबर्जस्तीका कार्य व्यवहार वा स्वतन्त्रता हरणको कार्य व्यवहारहरू व्यक्त वा अव्यक्तरूपमा गरिएको भएपनि शोषण गर्ने उद्देश्यले भएको मान्नु पर्ने हुन्छ। अर्थात पीडितलाई विवाह गराउने बहनामा शोषण गर्ने उद्देश्यले

नेपालको कञ्चनपुरबाट भारतको मुरादाबाद पुर्‍याई गुमराहपूर्ण तरिकाले बुढाबुढी भएको घरमा वैयक्तिक स्वतन्त्रतासमेत हरण गरी प्रतिवादी शोभा चन्दबाट भए गरेको कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) बमोजिम शोषण गर्ने उद्देश्य निहित रहेको प्रष्ट भई सोहीअनुसार ललाई फकाई गरी मानव ओसारपसार गरेको देखिन आउने।

पीडितको मञ्जुरीबेगरका कार्य गरी जीवन गुमराह वा जोखिमपूर्ण बनाउने, स्वतन्त्रता हरणको कार्य गरेको देखिएकोले उक्त कार्य प्रतिवादीले व्यक्त वा अव्यक्तरूपमा गरिएको भए पनि शोषण गर्ने अन्तर्निहित चाहना / व्यवहार प्रतिवादीको कार्यबाट नै पुष्टि हुन आएकोले उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(२)(ख) विरूद्ध शोषण गर्ने उद्देश्यले विदेशमा लैजाने कार्य भए गरेको देखिँदा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (१)(च) बमोजिम निज प्रतिवादी शोभा चन्दलाई ५ (पाँच) वर्ष कैद सजाय गर्ने ठहराएको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला मुनासिब देखिन आउने।

माथि विवेचित आधार र कारणबाट प्रतिवादी शोभा चन्दले पीडितलाई किन्ने बेच्ने वा वेश्यावृत्तिमा लगाउनेसमेतको उद्देश्यले विदेश लगेको पुष्टि हुन नआई शोषण गर्ने उद्देश्यबाट विदेश लगेकोसम्म देखिँदा प्रतिवादी शोभा चन्दलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (१) को खण्ड (ङ) को उपखण्ड (१) बमोजिम १० वर्ष कैद र पचास हजार रूपैयाँ जरीवाना गरी क्षतिपूर्ति रकम भराइदिने ठहर्‍याएको सुरू कञ्चनपुर जिल्ला अदालतबाट मिति २०६७।३।३० मा भएको फैसला केही उल्टी हुने ठहर्‍याई निज प्रतिवादी शोभा चन्दलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (१)(च) बमोजिम पाँच वर्ष कैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।१।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल पुस २९ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६६-MS-००१४, अदालतको अवहेलना, *जनहित संरक्षण मञ्च (प्रो. पब्लिक) का तर्फबाट एवं आफ्नो हकमा समेत अधिवक्ता प्रकाशमणी शर्मासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

अदालतको अपहेलना सम्बन्धमा व्यवस्थापिकाले हालसम्म कुनै कानून बनाएको देखिँदैन। के कस्तो कामले अदालतको अपहेलना हुन्छ भन्ने कुरा त्यसको परिस्थितिअनुसार अदालत आफैँले ठहर गर्ने कुरा हो। मान्य सिद्धान्तअनुसार देहायका कामहरू अदालतको अपहेलना मान्नुपर्नेः

(१) अदालतको निर्णय वा आदेशको जानाजान Willful अवज्ञा गर्ने कार्य।

(२) अदालतसमक्ष गरेको प्रतिज्ञाको जानाजान Willful भंग वा अवज्ञा गर्ने कार्य।

(३) बोलेर, लेखेर वा अन्य कुनै प्रकारद्वारा अदालतप्रति भ्रामक हल्ला फिँजाई अनास्था पैदा गरी काण्ड मच्चाउनु अर्थात Scandalize गर्ने कार्य।

(४) बोलेर वा लेखेर वा अन्य कुनै प्रकाशन वा कार्यद्वारा अदालती कारवाहीमा हस्तक्षेप गर्ने कार्य।

(५) बोलेर वा लेखेर वा अन्य प्रकाशन वा कामद्वारा अदालती कारवाहीमा हस्तक्षेप गर्ने वा न्याय प्रशासनमा अवरोध गर्ने कार्य।

(६) अदालतमा विचाराधीन मुद्दामा टिप्पणी गरी स्वतन्त्र र निष्पक्ष न्याय सम्पादनमा हस्तक्षेप हुने काम गर्ने

(७) मुद्दाका, पक्षहरू, मुद्दाका साक्षीहरू तथा अदालतका कर्मचारीलाई बाधा विरोध गर्ने कार्य।

(८) अदालतलाई विवादमा ल्याउने जुनसुकै कार्य यी अवस्था मात्र होइन, अवस्थाअनुसार विभिन्न अन्य कार्यले पनि अदालतको अपहेलना हुनसक्छ भन्ने सिद्धान्त स्थापित भएको पाइने।

अदालतको आज्ञा, आदेश वा फैसलाको अवज्ञा वा अनादर भएको छ छैन र अदालतबाट हुने न्याय सम्पादनको कार्यप्रति अविश्वास वा अनास्था हुनेसमेतका कार्य भएका छन्, छैनन् भन्ने कुराको पुष्टि यथोचित ढङ्गले हुनुपर्ने हुन्छ । अदालतको अवहेलनाको कार्य भनेको जनसाधारणमा अदालत वा अदालतले सम्पादन गर्ने कार्यप्रति अविश्वास वा अनास्था हुने वा हुनसक्ने कार्य गर्नु र अदालतको सम्मान वा गरिमामा आँच पुर्‍याउने कार्य नै हो । अवहेलनाको कार्य भइसकेपछि मात्र नभई हुनसक्ने सम्भावनाको आधारमा समेत उक्त कार्यप्रति अदालतले दोषी करार गर्न सक्ने।

अदालतको अवहेलनाको विषय अदालत आफ्नो गरिमा तथा सम्मानलाई उँचो बनाउँदै नागरिकहरूको मौलिक अधिकार, मानवअधिकार कानूनको शासन, नागरिक स्वतन्त्रताको संरक्षण गर्न न्यायपालिकालाई सक्षम बनाउने महत्त्वपूर्ण कडी पनि हो। न्यायिक गतिशीलता र न्यायिक सक्षमताका लागि समेत यो अपरिहार्य हुन्छ । स्वभावैले अदालतको आदेश कुनै व्यक्ति वा निकायलाई दुष्पाच्य हुन सक्दछ । यद्यपि न्यायिक स्वतन्त्रता र सक्षमताका लागि यो अपरिहार्य हुन्छ । अदालतले कुनै व्यक्ति वा निकायको कार्यले यो असर पर्‍यो वा पर्नसक्छ भन्ने अनुमानका आधारमा यदि अवहेलनाजन्य कार्य कसैबाट हुन्छ भने दण्डित गर्ने कार्यबाट अदालत पन्छिन नसक्ने।

संविधानद्वारा न्यायपालिकालाई संवैधानिक सर्वोच्चता र कानूनको सर्वोच्चता स्थापित गर्ने महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरिएको छ । उक्त जिम्मेवारी पूरा गर्न सक्षम बनाउन पनि अदालतले आफ्नो अवहेलना भएको अवस्थामा आफैँ पनि कारवाहीको उठान गरी दण्डित गर्न सक्दछ। अदालतको आदेश र फैसलाको सम्मान गर्ने कार्य असल नागरिकसमेतको संवैधानिक कर्तव्य हुने।

नागरिकले संविधानद्वारा प्राप्त गरेका नागरिक स्वतन्त्रताहरूसमेत निश्चित परिधिभित्र रहेर उपभोग गर्न पाउने हो भन्ने कुरा मौलिक हकमा गरिएका यावत व्यवस्थाहरूले उद्घोष गरेकै छ। स्वतन्त्रताको हकको आफ्नै परिधि र सीमासमेत संविधानले निर्धारण गरेको छ । त्यो सीमा र परिधिभित्र अदालतको अवहेलना नहुने गरी मात्र स्वतन्त्रताको हक प्रयोग गर्न पाउने गरी व्यवस्था गरेको छ। यस अर्थमा अदालतको फैसला र आदेशको सम्मान गर्नु प्रत्येक व्यक्ति तथा नागरिकको नागरिक कर्तव्य हुन आउँछ भने राज्यको सन्दर्भमा त्यो परिधि र सीमाभित्र रहेर नागरिक स्वतन्त्रताको उपभोग गर्न दिनु राज्यको कानून कार्यान्वयन गर्ने अधिकारी वर्गको लागिसमेत दायित्व र कर्तव्यकै विषय हुनजाने।

स्वतन्त्रताको अधिकारमा Enjoy गर्दासमेत अदालतको मर्यादामा ठेस नपुग्ने गरी गर्नुपर्दछ । यदि अदालतको वास्तविकरूपमा अवहेलना भएको छ भने आफ्नो अवहेलनालाई स्वीकार गरी बस्ने

अधिकारसमेत अदालतलाई हुँदैन। अदालतले आदेश दिँदै जाने र उक्त आदेश र फैसलाको उल्लङघन गर्ने छुटसमेत दिँदै जाने हो भने दण्डहीनता मौलाउँदै जाने र अन्ततः कानूनको शासन र संवैधानिक सर्वोच्चतासमेत खतरामा पर्न जाने।

प्रस्तुत विवादका सन्दर्भमा विपक्षीहरूले अदालतको आदेशलाई सर्वथा अवज्ञा गरेको नभई यस अदालतबाट जारी भएको आदेशको कार्यान्वयन गर्नका लागि सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ जारी गरेको देखिन्छ। सोअनुसारको निर्देशिकासमेत जारी भएको देखिन्छ। अदालतको अवहेलनाको विषयलाई यान्त्रिकरूपमा एकतर्फि हिसाबले हेरेर निर्णय गर्न मिल्दैन। अदालतको आदेशानुसार भएका सकारात्मक पक्षहरूलाई पनि मूल्याङ्कन गर्नुपर्ने हुन्छ। नेपाल टेलिभिजनका तर्फबाट परेको लिखित जवाफ व्यहोराबाट सुर्तिजन्य पदार्थ नियन्त्रणसम्बन्धी सन्देश तथा जनचेतनामूलक सन्देशहरू पटकपटक प्रशारण गरी आएको भन्ने उल्लेख भएको देखिँदा विपक्षीहरूले अदालतको फैसला र आदेशको पूर्णरूपमा उपेक्षा गर्ने मनसाय राखेको नदेखिने।

सञ्चार माध्यमहरूलाई नियन्त्रण गर्ने ऐन, छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ को व्यवस्थाले सञ्चार माध्यमलाई जनताबीचको सदाचार र शिष्टाचार एवं नैतिकता कायम राख्ने गरी मात्रै प्रकाशन र प्रशारण गर्ने जिम्मेवारी तोकेको देखिँदा अदालतको सम्मान र जरीवानामा आँच आउने गरी प्रकाशन र प्रशारणको कार्य गर्न रोक लगाएकै मान्नु पर्ने।

राज्यको जिम्मेवारी राष्ट्रियस्तरका पत्रपत्रिका एवं टेलिभिजनहरूबाट अदालतबाट परमादेशको आदेश जारी भइसकेपछि पनि विज्ञापन प्रकाशन र प्रशारण गर्ने कार्य भइरहेको देखिएकोले त्यस्तो कार्य रोक लगाउनु राज्यका कानून कार्यान्वयन अधिकारीहरूको दायित्वको विषय हो भन्ने स्वतन्त्र प्रेसलाई मर्यादित बनाउनु प्रेस जगतको समेत अहम भूमिका रहन जान्छ। विपक्षीहरूको लिखित जवाफबाट अदालतको आदेशको सदैव सम्मान गर्दै आएको र भावी दिनमा पनि सम्मान गर्दै जाने प्रतिबद्धता देखिइरहेको अवस्थामा तत्काल सजाय तोकिरहनु उपयुक्त नदेखिने।

संविधान तथा कानूनले प्रकाशन रोक लगाएकोबाहेकका समाचार विज्ञापनहरू हेर्दा छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा १४ (ङ) को प्रतिकूल हो भन्ने देखिइरहेको हुँदा प्रतिवादीहरूलाई सजाय गराएर मात्र सो कार्य नरोकिने र पहिलो पटक कानून प्रतिकूल विज्ञापनहरू प्रकाशन र प्रशारण भएको पाइएकोले विपक्षीहरूबाट यस अदालतबाट जारी भएको मिति २०६३।२।३० र मिति २०६६।७।४ मा परमादेशको रिट निवेदनमा जारी आदेशबमोजिमको कार्य हुनेछ भन्ने यस अदालतले अपेक्षा गरेको छ यस अदालतबाट भएको फैसला तथा आदेशको कार्यान्वयन गर्दै गएको र भविष्यमा समेत बाँकी कामकारवाहीहरू अगाडि बढाउँदै जाने प्रत्यर्थीहरूको दायित्वलाई समेत अदालतले अनदेखा गर्न नमिल्ने।

प्रत्यर्थीहरूले संवेदनशील भई त्यस्तो कानून प्रतिकूलको कार्यलाई रोक लगाउने कार्यमा विपक्षीहरू प्रतिबद्ध रहेको भन्ने लिखित जवाफ व्यहोराबाट समेत देखिन आएको अवस्था रहेकाले तत्काल अवहेलनामा सजाय गरिरहनु उपयुक्त देखिएन। अदालतको अवहेलनामा सजाय गरिपाउँ भन्ने निवेदकको निवेदन खारेज हुने।

कानूनको सफल कार्यान्वयन भएको अवस्थामा कानूनी राज्यको अनुभूति जनताले

गर्न सक्ने तथा न्यायपूर्ण समाजको सिर्जना हुन सक्दछ । यसरी कानूनमा स्पष्टरूपमा उल्लिखित कार्यहरूको कार्यान्वयन गर्ने कार्य विपक्षी बनाइएको निकायहरूको भएकोमा सो अख्तियारीको पालना गर्नबाट पन्छिन मिल्दैन। कानूनको परिपालना गराउने जिम्मेवारी विपक्षी निकाय तथा पदाधिकारीहरूको भएको देखिएकोले अनुगमन, निरीक्षण, नियन्त्रण गर्ने कार्यलाई व्यवस्थित गर्दै सुर्तीजन्य पदार्थको उत्पादन तथा बिक्री वितरण गर्ने त्यस्ता उत्पादनकर्ताहरूको पहिचान गरी निवेदकको मागलाई सम्बोधन हुने गरी सम्बन्धित कानूनको उचित कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल जेठ २४ गते रोज १ शुभम्।

## इजलास नं. ४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०६८-CR-०८४८, १०३७, कर्तव्य ज्यान, *प्रेमबहादुर सुनार वि. नेपाल सरकार, नेपाल सरकार वि. गौतम गुरूङसमेत*

वस्तुत: मृतकलाई यी प्रतिवादीहरूले भाग्न उम्कन नपाउने गरी बाटो छेक्ने कार्य गरेको भन्ने कुरा पनि पुष्टि हुँदैन। प्रतिवादी प्रेमबहादुर सुनारले मृतकलाई टाउकोमा प्रहार गर्दा यी प्रतिवादीहरूले रोक्ने छेक्नेजस्ता कार्य गरी अपराध हुन नदिनेतर्फ उन्मुख भएको नदेखिँदा वारदातस्थलमा केही नगरी चुप लागी बसेको भन्नेतथ्य मिसिल संलग्न कागजातबाट पुष्टि हुन आउने।

प्रस्तुत मुद्दामा यी प्रतिवादीद्वय गौतम गुरूङ र वीरबहादुर नेपालीले मिसिल संलग्न कागजातबाट ज्यानसम्बन्धीको महलको १७(३) नं. को कानूनी व्यवस्थाअनुरूपको कसुर गरेको देखिन आयो। तसर्थ प्रतिवादीहरू गौतम गुरूङ र वीरबहादुर नेपालीलाई ज्यानसम्बन्धीको १७(३) नं. बमोजिम जनही दुई वर्ष कैदको सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, पोखराको फैसला मिलेको नै देखिने।

प्रतिवादीहरू गोरे गुरूङ, राजु सुनार र ईश्वर सुनारउपर रामप्रसाद बि.क.लाई मारेको भनी परेको जाहेरी दरखास्तमा निजहरूको नाम उल्लेख भएको देखिँदैन । यी प्रतिवादीउपर मौकामा कागज गर्ने होमबहादुर सुनारसमेतले कुनै किसिमको पोल गर्न सकेको पाइँदैन। त्यसैगरी यी प्रतिवादीहरू प्रेमबहादुर सुनारको गोठमा वारदातको समयमा रहे भएको भन्ने कुरा कुनै पनि प्रमाणबाट पुष्टि भएको छैन। प्रतिवादी प्रेमबहादुर सुनारले अनुसन्धानको क्रममा बयान गर्दा यी प्रतिवादीहरूले बाटोमा घाइते अवस्थाका रामप्रसाद वि.क.लाई बोकेको भनी उल्लेख गरे तापनि निज प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा घाइतेलाई आफूहरूले घाइते अवस्थामा देखेकोले मानवीय हिसाबले उपचार गर्नको लागि बोकी लगेकोसम्म हो भन्ने कुरा उल्लेख गरेको पाइन्छ। निजहरूको उक्त वारदातमा संलग्नता रहेको कुरा मौकामा कागज गर्ने प्र. प्रेमबहादुर सुनारको श्रीमती आइतीमाया सुनारसमेतले उल्लेख गर्न सकेको पाइँदैन । यी प्रतिवादीहरू आरोपित कसुर गरेकोमा अदालतसमक्ष इन्कार रहेको र मृतक रामप्रसाद वि.क.लाई कर्तव्य गरी मार्ने कार्यमा संलग्न रहेको भन्ने कुराको ठोस सबुद प्रमाण मिसिल संलग्न कागजातमा रहे भएको नदेखिँदा यी प्रतिवादीहरू प्रस्तुत वारदातमा कसुरदार रहेछन् भन्न सकिएन । तसर्थ प्रतिवादीमध्येका गोरे गुरूङ, राजु सुनार र ईश्वर सुनारले दाबीबमोजिम कसुर गरेको

प्रमाणबाट पुष्टि हुन नआएकोले निज प्रतिवादीहरूलाई सफाइ दिने ठहर्‍याई पुनरावेदन अदालत, पोखराबाट भएको फैसला मिलेको देखिन आउने।

उल्लिखित व्यवस्था, तथ्य एवं आधार प्रमाणहरूबाट पुनरावेदक प्रतिवादी प्रेमबहादुर सुनारले रामप्रसाद वि.क. को टाउकोमा हथौडाले प्रहार गरी सोही चोटको कारणबाट निजको मृत्यु भएको पुष्टि हुन आएकोले प्रतिवादी प्रेमबहादुर सुनारलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र प्रतिवादीहरू राजु सुनार, गोरे गुरूङ र ईश्वर सुनारले अभियोग दाबीबमोजिम कसुर गरेको प्रमाणबाट पुष्टि हुन नआएकोले निज प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहराई सुरू कास्की जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पोखराको फैसला र प्रतिवादी प्रेमबहादुर सुनारको सँगसाथमा प्रतिवादीहरू वीरबहादुर नेपाली र गौतम गुरूङ रातको समयमा मृतक रामप्रसाद वि.क. सुतेको ठाउँमा गई वारदातस्थलमा उपस्थित रहेको भन्ने पुष्टि हुन आएको हुँदा निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको महलको १७(३) नं. को कसुर गरेको देखिँदा निज प्रतिवादीहरूलाई जनही दुई वर्ष कैदको सजाय गर्नुपर्ने मा सफाइ दिने गरी गरेको सुरू कास्की जिल्ला अदालतको मिति २०६७।२।२५ को फैसला केही उल्टी हुने ठहराएको पुनरावेदन अदालत, पोखराको मिति २०६८।७।२० गतेको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। वादी र प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल फागुन ५ गते रोज ४ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७२-RC-००३१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शर्मिला राई*

शर्मिला राईको शरीरमा प्रसूती भएको लक्षण जस्तै योनिबाट रगत बगिरहेको, पाठेघरको आकार ठूलो भएको, दुवै स्तनको आकारमा वृद्धि भएको तथा दूध बगिरहेको छ। प्रसूती ४८।७२ घन्टाभित्रमा भएको पाइएको भन्ने प्रतिवादी शर्मिला राईको स्वास्थ्य परीक्षण प्रतिवेदन रहेबाट समेत निज प्रतिवादीले भर्खरै बच्चा जन्माएको अवस्था देखिन्छ। सो हुँदा सुत्केरी अवस्थामा रहेकी प्रतिवादीले बच्चा जन्माई आफैँले मारी फालेको तथ्यलाई स्वीकार गरेको साथै वस्तुस्थिति मुचुल्का गर्दा शङ्कामा रहेकी प्रतिवादी शर्मिला राईलाई सोधखोज हुँदा निजले अवैध यौन सम्बन्ध कायम गरी गर्भधारण गरेपछि जीवितै शिशु जन्माई लोकलाजको डरले सो शिशुलाई प्लास्टिकको बोरामा हाली कसी शिशु मरेपछि सेफ्टी ट्याङ्कीमा फालेको स्वीकार गरेकी थिइन। शर्मिला राईले जिउँदो शिशु जन्माई कर्तव्य गरी मारी फालेकोमा विश्वास लाग्छ भनी हेमकुमार गुरूङ, इन्द्र राई र टेकबहादुर गुरूङसमेतले लेखाएबाट यिनै प्रतिवादीले बच्चा जन्माई मारेको तथ्य मालाकाररूपमा पुष्टि हुन आउने।

जाहेरी दरखास्त, लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदन, प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतसमक्ष गरेको बयानसमेतका प्रमाणहरूबाट यी प्रतिवादी शर्मिला राईले बच्चा जन्माई हत्या गरेको पुष्टि हुन आयो। सो हुँदा प्रतिवादी शर्मिला राईलाई

ज्यानसम्बन्धीको महलको १ नं. बमोजिमको कसुरमा १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू इलाम जिल्ला अदालतको मिति २०७०।९।२१ को फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०७१।५।१५ को फैसला मिलेको देखिँदा सदर हुने।

प्रस्तुत मुद्दामा इलाम जिल्ला अदालतले यी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद हुने गरी गरेको फैसलालाई पुनरावेदन अदालत, इलामले सदर गरेको र उक्त फैसलालाई यस इजलासबाट समेत सदर गरिसकेको अवस्थामा यी प्रतिवादीले अवैध यौन सम्पर्कबाट जन्मिएको बच्चालाई लोकलाजबाट बच्न बोरामा हाली ट्वाइलेट ट्याङ्कीमा फालेको अवस्थासमेत भएकोले प्रतिवादी शर्मिला राईलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिँदा अ.बं. १८८ नं. अनुसार निजको हकमा ५(पाँच) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल माघ २२ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७२-RC-००३७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कनैया चौधरी*

प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतसमक्ष आफू र मृतकसमेत सँगै रक्सी खाई नदीको बाटो हुँदै गइरहेको अवस्थामा श्रीराम चौधरी र मबीच वादविवाद भएको र मैले धकेल्दा चोट लागी पानीमा परेको हो। निजको मोबाइलसमेत मैले लगेको, सिमपछि मैले आफ्नै घर नजिक खाल्टो खनी राखेको थिएँ भनी बयान गरेकोबाट मृतक र यी प्रतिवादी वारदात हुनुअघिसम्म सँगै रहेको र रक्सी खाई वादविवादसमेत भई यी प्रतिवादीले मृतकलाई धकेलेको तथ्यमा विवाद रहेको देखिँदैन। यी प्रतिवादीले मृतकलाई प्रहार नगरेको भए भिर पहिरोसमेत नभएको खोलाको किनारमा सामान्य रूपमा धकेल्दा घाइतेसम्म हुन सक्ने तर निधारमा 5cm×0.5cm को घाउ लागी मृत्यु नै हुनसक्ने अवस्था रहँदैन। लास जाँच मुचुल्कामा मृतक लास रहेको स्थानबाट अं. २५ फिट टाढा बाटोमा माटो घिस्रिएको अवस्था रहेको भन्ने देखिँदा मृतकलाई यी प्रतिवादीले निधारमा चोट पर्ने गरी प्रहार गरी हत्या गरेको र मृतकको मृत्युपश्चात घिसारेर पानीमा फालेको अवस्था परिस्थितिजन्य प्रमाणबाट पुष्टि हुन पुगेको देखिन्छ। प्रतिवादीले बयानमा भने जस्तो मृतकलाई धकेल्दा पानीमा खसी मृत्यु भएको भन्ने तथ्यलाई विश्वासयोग्य मान्न नसकिने।

घटना विवरणमा कागज गर्ने गणेश राना, अनिल चौधरी, मेघनाथ डगौरा तथा वस्तुस्थिति मुचुल्कामा कागज गर्ने व्यक्तिहरूले समेत प्रतिवादी कनैया चौधरीले मृतक श्रीराम चौधरीलाई कुटपिट गरी कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ भनी लेखाएको देखिन्छ। उक्त कागज गर्ने व्यक्तिहरूको निज प्रतिवादीसँग कुनै रिसइवी तथा पोल गर्नुपर्ने अन्य कुनै कारण भएकोसमेत देखिँदैन। सो हुँदा प्रतिवादी कनैया चौधरीले कर्तव्य गरी श्रीराम चौधरीलाई मारेको पुष्टि हुन आउने।

जाहेरी दरखास्त, लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, वस्तुस्थिति मुचुल्का, प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतसमक्ष गरेको बयानसमेतका आधार प्रमाणहरूबाट यी प्रतिवादी कनैया चौधरीको कर्तव्यबाट मृतक श्रीराम चौधरीको मृत्यु भएको तथ्य मालाकाररूपमा प्रमाणित हुन आएको छ। सो हुँदा प्रतिवादी कनैया चौधरीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम

सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको कञ्चनपुर जिल्ला अदालतको मिति २०७१।८।८ को फैसला सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०७१।११।१७ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ।

प्रतिवादी कनैया चौधरीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने भन्ने आधारमा मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम ७ वर्ष कैद हुनको लागि पुनरावेदन अदालत, महेन्द्रनगरबाट राय व्यक्त भएको अवस्था समेतलाई विचार गर्दा यी प्रतिवादी कनैया चौधरी लाटो भएको र खान तलासी, बरामदी मुचुल्का तथा शव परीक्षण प्रतिवेदनसमेतबाट निजले मृतकलाई जोखिमी हतियारको प्रयोग गरी अमानवीय तवरबाट हत्या गरेको अवस्था समेत देखिँदैन । प्रतिवादी र मृतक दुवैले मादक पदार्थ सेवन गरेको अवस्थामा प्रस्तुत वारदात घट्न पुगेको देखिन्छ । यसरी मादक पदार्थ सेवन गरी वादविवाद हुँदा तत्काल उठेको रिसको कारणबाट यी लाटो प्रतिवादीले सँगै रहेको साथी श्रीराम चौधरीलाई प्रहार गरेको देखिँदा यी प्रतिवादीको आपराधिक कार्य पहिलेदेखिको रिसइवीको कारणले भएको नभई तत्काल उठेको रिसको आवेगले गर्दा भएको अवस्था देखियो। जसबाट वारदातको घटना भवितव्य हो कि भनी अनुमानसमेत लगाउनु पर्ने अवस्था सिर्जना भएको देखिन आएकोले यी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्नजाने देखियो। यी लाटो प्रतिवादी कनैया चौधरीलाई अ.बं.१८८ नं. को प्रयोग गरी सजायमा कमी गर्नु दण्ड निर्धारणको प्रचलित न्यायिक पद्धतिअनुरूप नै हुने देखिँदा राय सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: मंजिता ढुंगाना

इति संवत् २०७२ साल माघ २२ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७१-RC-००७८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. थोक्चम शोवा*

मृतकको दायाँ आँखीभौं माथि काटेको चोट, निधारमा निलो डाम चोट, दायाँ कान छेउ खोस्रिएको र कन्सिरी सुन्निएको, टाउकोको पछाडिको भागसमेत सुन्निएको, दुवै आँखा बन्द, लास रहेको स्थानमा एक लुङ पोते र रूमाल रगतमा लतपतिएको अवस्थामा रहेको, सो लास रहेको ठाउँमा ५ फिट गोलाइमा आलो रगत रहेको भन्ने मृतक सुनिता मनिपुरे (थोक्चम) को घटनास्थल लासजाँच मुचुल्का रहेको छ । त्यस्तै मृतकको अनुहारमा रगत लतपतिएको, कपाल रगतले पुरै भिजेको, दाहिने कानको पछाडिपट्टि नीलो सुनिएको डाम रहेको, घाँटीको दाहिनेपट्टिको भागमा धारिलो हतियारले काटेको गहिरो भाग रहेको, निधारको बायाँपट्टिको चल्नीको भागमा कालो नीलो भई मासुको भाग दबेको, दुवै आँखाको भाग सुन्निई नीलो कालो डाम रहेको भन्ने मृतक रेविका मनिपुरेको घटनास्थल लासजाँच मुचुल्का रहेको देखिन्छ । मृतक अरूण मनिपुरेको बायाँ आँखामाथि निधारमा टुटुल्को उठेको, दायाँ कञ्चट पुरै सुन्निएको, नाकबाट सेतो फिँज निस्किएको, दुवै हात मुट्ठी बन्द रही सीधा तन्किएको भन्ने अरूण मनिपुरेको घटनास्थल लासजाँच मुचुल्का रहेको देखिन्छ । त्यस्तै वीभत्स तरिकाले आफ्नो श्रीमती, अबोध छोरा र छोरीलाई धारिलो हतियार फरूवाले प्रहार गरी कर्तव्य गरी मार्ने प्रतिवादी थोक्चम सोवालाई सजाय गरिपाउँ भन्ने जाहेरी दरखास्त रहेको देखिन्छ । त्यसैगरी मृतकहरूको मृत्युको कारणमा अरूण मनिपुरेको due to head injury, bleading to cardiopulmonary arrest भन्ने, मृतक सुनीता मनिपुरे र रेविका मनिपुरेको head injury (severe)

भन्ने शव परीक्षण प्रतिवेदन रहेको देखिन्छ भने मिसिल संलग्न मृतकहरूका तस्वीरहरूमा रहेको रगत, घाउ चोटहरूसमेत हेर्दा मृतकहरूको मृत्यु स्वाभाविकरूपमा भएको नभई कर्तव्यबाटै भएको अवस्था देखिने।

मृतकहरूको शव परीक्षण प्रतिवेदन, मिसिल संलग्न फोटोहरूबाट मृतक रेविकाको टाउको, घाँटीमा गम्भीररूपले काटेको चोट लागेको र हत्केलामा समेत काटेको चोट लागेको, दायाँ आँखीभौंको छेउमा काटेको घाउ लागेको र वारदातस्थलमा आलो रगत जमेको समेत देखिन्छ । ज्वाइँले पहिलेदेखि कुटपिट गर्दै आइरहेको र कुनैपनि बेला मलाई मार्नसक्छ भनी छोरीले भन्ने गरेको, मिति २०६९।३।१३ मा घरमा कोही नभएको अवस्थामा ज्वाइँ थोक्चम शोवाले बीभत्स तरिकाले आफ्नै श्रीमती र अबोध छोराछोरीलाई धारिलो हतियार फरूवा प्रहार गरी कर्तव्य गरी मारेको भनी किटानी जाहेरी परेको र जाहेरवालाले अदालतसमक्ष समेत जाहेरी दरखास्तको व्यहोरालाई समर्थन गर्दै मेरो छोरी, नातिनातिनालाई प्रतिवादीले कर्तव्य गरी मारेको भनी बकपत्र गरिदिएको पाइन्छ । त्यसैगरी वारदात घटेपछि तत्काल सो वारदातस्थलमा पुगेका मृतक दीपक बिष्टले मौकामा कागज गर्दा मिति २०६३।३।१३ मा म स्कुलबाट परीक्षा सकेर घरमा आउँदा भुइँतलाको टाँडे कोठाभित्र पसी हेर्दा दिदी रेविका, भान्जा अरूण, भान्जी सुनिता तीनैजना धारिलो हतियारले काटी रगतपच्छे भई लडिरहेको बेहोस अवस्थामा देखेँ र म आत्तिएर कराउँदा आमा भएको ठाउँमा गएर घटनाको बारे बताएँ । आमा छिमेकीहरूसमेत घरमा आई हेर्दा भान्जी सुनिताको मृत्यु भइसकेको रहेछ। दिदी र भान्जा जीवित रहेकोमा निजहरूलाई उपचारको लागि अस्पतालमा लगेकोमा उपचार गराउँदागराउँदै दुवैजनाको मृत्यु भयो। दिदी, भान्जा, भान्जी तीनैजनालाई भिनाजु शोवा मनिपुरे भन्ने थोक्चम शोवाले धारिलो हतियारले काटी मारेको हो भन्ने कागज गरेको र सोही व्यहोरा समर्थन हुने गरी अदालतमा समेत बकपत्र गरिदिएकोलगायतका मालाकाररूपमा आएका परिस्थितिजन्य प्रमाणहरूबाट प्रतिवादी शोवा मनिपुरे भन्ने थोक्चम शोवाकै कर्तव्यबाट रेविका मनिपुरे, अरूण मनिपुरे र सुनिता मनिपुरेसमेत ३ जनाको मृत्यु भएको पुष्टि हुन आउने।

प्रतिवादी शोवा मनिपुरे भन्ने थोक्चम शोवाले रिसइवीको कारणले फरूवाजस्तो जोखिमी हतियार प्रयोग गरी वीभत्सरूपले आफ्नै परिवारका सदस्यहरू श्रीमती रेवीका मनिपुरे, छोरा अरूण मनिपुरे र छोरी सुनीता मनिपुरेलाई कर्तव्य गरी मारेको पुष्टि भएकोले अभियोग दाबीअनुसार यी प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(१) नं. को कसुर गरेको देखिन आयो । तसर्थ प्रतिवादी शोवा मनिपुरे भन्ने थोक्चम शोवालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३ नं. को कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको झापा जिल्ला अदालतको मिति २०६९।७।२६ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०७१।६।२७ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल माघ २९ गते रोज ६ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७१-CI-०८३९, मापदण्डविपरीत निर्माण कार्य गरेको, *राधाकृष्ण श्रेष्ठ वि. काठमाडौं*

*उपत्यका नगर विकास योजना*

पुनरावेदक प्रतिवादीले प्रचलित कानूनले तोकेको मापदन्डविपरीत घर निर्माणको कार्य गर्ने गरेको हो होइन ? निजले निर्माण गरेको घर सार्वजनिक बाटो, जग्गा मिचेर बनाएको हो, होइन र सोको नक्सा पास छ, छैन ? उजुरी र प्रतिवेदनबमोजिम बनाएका घर र संरचना मापदण्डविपरीत भएको भए सो भाग मात्र भत्काउनु पर्ने हो भन्ने विषयमा सम्पूर्ण कुराको बृहत् छानबिन गरी पुनरावेदकको जिकिरसमेतको दोहोरो सुनुवाई गरी निर्णय गर्ने अधिकार काठमाडौं उपत्यका नगर विकास प्राधिकरणलाई भएको देखिएकोले विपक्षी काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समिति, काठमाडौंबाट मिति २०६८।२।५ मा भएको निर्णय बदर गरी जो बुझ्नुपर्ने हो बुझी निर्णय गरिदिनु भनी पक्षहरूलाई तारिख तोकी मिसिल काठमाडौं उपत्यका विकास प्राधिकरणमा पठाइदिनु भनी गरेको पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६९।६।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गजेन्द्रबहादुर सिंह

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल भदौ २४ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६८-CR-०७३२, ०८४५, गैंडा मारी खाग बिक्री व्यवसाय, *नेपाल सरकार वि. सूर्यबहादुर सुनारीमगर, सूर्यबहादुर सुनारीमगर वि. नेपाल सरकार*

प्रतिवादी सूर्यबहादुर सुनारीमगरको पुनरावेदन जिकिरतर्फ निजले अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारीसमक्ष कसुरमा साबित भई अन्य प्रतिवादीहरूलाई समेत पोल गरी बयान गरेको देखिन्छ। गैंडा मारी खाग काटी माइला राईको घरमा राखेकोमा १ महिनापछि खाग बिक्री गरी माइला राईले रू. २०,०००।– (बीस हजार रूपैयाँ) दिएका थिए भन्ने कुरा निजको उक्त बयानमा उल्लेख भएको देखिन्छ। निजको अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारीसमक्षको बयान स्वेच्छाको होइन भनी पुनरावेदनमा जिकिर लिए तापनि वस्तुनिष्ठरूपमा प्रमाणित गराउन नसकेको स्थितिमा अनुसन्धानको क्रममा र मुद्दा हेर्ने अधिकारीसमक्षको साबिती स्वेच्छाको होइन भनी भन्न नमिल्ने भई अनुसन्धान अधिकारी तथा मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको स्वीकारोक्तिलाई निजको विरूद्धमा प्रमाणमा लिन मिल्ने नै देखिने हुँदा प्रतिवादी सूर्यबहादुर सुनारी मगरले आरोपित कसुर कायम गरी कसुरदार ठहर गरेतर्फ सुरू चितवन राष्ट्रिय निकुञ्जको कार्यालयबाट भएको फैसला सदर हुने ठहर्‍याएको र सजायतर्फ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ बमोजिम यसै कसुरमा संलग्न प्रतिवादीहरू सूर्यबहादुर सुनारी मगर, दिलबहादर बोटे र ठगु भन्ने तिलबहादुर गुरूङलाई जनही १० वर्ष कैद र रू. ७५,०००।– (पचहत्तर हजार रूपैयाँ) जरीवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल असार १ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, ०६८-WO-०९१६, उत्प्रेषण / परमादेश, राजेन्द्र महर्जन वि. कान्छा महर्जनसमेत

अदालतबाट फैसला भई अधिकारप्राप्त अधिकारी एवं मालपोत कार्यालय र नापी शाखाबाट दा.खा. एवं कित्ताकाट भई ट्रेस नक्सामा समेत

छुट्टाछुट्टै जग्गा दर्ता फारी भइसकेको अवस्थामा निवेदकको दाबीबमोजिम पुनः चलनसमेत चलाई दिइसकेको अवस्थालाई झुट्ठा भयो, पुनः चित्त बुझेन, ट्रेस नक्साबमोजिम छुट्याई भोग गर्न विपक्षी प्रत्यर्थीले हटक गरे भनी निवेदकले लिएको प्रस्तुत निवेदन दाबी र मिति ०६२।३।७ को काठमाडौं जिल्ला अदालतको फैसलाबमोजिम तयार भएको बण्डा मुचुल्का मिति ०६४।३।५ मा नापी शाखाबाट ट्रेस नक्सासमेतको कित्ताकाट गरी मिति ०६८।७।२५ मा पुनः चलन चलाई दिएपश्चात सो आदेश एवं सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति ०६८।१२।२ को आदेश बेरीतको भनी लिएको निवेदन दाबी विश्वास गर्न लायक देखिन आएन । रिट क्षेत्र समन्यायीक क्षेत्र भएको र नरम करम गरी बण्डा भएको देखिँदा नरम करम मिलाई मिति ०६३।११।२८ मा भएको ट्रेस नक्सा, दण्ड सजायको ४३(५) बमोजिम न्याय सम्पादनको क्रममा भएका आदेशहरू निवेदन मागबमोजिम बदर गरिरहन पर्ने अवस्था, आवश्यकता र औचित्यसमेत नरहेको हुँदा जिल्ला अदालत काठमाडौंको आदेश सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति ०६८।१२।२ को आदेश मिलेकै देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । यस अदालतबाट जारी भएको मिति २०६९।१।६ को अन्तरिम आदेश निष्क्रिय हुने ।

इजलास अधिकृत: गजेन्द्रबहादुर सिंह

इति संवत् २०७२ साल भदौ ३० गते रोज ४ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, ०६९-WO-११७३, उत्प्रेषण, *गगन ठकुरी वि. काठमाडौं महानगरपालिका, बागदरबार सुन्धारा, काठमाडौंसमेत*

महानगरपालिकालाई कानूनबमोजिम बोलपत्र खोली शुल्क उठाउने, ठेक्का दिने कुरालाई रोक्न र यस कार्यालयलाई क्षति पुर्‍याई विकास निर्माणमा लाउने कानूनबमोजिमको शुल्कलाई विपक्षीहरूले चुनौती दिन मिल्दैन । कसैले बोलपत्रबमोजिम ठेक्का आफूलाई नपर्दैमा बोलपत्र दर्ता नगरी फारामको नक्कल मात्र रिट साथ राखी बोलपत्र खोल्ने कार्य रोक्न आउनु यस कार्यालयको कानूनप्रदत्त अधिकार एवं महानगरबासीको विकास निर्माणको कार्य गर्नको लागि रकम संकलन गर्न पाउने अधिकारलाई पनि चुनौती गर्नु हो । सो गैह्रकानूनी माग मात्र नभई बदनियतपूर्ण कार्यका लागि दर्ता गरिएको रिटमा कानूनबमोजिम बाहेक कर लगाएको भन्ने आरोप पनि गलत छ । आफैँले यस कार्यालयले शुल्क लिनसक्ने कानूनी व्यवस्था छ भनी स्वीकार गर्ने पुनः कानूनबमोजिम लगाएको करलाई अवैध भन्ने जस्तो दोहोरो एवं विरोधाभासपूर्ण रिट निवेदकहरूको मागको आधारमा रिट जारी हुन नसक्ने ।

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४७ ले नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने पार्किङ, शुल्कको न्यूनतम् तथा अधिकतम् दर अनुसूची १९ मा उल्लेख गरी प्रकरण नं. १ देखि ४ सम्म प्रष्ट व्यवस्था गरेको कानूनी व्यवस्थाहरूले समेत गर्दा प्रत्यर्थी काठमाडौं महानगरपालिकाले पार्किङ शुल्क प्रयोजनको लागि आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र कुनै निश्चित क्षेत्र, उपक्षेत्रहरू तोकी कानूनबमोजिमको शुल्क उठाउन पाउने नै देखिने ।

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४७ ले नगरपालिकाले आफ्नो क्षेत्रभित्र

लगाउन सक्ने पार्किङ शुल्कको न्यूनत तथा अधिकतम दर अनुसूची-१९ मा उल्लेख भएबमोजिम हुनेछ भनी व्यवस्था भएकोमा अनुसूची १९ ले प्रकरण १ देखि ३ सम्म विभिन्न खालका चार पाङग्रे सवारी साधनको प्रकार अनुसार दर रेट तोकेकोमा प्रकरण नं. ४ ले १, २ र ३ मा उल्लिखित सवारी साधनबाहेक अन्य सवारी साधनहरूको लागी नगरपालिकाले व्यवस्था गरेको क्षेत्रहरूमा पार्किङको समयको आधारमा बढीमा दश (१०) रूपैयाँसम्म पार्किङ शुल्क लगाउन सक्ने छ भन्ने प्रष्ट व्यवस्था भएकोमा मिति २०६९।११।७ को सूचना नं. ३७/२०६९/०७० को सूचना र सोसँग सम्बन्धित प्रकाशित अन्य सूचनाहरू कानूनबमोजिम प्रकाशित भएको मान्न मिल्ने अवस्था नदेखिने।

नेपालको अन्तरिम संविधानमा भएको स्थानीय निकायको व्यवस्थासम्बन्धी अवधारणा, स्थानीय स्वायत्त शासन ऐन, नियमावलीमा भएको प्रावधान, नागरिक अधिकार ऐन, उपभोक्ता संरक्षण ऐनलगायतका कानूनमा भएको व्यवस्थानुसार प्रत्यर्थी नगरपालिकाले आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र कानूनबमोजिमको उल्लिखित कर, दस्तुर, असुल्न पाउने व्यवस्थालाई यस अदालतले अन्यथा भन्न मिल्दैन । कानूनमा प्रष्ट उल्लिखित दर, रेट कायम गरेको कुराहरूलाई उल्लङ्घन हुने गरी प्रत्यर्थीले गरेको कुनै व्यवस्थालाई यस अदालतले न्यायिक निरूपणको विषयको रूपमा लिनुपर्ने हुँदा प्रत्यर्थी महानगरपालिकाले मिति २०६९।११।७ को सूचना नं. ३७/०६९/०७० को सूचना र सोसँग सम्बन्धित सम्पूर्ण बोलपत्रसम्बन्धी कार्य स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४७ को अनुसूची १९ को प्रकरण नं. ४ विपरीत देखिएकोले उक्त कुरा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब प्रत्यर्थी महानगरपालिकाले आफ्नो प्रादेशिक क्षेत्रभित्र सवारी साधन पार्किङ शुल्क मिनाहा हुने मिति २०७०।८।४ को निर्णयलाई निरन्तरता दिनसक्ने आर्थिक सामर्थ्य छ भनेमा बाहेक अब उप्रान्त २ पाङग्रे सवारी साधनको हकमा पुनः बोलपत्र आह्वान गर्नुपर्ने भएमा साबिककै पार्किङ समयको आधारमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४७ को अनुसूची १९ को प्रकरण नं. ४ मा उल्लिखित शुल्क मात्र पार्किङ शुल्क लिन पाउने गरी व्यवस्था गर्नु गराउनु भनी प्रत्यर्थीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : गजेन्द्रबहादुर सिंह

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७२ साल भदौ २९ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, ०७०-CR-१०६८, ११९१, कर्तव्य ज्यान, *प्रेम ढकाल कामी वि. नेपाल सरकार, नेपाल सरकार वि. प्रेम ढकाल कामीसमेत*

भवितव्यलाई आकस्मिक घटना वा दुर्घटनाको रूपमा लिइन्छ। यसलाई दुर्घटनाको रूपमा लिइने हुँदा भवितव्य हुनलाई घट्न पुगेको घटना घटाउनेसम्मको कुनै कारण तथा रिसइवी नभएको देखिनु पर्ने, आफूले गरेको कामबाट कुनै दुष्परिणाम आउन सक्ने अवस्था तथा सम्भावना नरहेको देखिनु पर्ने, त्यस्तो दुष्परिणामको इच्छा तथा पूर्वज्ञानसमेत नभएको हुनुपर्ने साथै वैध काम वैध साधनको प्रयोग गरी प्रयाप्त सावधानी अपनाई गरेको पनि पुष्टि हुनुपर्दछ । उल्लिखित यी अवस्थाहरू एक अर्काको विकल्पको रूपमा रहेको नभई यी सबै अवस्थाहरूको संयोजन रहे भएको हुनुपर्दछ। यी मध्ये कुनै एउटाको अभाव भएमा त्यसलाई भवितव्य मान्न नसकिने।

वियरको बोतल जस्तो वस्तुले संवेदनशिल अंग टाउकोमा हिर्काउँदा ज्यान मर्न सक्छ भनी

सामान्य सुझबुझ भएको व्यक्तिले जान्नु सोच्नुपर्ने कुरा हुन आउँछ । वियरको बोतलले टाउकोमा हिर्काउँदा ज्यान मर्न सक्ने सम्भावना रहने पनि सहज अनुमान गर्नुपर्ने विषय हो । यस्तो अवस्थामा प्रतिवादीमा भवितव्य ज्यान हुन आफुले गरेको कामबाट मानिस मर्ला भन्ने जस्तो नदेखिएको वा परिणामको पूर्व ज्ञान नभएको भनी मान्न सकिँदैन । यसमा प्रतिवादीको मृतकलाई मार्ने मनसाय स्पष्ट नदेखिए पनि मानिस मर्न सक्ने परिणामको पूर्व सम्भावनाको जानकारी भने रहेकै देखिँदा प्रस्तुत मुद्दाको वारदातलाई भवितव्यको कोटीमा राख्न सकिँदैन । यस्तो अवस्थामा प्रतिवादीमा रहेको त्यही सम्भावनाको जानकारी नै आपराधिक कार्य पछाडिको आपराधिक मनसायका रूपमा रहेको हुने ।

कुनै आपराधिक कार्य ठीकबेठीक छुट्याउन सक्ने व्यक्तिले आफ्नो कामको परिणाम देख्न सक्ने अवस्थामा कुनै कार्य स्वतन्त्र तथा स्वेच्छाले गर्दछ र त्यसको परिणाम आपराधिक कार्य हुन्छ भने त्यहाँ मानसिक तत्त्व विद्यमान रहेको नै मानिन्छ । नाबालक, होस ठेगाना नभएको, नसाको शुरमा रहेको, ठिकबेठीक छुट्याउन नसक्ने अवस्थाको व्यक्तिले वा कुनै डर, त्रास, दबाबमा परी कसैको आज्ञा पालन गर्न वा आफ्नो कार्यको परिणाम देख्न र पूर्व अनुमान गर्न नसक्ने व्यक्तिले गरेको आपराधिक कार्यको पछाडि आपराधिक मनसाय रहेको नमानिने अवस्था पनि यसमा विद्यमान देखिँदैन । तसर्थ, यस वारदातलाई भवितव्यको संज्ञा दिन नमिल्ने ।

प्रतिवादीमा मार्नुपर्नेसम्मको कुनै रिसइवी, मनसाय नभएको लुकीचोरीकन पनि नहानेको, जोखिमी हतियार पनि प्रयोग नगरेको, दिसा गर्न भनी बोतलमा पानी लिएर हिंडेको अवस्थामा मृतक भाइसँग वादविवाद भई तत्काल उठेको रिसको झोकमा हातमा भएको बोतलले टाउकोमा प्रहार गरेको र उपचारको क्रममा सोही चोटका कारण मृत्यु भएको देखिँदा वादी नेपाल सरकारको मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. को अवस्था प्रस्तुत मुद्दामा देखिँदैन । मार्नलाई पूर्वतयारी गरी कुनै घातक हतियार लिएर गई सोही हतियारले प्रहार गरेको पनि देखिँदैन । त्यसैले प्रतिवादी प्रेम ढकाल कामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. को अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने हुँदा पुनरावेदन अदालत, दिपायलबाट मिति २०७०।४।२१ मा भएको फैसला सदर हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ साल साउन १९ गते रोज ४ शुभम् ।

## इजलास नं.९

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे**, ०६८-CR-०५००, मानव बेचबिखन तथा ओसारपसार, *निर्मला खवास वि. नेपाल सरकार*

फौजदारी मुद्दामा प्रमाणबाट कसुर नठहरिएमा आरोपित व्यक्ति निर्दोष मानिन्छ । प्रतिवादीमाथिको अभियोग शङ्कारहित तवरबाट (Beyond Reasonable Duobt) सिद्ध गर्नुपर्दछ शङ्कारहित तवरबाट आरोप पुष्टि हुन सकेन भने अभियुक्तले शङ्काको सुविधा पाउँछ । (Benefit of doubt goes to the accused) भन्ने फौजदारी कानूनको सर्वमान्य सिद्धान्तसमेत रहेको छ । अदालतमा बकपत्र गर्दा जाहेरवालाले आफ्नी छोरीलाई कसैले बेचबिखन गर्न

लागेको होइन भनी सुरू जाहेरी दरखास्तको व्यहोराको विपरीत लेखाएको र पीडित मानिएको जाहेरवालाकी छोरीले अदालतमा उपस्थित भई बकपत्र गरेको अवस्थासमेत नहुँदा विवादास्पद जाहेरी दरखास्त एवं प्रतिवादीको गैरहाजिरीमा पीडित कसुरदार ठहर गर्न न्यायोचित नदेखिँदा यी प्रतिवादी निर्मला खवासलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) अनुसार १५ वर्ष कैद र एकलाख जरीवाना भई पीडितलाई रू. ५०,०००।– क्षतिपूर्ति भराइदिने ठहर्‍याएको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको मिति २०६८।०५।२६ को फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक / प्रतिवादी निर्मला खवासले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल साउन ३१ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे**, ०६९-WO-०३५०, उत्प्रेषण, *दीपज्योती एजुकेसन फाउन्डेसन प्रा.लि.समेत वि. श्रम अदालत, अनामनगर काठमाडौंसमेत*

नागरिकलाई कानूनद्वारा प्रदान गरिएको हक हनन भएको अवस्थामा सोको प्रचलनको लागि कानूनद्वारा नै हदम्यादको व्यवस्था गरिएको हुन्छ। हकमा असर पर्ने पक्षले आफ्नो हक स्थापित गराउन कानूनले निर्दिष्ट गरेको म्याद भित्र उपचार खोज्नु पर्ने हुन्छ। कानूनले तोकेको म्यादभित्र उपचारको लागि दाबी लिएन भने त्यस्तो हनन भएको हक प्रचलन गर्ने हक समाप्त हुन्छ अर्थात हदम्याद नाघि दायर भएको मुद्दामा अदालतबाट उपचार प्राप्त हुन सक्दैन। तर रिट निवेदनबाट दिइने उपचारको लागि हद म्याद लाग्दैन। आफ्नो अतिक्रमण भएको हक प्रचलनको लागि निवेदकले उचित समयभित्र तथ्य नलुकाइ सफा हातले उपचारको माग गरेको हुनुपर्छ। उचित समय भन्ने कुरा विवादको विषय, निवेदकको अवस्था, आफ्नो हक हनन हुन गएको विषयको जानकारीसमेतका कुराहरूमा निर्भर हुने।

रिट निवेदकहरूले आफ्नो निवेदनमा अपहेलनामा आफूहरूलाई कैद जरीवाना भएको तथ्यसमेत रिट निवेदनमा उल्लेख नगरी तथ्य लुकाएको देखिन्छ। निवेदकहरू सफा हातले अदालत प्रवेश गरेकोसमेत देखिँदैन। यसरी श्रम अदालतबाट निस्केको परिणामलाई विचार गरी आफूहरू विरूद्ध भएका कामकारवाहीहरूलाई निष्क्रिय गराउने उद्देश्यबाट अदालत प्रवेश गर्ने निवेदकहरूको हकमा प्रस्तुत निवेदनबाट उपचार प्रदान गर्ने अवस्था नदेखिने। निवेदकहरूले आफूहरूउपर भएको कामकारवाही परिणाम विचार गरी आफूहरूलाई लागेको सजायसमेत निष्क्रिय गराउने उद्देश्यबाट बिलम्ब गरी प्रस्तुत रिट निवेदन दर्ता गरेको देखिएकोले निवेदकहरूको निवेदन मागका विषयहरूमा प्रवेश गर्नुपर्ने अवस्था रहेन। प्रस्तुत रिट निवेदन विलम्बको सिद्धान्तको आधारमा खारेज हुने ठहर्छ। प्रस्तुत रिट निवेदन खारेज हुने ठहरेकोले मिति २०६९।६।११।५ मा जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल साउन १८ गते रोज ३ शुभम्।

## इजलास नं. १२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा.आनन्दमोहन भट्टराई**, ०७१-WO-००४४, उत्प्रेषण / परमादेश,

*गोमा के.सी. वि. सामान्य प्रशासन मन्त्रालयसमेत*

निवेदिकाले ऐनको प्रत्यायोजित परिधिभन्दा बाहिर गई नेपाल सरकारले नियमावली बनाएको कारण निजामती सेवा नियमावली, २०५० को नियम १०१ (२)(क) निजामती सेवा ऐन, २०४९ को दफा ३९(६) सँग बाझिएको हुँदा न्यायिक पुनरावलोकन गरी नियमावलीको उक्त व्यवस्था सो हदसम्म बदर गरिपाउँ भन्ने माग लिई नियमको व्यवस्थालाई चुनौति दिन सकेको देखिएको छैन। कानूनको त्रुटि भयो भनी निवेदनमा जिकिर लिने पक्षमा नै यो यस्तो त्रुटि भयो भन्ने आधार र कारण देखाउने दायित्व र कर्तव्य हुने।

निवेदिका पतिसँग २०५७ सालमा नै अंश लिई छुट्टी भिन्न भई बसेको तथ्य मिसिल संलग्न प्रमाणबाट स्थापित भइरहेको छ भने विपक्षी विजया मृतकसँग एकासगोलमै बसेको अवस्था छ। निवेदिका गोमा र विपक्षी विजयासमेतको मृतक झपेन्द्रबहादुर केसीसँगको पति र पत्नीको नातामा समान सम्बन्ध रहे पनि एकले अर्कोलाई निभाउनु पर्ने भूमिका र दिनानुदिनको कर्तव्यबोधमा भने असमान स्थिति रहेको देखिन्छ। जो एकासगोलमा बस्छ उसैले नै एक अर्कोको सुख र दुखमा साथ र सहयोग दिन्छ भन्ने कुरा सामान्य समझबाट पनि बुझ्न सकिन्छ यसै तथ्यलाई आधार बनाई सेवामा रहँदा कसैलाई नइच्छाएको मृतक निजामती कर्मचारी झपेन्द्रबहादुर केसीको निवृत्तिभरण अधिकारपत्रको अधिकार सगोलमा बसेकी पत्नी विजया के.सी.ले पाउने गरी निजामती किताबखानाबाट भएको निर्णय निजामती सेवा ऐन र नियमावलीले निर्दिष्ट गरेको कानूनी व्यवस्थाअनुकूलकै रहे भएको देखिँदा उक्त निर्णयमा कुनै त्रुटि रहेको देखिन नआउने हुँदा मृतक निजामती कर्मचारी झपेन्द्रबहादुर केसीको एकासगोलकी कान्छी श्रीमती विजया केसीको नाममा पारिवारिक निवृत्तिभरण अधिकारपत्र बनाउने गरी निजामती किताबखानाबाट मिति २०७०।९।२२ मा भएको निर्णयमा कानूनी त्रुटि रहेको नदेखिँदा निवेदिकाको मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत निवेदन खारेज हुने ठहर्छ। निवेदन नै खारेज हुने ठहरेकोले यस अदालत एकल इजलासबाट मिति २०७१।५।९ मा जारी गरिएको अन्तरिम आदेशसमेत निष्क्रिय हुने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल साउन १८ गते रोज ३ शुभम्।

## इजलास नं. १३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ**, ०६७-CI-१५७८, रकम दिलाइ पाउँ, *काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३१ पुतलीसडक, काठमाडौंमा कार्यालयमा रहेको श्री सुपर लेमिकोट्स प्रालिको अधिकारप्राप्त सञ्चालक अशोककुमार तोदी वि. उदयश्री चिया उद्योग प्रा.लि. समेत*

वादीले गर्ने कार्यको प्रकृति खोल छाप्नेसम्म रहेको छ। सो समान प्याकिङ गर्ने खोलमा छाप्ने उद्योगको नाम डिजाइनको छाप "डाई" (Cylinder) तुरून्त निर्माण हुन नसक्ने र भारतबाट बनाई ल्याउनु पर्ने पनि देखिन्छ यस अवस्थामा सो डाई (Cylinder) निर्माण गर्नको लागि चाहिने रकम अग्रिमरूपमा लिन जरूरी हुन्छ। अन्यथा सिलिन्डर बनिसकेपछि सो सिलिन्डर अन्य कुनै व्यक्ति व्यवसायको लागि काम नलाग्ने भई खर्च अनावश्यक हुने।

प्रतिवादीको लागि "मेचीस्पेशल चिया" र "उदयश्री स्पेसल चिया" का खोलहरू निर्माण गर्न २ वटा अलगअलग सिलिन्डर आवश्यक रहेको

देखिन्छ। सो खोलमा छापिने नाम ट्रेड मार्कले व्यापारिक कारोबारको Goodwill को पनि काम गर्दछ। सम्झौता हुनुभन्दा ५ महिनाअघि प्रतिवादीले वादीको प्रालिमा राखेको डिपोजिट रकम पछि सम्झौतामा उल्लिखित खोल छापी उत्पादन गर्ने कार्यको लागि आवश्यक पर्ने डाई (Cylinder) निर्माणकै लागि डिपोजिट रहेको भन्ने कुरा नै स्वाभाविक अर्थ निस्कने।

सम्झौताबमोजिम भएका व्यापारिक कारोबारको हिसाबमा वादीले प्रतिवादीसँग लिनुपर्ने बाँकी रकम रू. १,७२,८५१।७७ रहेको भन्ने तथ्यमा विवाद देखिन नआएकोले सो बाँकी रकम वादीले प्रतिवादीबाट भराइ पाउने।

वादी दाबीबमोजिम रू.१,७२,८५१।७७ वादीले प्रतिवादीबाट भराई लिन पाउने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला उल्टी गरी वादीको दाबी रू.१,७२,८५१।७७ बाट प्रतिवादीले राखेको डिपोजिट रू.१,१६,३२४।– कट्टा गरी बाँकी हुन आउने रू.५६,५२७।७७ वादीले प्रतिवादीहरूबाट दामासाहीले भराई लिन पाउने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।६।४ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई पुनरावेदक वादीको दाबीबमोजिमको रकम रू.१,७२,८५१।७७ पुनरावेदक वादीले प्रत्यर्थी प्रतिवादीहरूबाट दामासाहीले भराई लिन पाउने।

इजलास अधिकृत: आनन्दराज पन्त
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल भदौ ७ गते रोज ३ शुभम्।

## इजलास नं. १७

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०७०-CR-०३३२, किर्ते ठगी, *नेपाल सरकार वि. पदमबहादुर गुरूङ*

प्रमाणको रूपमा जाहेरवाला रवीन क्षेत्रीले पेस गरेको दर्ता किताबमा उल्लिखित हस्ताक्षरसमेतको विवरण प्रतिवादी पदमबहादुर गुरूङको हस्ताक्षरसँग मेल नखाएको भनी केन्द्रीय विधि विज्ञान प्रयोगशालाबाट प्राप्त मिसिल संलग्न परीक्षण प्रतिवेदनबाट देखिएको र प्रतिवादी आफूले पनि इन्कारी बयान दिएको स्थितिमा किर्तेजस्तो फौजदारी अपराधमा संलग्न रहेको भनी प्रमाणित गर्ने विश्वसनीय र ठोस प्रमाणले प्रमाणित हुन नसकेको अवस्थामा अभियोग माग दाबी मात्रको भरमा सजाय गर्नु फौजदारी न्यायको सिद्धान्त अनुकूल हुन सक्दैन। तसर्थ वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी पदमबहादुर गुरूङले नक्कली सवारी दर्ता किताब बनाएको, बनाउन लगाएको वा अरूलाई त्यस्तो कार्य गर्न अह्राएको वा किर्ते कागज खडा गर्ने काममा अरू कुनै तरिकाले संलग्न भएको भन्ने प्रमाण मिसिल संलग्न रहेको देखिएन । समान तथ्य भएका मुद्दामा एवं समान विवादमा प्रतिपादित सिद्धान्त नै पछिका त्यस्तै मुद्दामा नजिरको रूपमा अवलम्बन गरिने हुँदा असमान तथ्य तथा भिन्न परिस्थिति देखिएको यस अवस्थामा उक्त नजिर प्रस्तुत मुद्दामा आकर्षित हुने देखिन नआएको हुँदा मुद्दा दोहोर्‍याउने निस्सा दिँदा लिएको आधारसँग यो इजलास सहमत हुन नसक्ने।

मिसिल संलग्न केन्द्रीय विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन तथा नक्कली दर्ता किताबसमेतमा प्रतिवादी स्वयम्ले तयार पारेको भन्ने नदेखिएको स्थिति एवं निज प्रतिवादीले कमल श्रेष्ठ भन्ने व्यक्तिबाट उक्त दर्ता किताब प्राप्त गरेको देखिएको अवस्थालगायतको आधारमा मुलुकी ऐन,

किर्ते कागजको ९ र १२ नं. बमोजिमको सजाय माग दाबीबाट सफाइ दिने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा मान्न नमिल्ने हुँदा प्रतिवादीलाई ठगीको ४ नं. बमोजिम ६ महिना कैद तथा बिगोबमोजिम रू. १,०५,०००।– जरीवानासमेत हुने र किर्ते कागजको ९ र १२ नं. बमोजिमको सजायको अभियोग माग दाबी नपुग्ने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६७।१०।२५ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।८।२८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यज्ञप्रसाद भट्टराई
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७३ साल साउन १८ गते रोज ३ शुभम्।

**पूर्ण इजलासमा पेस हुने**

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०७०-CR-०३४३, सवारी ज्यान, *नेपाल सरकार वि. परमेश्वर राउत भन्ने कुलेश्वर राउत*

**मा.न्या.श्री गोपाल पराजुलीको राय:**

प्रतिवादीको कार्य र सोबाट प्रतिवादीले बहन गर्नुपर्ने फौजदारी दायित्वबीचमा एकाकार हुनु जरूरी हुन्छ। प्रस्तुत वारदातमा गीता घिमिरे मोटरसाइकलबाट खसी लडे पनि प्रतिवादीले लापरवाहीपूर्ण तरिकाले मोटरसाइकल चलाएको देखिँदैन । लापरवाहीपूर्ण तरिका देखाई निजको कार्यद्वारा घटना घट्न गएको स्पष्ट रूपमा खुल्न नसकेको हुँदा प्रतिवादीको कार्यलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (३) अन्तर्गतको कसुर नै मान्नु पर्ने देखियो । ऐनको दफा १६१ को उपदफा ३ मा कसैको ज्यान मर्न सक्छ भन्नेजस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउँदा सवारी दुर्घटना हुन गई सवारीमा रहेको वा सवारीबाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दुईहजार रूपैयाँसम्म जरीवाना वा दुवै सजाय हुनेछ भन्ने व्यवस्था रहेको देखिन्छ । त्यसैगरी उपदफा ४ मा चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारी चलाई उपदफा (१) वा (२) बमोजिमको कसुर गरेमा निजलाई सोही उपदफाबमोजिम हुने सजायमा थप दुई हजार रूपैयाँसमेत जरीवाना हुनेछ भन्ने व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीको कार्य सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा ३ र ४ बमोजिमको कसुर अपराध हुन गई प्रतिवादीलाई पुनरावेदन अदालत हेटौंडाबाट सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (३) बमोजिम १ महिना १५ दिन कैद र रू. २,०००।- जरीवाना तथा ऐ. को उपदफा (४) बमोजिम रू. २,०००।- थप जरीवानासमेत गर्ने गरी गरेको फैसला मनासिब नै देखियो। प्रतिवादीको कार्य अभियोग दाबीबमोजिमको दायित्वअन्तर्गत परेको नदेखिँदा पुनरावेदकको पुनरावेदन जिकिर तथा यस अदालतबाट मिति २०७०।४।२८ मा मुद्दा दोहोर्‍याई हेर्न निस्सा प्रदान गरिएको आधारसँग समेत सहमत हुन नसकिँदा पुनरावेदन अदालत, हेटौडाको मिति २०६९।४।३० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसकिने।

**माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्यायको राय :**

सवारी साधन चलाउने व्यक्तिमा अनिवार्यरूपमा हुनुपर्ने सोसम्बन्धी क्षमता र योग्यताको सुनिश्चितता गरी सवारी दुर्घटनाबाट हुनसक्ने जिउ धनमाथिको सम्भावित जोखिम हटाउनका लागि नै विधायिकाले उल्लिखित कानूनी व्यवस्था गरेको हो भन्ने कुरामा विवाद हुन सक्दैन । कुनै पनि सवारी चलाउने व्यक्तिले सवारी चालक अनुमतिपत्र लिनुपर्ने गरी ऐनमा भएको उक्त व्यवस्था ऐच्छिक नभई बाध्यात्मक र अनिवार्य रूपमा पालना गर्नुपर्ने व्यवस्था भएकोले सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले सवारीसाधन चलाउन हुँदैन भन्ने कुरामा पनि कुनै विवाद हुन सक्दैन । सवारीचालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिमा सवारी साधन चलाउने योग्यता, क्षमता र ज्ञान नभएको भन्ने मानिने भएकाले त्यस्ता व्यक्तिले सार्वजनिक सडकमा सवारी चलाउँदा कसैको ज्यान मर्न सक्ने ठूलो सम्भावना रहन्छ भन्ने कुरालाई इन्कार गर्न सकिँदैन । यस अर्थमा हेर्दा सवारीचालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले सार्वजनिक सडकमा सवारी चलाउने कार्य गर्नु भनेको आफैँमा लापरवाहीपूर्ण कार्य हो । साथै त्यसरी सवारीचालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले चलाएको सवारीसाधनबाट ठक्कर लागी वा किची मानिसको ज्यान गएमा सो कार्य स्वतः लापरवाहीपूर्वक गरिएको कार्यको परिणामस्वरूप भएको भन्ने मान्नु पर्ने ।

सवारी चालक अनुमतिपत्रको अभावमा सवारी चलाएबाट सवारीमा बस्ने व्यक्तिको मृत्यु भएको वारदात आफैँमा प्रतिवादी विरूद्ध यस्तो अकाट्य प्रमाण बन्दछ जसमा कुनै व्यक्तिलाई वा आफैँलाई तत्काल अस्पताल नलगेमा निजको ज्यान जोखिममा जाने जस्ता अवस्था परेमा वा मृतक आफैले हाम्फाली आत्महत्या गरेमा वा प्रतिवादीको automation, insanity जस्ता एकाध प्रतिरक्षाबाहेक अरू प्रतिरक्षा आकर्षित हुने देखिँदैन भन्ने हिसाबले सो नजिरलाई नहेर्ने हो भने सवारी अनुमतिपत्रसम्बन्धी कानूनी व्यवस्थाको कुनै औचित्य नहुने ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (५) मा "कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागी वा दुर्घटना भई सो मानिस मर्न गएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई दुई वर्षसम्म कैद हुनेछ ।" भनी यो उपदफाले चालक अनुमतिपत्र नभएको व्यक्तिले गरेको कसुरमा सवारी धनी वा सवारी जिम्मा लिने व्यक्ति पनि सजायको भागीदार हुने व्यवस्था गरेको देखिन्छ । यो भनेको एउटाले गरेको कसुरमा अर्को व्यक्ति पनि जिम्मेवार हुने constructive crime को व्यवस्था हो । Constructive crime अचेल निन्दनीय मानिन्छ । तर सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(५) ले यसलाई स्वीकार गरेबाट चालक अनुमतिपत्रबेगर सवारी चलाई मानिस मरेको वारदातलाई ऐनले निक्कै जोखिमपूर्ण र ज्यान जाने ठूलो सम्भावना भएको वारदातको रूपमा लिएको मान्नु पर्ने ।

सवारी चालक अनुमतिपत्र नभएको अवस्थामा सवारी चलाएको कारणबाट मानिसको ज्यान मरेको वारदातमा चालकले लापरवाही गरेको छैन भन्ने निष्कर्षमा पुग्दा चालकले आखिर के कुन कारण परी सवारी चलाउने योग्यता परीक्षामा भाग नै नलिएको वा भाग लिएर अनुत्तीर्ण भएको वा अनुमतिपत्र पाएर पनि अयोग्य disqualify घोषित गरिएको भन्ने कुरा र त्यस्ता प्रतिवादीले व्यहोर्नु पर्ने सवारी

चालनसम्बन्धी स्वतः अयोग्यता एवं लापरवाहीको अनुमानलाई विस्थापित गर्ने गरी निजले कडा प्रमाण गुजार्न सके नसकेको कुरामा ध्यान दिनु आवश्यक छ । अन्यथा चालक अनुमतिपत्र नपाएका चालकले मामुली जरीवाना तिरी निर्बाधरूपमा सवारी चलाउन पाउने विचित्रको अवस्थाको सिर्जना हुन पुग्छ र सवारी दुर्घटनाको दुःखदायी परिणाम रोक्नका लागि बनेको कानून colourable legislation हुन पुगी कानून निरीह बन्न सक्ने कुराको हामीले हेक्का राख्नैपर्छ । यस्ता मुद्दामा अभियोगपत्र दायर गर्दा र फैसला गर्दा सार्वजनिक हितको पक्षलाई विचार गरी अयोग्य व्यक्तिले अयोग्यताको विचार नगरी सवारी साधन निरन्तररूपमा चलाउने कार्य गर्नु भनेको मानिसको ज्यान र सम्पत्तिमा निरन्तर खतरा पुर्‍याउने reckless कार्य हुने कुरालाई ध्यानमा राख्नु आवश्यक हुने ।

मृतकको करबलले निजलाई मोटरसाइकलमा राखेको कारणले चालकको लापरवाही नहुने भन्नु उपयुक्त हुँदैन । मृतकको अनुरोधलाई अस्वीकार गर्न प्रतिवादीलाई कुनै बाधा थिएन । मृतक वा पीडितको अनुरोध, सहमति आदि रहेको भन्ने आधारमा प्रतिवादीले कुनै कसुर वा अपराधबाट उन्मुक्ति पाउने भन्ने कुनै पनि धारणालाई फौजदारी विधिशास्त्रले स्वीकार गर्दैन । तर पुनरावेदन अदालत, हेटौंडाले त्यसलाई पनि फैसलाको आधार बनाएको देखिन्छ । यो आधार बिलकुलै गलत हो । पछाडि बस्ने गीता घिमिरे प्रतिवादीलाई अथवा मोटरसाइकलमा रहेको अन्य वस्तु समाई सुरक्षित रूपले बस्न सक्ने नसक्ने र बसे नबसेको भन्ने कुराको प्रतिवादीले नै विचार पुर्‍याउनुपर्छ । मृतक गीता घिमिरेले प्रतिवादी वा अरू कुनै सुरक्षित कुरा नसमाई मोटरसाइकलमा बसेको अवस्थामा प्रतिवादीले मोटरसाइकल चलाएमा उत्पन्न दुष्परिणामको जिम्मेवारी प्रतिवादीले नै लिनु पर्ने ।

प्रस्तुत वारदातमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) को भवितव्य वा no fault को अवस्थाको अभाव, दफा १६१(४) ले चालक अनुमतिपत्र नपाएको व्यक्तिले सवारी चलाई कसैको ज्यान गएको वारदातलाई उपदफा (१) र (२) को कसुरदारको हकमा बाहेक अरूको हकमा लागू नगरेको अवस्था, उपदफा (५) को constructive crime liability को व्यवस्था, सवारीचालकको लापरवाहीको अनुमान गर्नुपर्ने विधिशास्त्र, सो अनुमानलाई प्रतिवादीले कडा प्रमाणबाट विस्थापित गर्न नसकी मौकामा फरार रहेको र यस अदालतबाट जारी म्यादमा समेत अनुपस्थित रही आफ्नो प्रतिरक्षा गर्न नसकेको वास्तविकता एवं विजेन्द्र पोडेको मुद्दामा प्रतिपादित सिद्धान्त समेतले गर्दा प्रतिवादी विरूद्धको अभियोगदाबी पुग्ने ठहराई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम सजाय र दफा १६१(४) बमोजिम थप सजाय गर्नुपर्ने मा सो नगरी ऐं ऐनको दफा १६१(३) बमोजिम १ महिना १५ दिन कैद र रू २ हजार नगण्य जरीवाना गरेको सुरू चितवन जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।४।३० को फैसलाबाट सवारी दुर्घटनाको रोकथाम गरी मानिसको ज्यान र सम्पत्तिको सुरक्षा गर्ने ऐनको उद्देश्य पराजित हुने देखिँदा ती दुवै फैसला उल्टी भई प्रतिवादीले अभियोग दाबीको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को कसुर गरेको ठहर्छ र प्रतिवादीलाई सोही दफा १६१(२) बमोजिम २ वर्ष कैद र दफा १६१(४) बमोजिम थप रू. २ हजार जरीवानासमेत हुने ठहर्छ । माननीय न्यायाधीश गोपाल पराजुलीको रायसँग सहमत हुन नसकिने ।

इजलास अधिकृतः रामप्रसाद पौडेल
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ, रमेश आचार्य
इति संवत् २०७२ साल पुस १६ गते रोज ५ शुभम् ।